निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/- Pages-8

वर्ष २०: अङ्क: ३०१ वि.सं. २०८३, कार्तिक २८ गते, शनिवार, १४ नोभेम्बर, २०२६ POSTAL REGD NO. WB/SKM/119/2024-2026 RNI NO.SIKNEP/2007/21386 14 NOVEMBER, 2026, SATURDAY, GANGTOK

बालकबालिकाहरू राष्ट्रको धड्कन र यसको भविष्यका निर्माता हुन्: मुख्यमन्त्री

गान्तोक, १३ नोभेम्बरः मुख्यमन्त्री पीएस गोलेले स्वतन्त्र भारतका प्रथम प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूको जन्मजयन्तीको अवसरमा मनाइने बाल दिवसको पावन अवसरमा सबैमा हार्दिक अभिवादन तथा शुभकामना व्यक्त गरेका छन्।

''बालकबालिका हाम्रो राष्ट्रको धड्कन र यसको भविष्यका निर्माता हुन्। उनीहरूका सपना, जिज्ञासा र असीमित कल्पनाशीलतामा एक उज्यालो भोलिको सम्भावना लुकेको हुन्छ। उनीहरू सधैँ निर्भय भई सपना देख्न, सिर्जनात्मक रूपमा सोच्न तथा हरेक अवसरलाई आत्मविश्वास र साहसका साथ अँगाल्न प्रेरित होऊन्। सिक्किम सरकार गुणस्तरीय शिक्षा, नवीनता र सर्वाङ्गीण विकासका माध्यमबाट बालकबालिकाको क्षमता विकास गर्न प्रतिबद्ध छ। हामी यस्तो माहोल सिर्जना गर्न समर्पित



छौँ, जहाँ प्रत्येक बालकबालिकाले आत्मविश्वास, मर्यादा र उद्देश्यका साथ सिक्ने, हुर्कने र फस्टाउने समान अवसर पाऊन्, जसले उनीहरूलाई आफ्नो पूर्ण क्षमता पहिचान गर्न सक्षम बनाओस्''-मुख्यमन्त्रीले आफ्नो सन्देशमा उल्लेख गरेका छन्।

''परिवर्तनशील विश्वमा हामी आफ्ना बालकबालिकालाई परिवर्तनलाई आत्मसात गर्न, उत्कृष्टताको खोजी गर्न र करुणा, विवेक तथा इमानदारीका साथ अघि बढ्ने जिम्मेवार नागरिक बन्न मार्गदर्शन र प्रेरणा प्रदान गरौँ। यस विशेष अवसरमा सबै बालकबालिकाको संरक्षण, हेरचाह र सशक्तिकरण गर्ने हाम्रो सामूहिक दायित्वलाई पुष्टि गरौँ, किनकि हाम्रो समाज र राष्ट्रको भविष्य उनीहरूकै हातमा निहित छ। हरेक बालकबालिकाको जीवनमा खुशियाली र सुस्वास्थ्य छाओस्, अनि उनीहरूले आफ्नो प्रतिभा चम्काउने अनगिन्ती अवसरहरू प्राप्त गरून्''-मुख्यमन्त्रीले आफ्नो सन्देशमा जनाएका छन्।

३३ टोलीको सहभागितामा आजदेखि ४९औँ योनेक्स-सनराइज जुनियर राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनशिप

गान्तोक, १३ नोभेम्बरः गान्तोकस्थित पाल्जर स्टेडियमको इण्डोर हलमा १४ नोभेम्बरदेखि ४९औँ योनेक्स-सनराइज अन्तरराज्यीय तथा अन्तरक्षेत्रीय जुनियर राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनशिप शुरु हुने भएको छ। मुख्यमन्त्री पीएस गोलेको मार्गदर्शनमा सिक्किममा पहिलोपटक आयोजन हुन लागेको यस राष्ट्रियस्तरको प्रतियोगितामा देशभरिका २८ राज्य र पाँच केन्द्रशासित प्रदेशसहित कुल ३३ टोलीले सहभागिता जनाउनेछन्। प्रतियोगितामा करिब ५०० खेलाड़ीसहित प्रशिक्षक, प्राविधिक तथा अन्य अधिकारीहरू गरी ६०० भन्दा अधिकको उपस्थिति रहने जानकारी आयोजक पक्षले आज आयोजित पत्रकार सम्मेलनमार्फत गराएको छ। यस प्रतियोगिताले राष्ट्रियस्तरमा सिक्किमको खेलकुद पहिचान विस्तार गर्नुका साथै राज्यका युवा खेलाड़ीहरूलाई राष्ट्रियस्तरको प्रतिस्पर्धामा आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ।



प्रतियोगिताको उद्घाटन समारोहमा सिक्किम सरकारको खेलकुद तथा युवा मामिला विभागका मन्त्री राजु बस्नेत मुख्य अतिथिका रूपमा उपस्थित रहनेछन् भने आयोजकले दिएको जानकारी अनुसार १५ नोभेम्बरमा हुने समापन समारोहमा सिक्किम विधानसभाका अध्यक्ष एमएन शेर्पा मुख्य अतिथिका रूपमा सहभागी हुनेछन्। यसैबीच आगामी १६ नोभेम्बरदेखि जुनियर राष्ट्रिय अण्डर-१९ व्यक्तिगत च्याम्पियनशिप पनि शुरु हुनेछ, जसको फाइनल २१ नोभेम्बरमा आयोजन गरिनेछ। प्रतियोगिताको समापन अवसरमा चर्चित गायक पवनदीप राजन र पूर्ण राईको साङ्गीतिक प्रस्तुति रहने कार्यक्रम पनि तय गरिएको आयोजकले जनाएको छ। यसका अतिरिक्त विश्व ब्याडमिन्टन महासङ्घका प्रतिनिधिहरूको पर्यवेक्षणमा राष्ट्रिय ग्रेड २ अम्पायर परीक्षा पनि आजदेखि सिक्किममा शुरु भएको छ। देशभरिबाट १६ जना अम्पायर सहभागी रहेको यस परीक्षाबाट सातजना छनोट हुने जानकारी ब्याडमिन्टन एसोसिएशन अफ् सिक्किमका अध्यक्ष तथा मुख्यमन्त्रीका राजनीतिक सचिव जेकब खालिङले पत्रकार सम्मेलनमा दिएका छन्।

उनले प्रतियोगिता तथा अन्य खेलकुद गतिविधिको आयोजन गर्न आवश्यक सहयोग र मार्गदर्शन प्रदान गरेकोमा मुख्यमन्त्री, विभिन्न सरकारी विभाग तथा सहयोगी संस्थाहरूप्रति कृतज्ञता व्यक्त गरेका छन्। पत्रकार सम्मेलनमा महासचिव सुकान्त दास, वरिष्ठ उपाध्यक्ष मेयर छिरिङ पाल्देन भोटियालगायत सङ्घका अन्य पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

सिक्किमका पूर्व र वर्तमान राज्यपालबीच शिष्टाचार भेट

गान्तोक, १३ नोभेम्बरः सिक्किमका पूर्व राज्यपाल गङ्गा प्रसादले राज्यपाल दुष्यन्त गौतमसँग शुक्रवार लोकभवनमा शिष्टाचार भेट गरेका छन्। यस अवसरमा उनीहरूले एकार्काका कुशलक्षेमबारे जानकारी लिए र विभिन्न समसामयिक विषयमाथि सार्थक चर्चा गरे।

भेटको क्रममा पूर्व राज्यपालले सिक्किममा आफ्नो कार्यकालसित जोड़िएका पुराना स्मृति राज्यपालसँग साझा गरे। उनले राज्यको प्राकृतिक सुन्दरता, सामाजिक समरसता र समृद्ध सांस्कृतिक परम्पराको प्रशंसा गर्दै आफ्ना अनुभवमाथि प्रकाश पारे।

भेटको अन्तमा राज्यपालले पूर्व राज्यपाल गङ्गा प्रसादको उत्तम स्वास्थ्य, दीर्घायु र सक्रिय जीवनको मङ्गलकामना प्रेषित गरे।



राज्यपालले दिए बाल दिवसको शुभकामना



गान्तोक, १३ नोभेम्बरः बाल दिवसको अवसरमा राज्यपाल दुष्यन्त गौतमले प्रदेशका सबै नानीहरूलाई हार्दिक बधाई एवं शुभकामना दिएका छन्।

आफ्नो सन्देशमा राज्यपालले भने, ''बाल दिवसको अवसरमा म सिक्किमका सबै नानीलाई हार्दिक बधाई एवं शुभकामना दिँदछु। नानीहरू हाम्रो देशका भविष्य र समाजको सबैभन्दा अमूल्य धरोहर हुन्। उनीहरूले जिज्ञासा, कल्पनाशीलता एवं रचनात्मकता नै एक सशक्त, समृद्ध र आत्मनिर्भर राष्ट्रको जग राख्छन्।''

'विकसित भारत @२०४७' को सङ्कल्प साकार गर्न आजका नानीहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण छ। हाम्रो देशले स्वतन्त्रताको १०० वर्ष पूर्ण गर्दा आजका नानीहरू युवा शक्तिको रूपमा राष्ट्रको नेतृत्व र नवनिर्माणको जिम्मेवारी सम्हाल्ने छन्। यस्तोमा हामीले उनीहरूलाई वर्तमान समयदेखि नै गुणवत्तापूर्ण एवं आधुनिक शिक्षा, नवाचार तथा कौशल विकासको पर्याप्त अवसर उपलब्ध गराऔँ ताकि उनीहरू भविष्यका चुनौती आत्मविश्वासका साथ सामना गर्न सकुन् र वैश्विक मञ्चमा भारतको गौरव बढ़ाउन सकुन्।''

''सिक्किम राज्य नानीहरूको

➡रहल पृष्ठ ७ मा

मुख्यमन्त्रीले ब्याडमिन्टन एसोसिएशन अफ् सिक्किमका कार्यकारी सदस्यहरूसँग गरे भेट

गान्तोक, १३ नोभेम्बर (हिस): मुख्यमन्त्री पीएस गोलेले शुक्रवार आफ्नो सरकारी निवासमा ब्याडमिन्टन एसोसिएशन अफ् सिक्किमका कार्यकारी सदस्यहरूसँग भेटघाट गरेका छन्। मुख्यमन्त्रीले सामाजिक सञ्जालमार्फत जानकारी दिँदै उक्त भेटघाट आगामी ४९औँ योनेक्स-सनराइज अन्तरराज्यीय तथा अन्तरक्षेत्रीय जुनियर राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनशिप २०२६ को तयारीमा केन्द्रित रहेको बताएका छन्।

मुख्यमन्त्रीले सिक्किमले आयोजना गर्ने यस प्रतियोगितामा देशभरिका २८ राज्य र पाँच केन्द्रशासित प्रदेशसहित कुल ३८ टोलीको सहभागिता रहने जानकारी गराएका छन्। उनले यति ठूलो स्तरको राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न पाउनु सिक्किमका लागि गौरव र प्रतिष्ठाको विषय भएको बताएका छन्।

यस प्रतियोगिताले राज्यको

➡रहल पृष्ठ ७ मा



प्रकृतिप्रति शिशुको सम्बन्ध प्रगाढ़ बनाउन पर्यावरणकेन्द्रित कार्यक्रम सञ्चालन गर्दैछौँ: लेग्शे

● देव दर्जी

गान्तोक, १३ नोभेम्बरः वन तथा पर्यावरण विभागले राज्य सरकारको निर्देशनमा सरकारका ध्वजवाहक कार्यक्रमहरूमध्ये एक मेरो रूख मेरो सन्तति योजनालाई सुदृढ़ बनाउन हेतु बाल दिवसको पूर्वसन्ध्यामा विभिन्न कार्यक्रम आयोजन गर्दैछ। राज्यभरि मेरो रूख मेरो सन्तति योजनाका चिन्हित कुल ३७ वटा स्थलमा लगेर शिशु साथै उनीहरूका माता-पितालाई जागरूक गराउने कार्यक्रम निर्धारित गरिएको वन विभागका मुख्य संरक्षक (मुख्यालय) तथा विभागका प्रवक्ता कर्मा लेग्शेले शुक्रवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएका छन्। ती ३७ स्थलमध्ये मङ्गनमा नौ, गान्तोकमा पाँच, पाकिममा चार, नाम्चीमा सात, सोरेङमा छः र गेजिङमा छः वटा स्थल चिह्नित गरिएको छ।

१२ देखि १४ नोभेम्बरसम्म आयोजन गरिने उक्त कार्यक्रमअन्तर्गत् सिक्किम शिशु समृद्धि योजना (एसएसएसवाई)-का कुल ६२० जना लाभार्थीलाई पासबुक पनि प्रदान गरिने लेग्शेले बताए। ती लाभार्थीमध्ये मङ्गन जिल्लाबाट २२, गान्तोक जिल्लाबाट १८८, पाकिमबाट ५७, नाम्चीबाट १९६, सोरेङबाट १५४ र गेजिङबाट तीनजना रहेका छन्।

उनले भने, ''नाम्ची र नामथाङमा वनाग्निप्रति संवेदनशील क्षेत्र छन्। त्यहाँका बिरुवा रोपन क्षेत्रमा अग्नि रेखा निर्माण कार्यक्रम राखेका छौँ। उक्त तीन दिनमा जन्मदिन परेका नानीहरूका लागि जन्मोत्सव पनि मनाउनेछौँ। नयाँ जन्म लिएका शिशुहरूका लागि आईसीडीएस केन्द्रमा पञ्जीकरण, प्राथमिक तहका विद्यार्थीहरूलाई केन्द्र गरी स्वच्छता अभियान आयोजन गर्नेछौँ। गेजिङ जिल्लाका पीएचसीमा वन विभागका कर्मचारीले कार्यक्रम गर्दैछन्।''

लेग्शेले भने, ''नानीहरूको स्क्रिन टाइम बढ़दै गएको छ। उनीहरू मानसिकलगायत अन्य समस्यासँग जुझि रहेका छन्। त्यसर्थ उनीहरूलाई प्रकृतिप्रति जागरूक गराउन पनि यो कार्यक्रम लिएर आएका हौँ।'' उनले मानिसहरूलाई विभागलाई सहयोग गरेर कार्यक्रममा ठूलो सङ्ख्यामा अंशग्रहण गरिदिन आग्रह गरेका छन्।



पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै वन विभागका मुख्य संरक्षक कर्मा लेग्शे।

मेरो रूख मेरो सन्तति योजनाअन्तर्गत कुल ८८१५ जना पञ्जीकृत

गान्तोक, १३ नोभेम्बरः राज्यमा मेरो रूख मेरो सन्तति योजनाअन्तर्गत् कुल ८८१५ जनाले पञ्जीकरण गरेका छन्। तीमध्ये ७१८० जनाले बिरुवा रोपन गरिसकेका छन् भने १६३५ जनाले बिरुवा रोप्न बाँकी छ। नाम्ची जिल्लामा सर्वाधिक १८९५ जनाले पञ्जीकरण गरेका छन्, अर्कोतिर मङ्गनबाट सबैभन्दा कम ६७२ जनाले पञ्जीकरण गरेका छन्।

नाम्ची जिल्लामा पञ्जीकृत १८९५ जनामध्ये १६१६ जनाले बिरुवा रोपेका छन् भने २७९ जनाले बिरुवा रोप्न बाँकी छन्। गान्तोक जिल्लामा १८८४ जनाले पञ्जीकरण गरेका छन्। तीमध्ये १७७४ जनाले बिरुवा रोप्न गरेका छन् र ११० जनाले बिरुवा रोप्न गर्न बाँकी रहेको छ। पाकिममा

➡रहल पृष्ठ ७ मा

सोरेङ जिल्ला पुलिसद्वारा नकुल प्रधानलाई गार्ड अफ् अनर अर्पण

सोरेङ, १३ नोभेम्बर (आईपीआर): सोरेङ जिल्ला पुलिसले शुक्रवार सोरेङ जिल्लाका वरिष्ठ पुलिस अधीक्षक (एसएसपी) नकुल प्रधानलाई उनको हालै भएको पदोन्नति र नयाँ पदभार ग्रहण गरेपछि सोरेङस्थित जिल्ला प्रशासनिक केन्द्र (डीएसी)-मा एक औपचारिक गार्ड अफ् अनर अर्पण गरेको छ।

वरिष्ठ पुलिस अधीक्षक (एसएसपी)-को पदमा उनको पदोन्नति भएको उपलक्ष्यमा सम्मान र मान्यतास्वरूप सोरेङ जिल्ला पुलिसका जवानहरूद्वारा यो औपचारिक गार्ड अफ् अनर प्रस्तुत गरिएको थियो।

यस अवसरमा सोरेङका जिल्लापाल धीरज सुवेदी, एएसपी (सोरेङ) परशुराम शर्मा, महकुमा अधिकारी (सोरेङ) सकछुम लेप्चा, एसडीपीओ (सोरेङ) छेवाङ डी भोटिया, एसडीपीओ (मङ्गलवारे) तारा शर्माका साथै विभिन्न विभागका प्रमुख, कार्यालय प्रमुख, एसएचओ (एसएचओ) तथा पुलिस विभागका अधिकृत र कर्मचारीहरूको उपस्थिति रहेको थियो।



जीटीए र दार्जीलिङ नगरपालिकामा भ्रष्टाचार भएको आरोपमा गोजमुमोले च्याली निकाल्ने

दार्जीलिङ, १३ नोभेम्बरः गोर्खा जनमुक्ति मोर्चाले शुक्रवार दार्जीलिङमा २६ नोभेम्बरमा च्याली आयोजना गर्ने घोषणा गरेको छ। यस च्यालीको उद्देश्य गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) र दार्जीलिङ नगरपालिकामा कथित भ्रष्टाचार तथा अनियमितताको छानबिनको माग गर्नु हो।

मोर्चाको एक प्रतिनिधिमण्डलले आज जिल्ला प्रशासनका अधिकारीहरूसँग भेट गरी आफ्ना मागहरू समेटिएको ज्ञापन-पत्र बुझाएको छ। मोर्चाकी प्रवक्ता बिनिता रोकाले भनिन्, ''हामीले जिल्ला अधिकारीहरूलाई भेटेर हाम्रा मागबारे जानकारी गरायौँ। जीटीए र दार्जीलिङ नगरपालिकामा गम्भीर भ्रष्टाचार भएको छ। हामी प्रशासनले सुधारात्मक कदम चाल्ने प्रतीक्षा गर्नेछौँ। यदि त्यसो नभएमा हामी २६ नोभेम्बरमा एक विशाल च्याली आयोजना गर्नेछौँ।''

भारतीय जनता पार्टी (भाजपा)-सँग गठबन्धनमा रहेको यस दलले पहाड़ी परिषद्मा भएको भनिएको भ्रष्टाचारको केन्द्रिय स्तरबाट छानबिन हुनुपर्ने माग अघि सारेको छ।

रोकाले थप आरोप लगाउँदै भनिन्, ''जीटीएका पूर्व सभासद्, कार्यकारी सदस्य र केही कर्मचारी 'कट मनी', अनियमितता र भ्रष्टाचारमा संलग्न छन्।'' यो भ्रष्टाचार 'अमृत' र 'जल जीवन मिसन' परियोजनाहरूको कार्यान्वयनका क्रममा भएको उनको दाबी छ।

यस विषयलाई सम्बोधन गर्न भाजपा सरकारले कुनै ठोस पहल नगरेकोमा पार्टीले दुःख व्यक्त गरेको छ। रोकाले भनिन्, ''हामीले जुलाई महिनादेखि नै दार्जीलिङ जिल्ला प्रशासन र पश्चिम बङ्गाल सरकार (मुख्यमन्त्री तथा शुभेन्दु अधिकारीसहित) लाई ज्ञापनपत्र बुझाउँदै आएका छौँ। तर, अहिलेसम्म कुनै प्रगति भएको छैन। हामीले भ्रष्टाचारका प्रमाणहरू जुटाउन आफ्नै तर्फबाट स्थलगत अनुगमन गरेका छौँ र हाम्रा निष्कर्षहरू राज्य सरकार तथा मुख्यमन्त्रीसमक्ष प्रस्तुत गरेका छौँ।''

उनले अझ भनिन्, ''अगस्त महिनामा मुख्यमन्त्रीले हामीलाई छानबिन शुरु गर्ने आश्वासन दिएका थिए। तर, वर्ष सकिन लाग्दा पनि त्यो आश्वासन पूरा भएको छैन।''

उनले विभिन्न क्षेत्रमा गरिएको स्थलगत अनुगमनबाट प्राप्त जानकारीअनुसार सन् २०२१ मा 'वर्क अर्डर' (कार्य आदेश) जारी गरिएको २०५ करोड़ रुपियाँको 'अमृत' परियोजना अहिलेसम्म कार्यान्वयन नै नभएको, जबकि सरकारी अभिलेखमा भने काम भएको देखाइएको बताइन्। ''आधिकारिक अभिलेखअनुसार यस परियोजनाबाट करिब १ लाख ६१ हजार घरपरिवार लाभान्वित हुने प्रस्ताव गरिएको थियो, जसमध्ये ७६ हजार घरपरिवारका लागि रकम समेत स्वीकृत भइसकेको छ। तर, हाम्रो स्थलगत अवलोकनले के देखाउँछ भने यस परियोजनामार्फत एउटा पनि घरपरिवारले खानेपानी पाएका छैनन्''-रोकाले आरोप लगाइन्।

''हामीलाई आशा छ, पश्चिम बङ्गालमा भाजपाको नेतृत्वमा रहेको नयाँ सरकारले पहाड़ी क्षेत्रका लागि कुनै अन्याय वा पूर्वाग्रह बिना काम गर्नेछ। भाजपा हाम्रो सहयोगी हो र हामीले उनीहरूबाट काम हुनेमा विश्वास राखेका छौँ। यद्यपि, यदि

➡रहल पृष्ठ ७ मा

प्रधानमन्त्रीले कर्नाटकको बेङ्गलुरुमा १५,६०० करोड़ रुपियाँभन्दा अधिक मूल्यका विभिन्न विकास परियोजनाहरूको उद्घाटन गरे



राष्ट्रको विकास यात्रामा पूर्वाधारले महत्त्वपूर्ण भूमिका खेल्छ र उद्योगका लागि नयाँ अवसरहरू सिर्जना गर्छ: प्रधानमन्त्री

नयाँ दिल्ली: १३ नोभेम्बर: प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रवार कर्नाटकको बेङ्गलुरुमा १५,६०० करोड रुपियाँभन्दा अधिक मूल्यका विभिन्न विकास परियोजनाहरूको उद्घाटन गरे, राष्ट्रलाई समर्पित गरे, आधारशिला राखे तथा परियोजनाहरूको शुरुआत गरेका छन्। यस अवसरमा उपस्थित जनसमूहलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले कन्नड भाषामा अभिवादन व्यक्त गरे। उनले शहरकी आराध्य देवी अन्नम्मा ताई र नादाप्रभु केम्पेगोडाप्रति श्रद्धा अर्पण गर्दै आजको दिन बेङ्गलुरु र कर्नाटकको विकास यात्रालाई नयाँ गति दिने अवसर भएको बताए। यसमा सम्पर्क सञ्जाल र ऊर्जा सुरक्षासँग सम्बन्धित परियोजनाहरू सामेल छन्।

मेट्रो र रेलसँग सम्बन्धित परियोजनाहरूदेखि लिएर ऊर्जा सुरक्षाका कार्यहरूसम्म, यी सबै परियोजनाहरूले कर्नाटकको पूर्वाधारलाई नयाँ शक्ति प्रदान गर्नेछन्, मोदीले जोड़ दिए। पूर्वाधार र मजबुत सम्पर्क सञ्जालले प्रगति, रोजगारी र उद्योगका नयाँ अवसरहरू सिर्जना गर्ने कुरामा जोड दिँदै प्रधानमन्त्रीले कर्नाटकका जनतालाई भर्खरै शुरु गरिएका परियोजनाहरूका लागि शुभकामना व्यक्त गरे। उनले भने, यी परियोजनाहरूले मविकसित कर्नाटकफ को माध्यमद्वारा मविकसित भारतफ निर्माणको अभियानलाई नयाँ गति दिनेछन् र साथै मटेक सिटीफ (प्रविधि शहर) को रूपमा बेङ्गलुरुको पहिचानलाई अझ बलियो बनाउनेछन्।

केही समयअघि बेङ्गलुरु मेट्रोको नयाँ पिङ्क लाइनको उद्घाटन गरिएको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्रीले बताए अनुसार यो करिडोरले आईआईएम बेङ्गलुरु, विभिन्न शैक्षिक संस्थाहरू तथा शहरभरि रहेका प्रमुख व्यापारिक, प्राविधिक र व्यावसायिक केन्द्रहरूसम्मको पहुँचमा उल्लेखनीय सुधार ल्याउनेछ। प्रधानमन्त्री मोदीले भने, यसबाट बेङ्गलुरुका लाखौँ मानिसहरूलाई आवतजावतमा सहजता मात्र हुनेछैन, तर उनीहरूको समय र पैसाको पनि बचत हुनेछ।

यस क्षेत्रसँग गहिरो आत्मीय सम्बन्ध राख्ने स्वर्गीय अनन्त कुमारको हिजो मपुण्य तिथिफ (स्मृति दिवस) परेको कुरा स्मरण गर्दै प्रधानमन्त्रीले उनीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरे। प्रधानमन्त्री मोदीले भने, आज यो मेट्रो लाइन देख्दा उनको आत्मा पनि पक्कै खुशी भएको हुनुपर्छ।

बेङ्गलुरुलाई भारतको सिलिकन भेल्लीको रूपमा वर्णन गर्दै–जसले देशको कुल आईटी निर्यातको एक तिहाइभन्दा अधिक योगदान पुर्याउँछ र नवप्रवर्तन तथा आर्थिक वृद्धिको मुख्य चालकको रूपमा काम गर्छ–प्रधानमन्त्रीले भने, केन्द्र सरकारले बेङ्गलुरु क्षेत्रको तीव्र विकासलाई प्राथमिकता दिएको छ, उनले बताए अनुसार सन् २०१४ मा १७ किलोमिटर मात्र रहेको नम्मा मेट्रोलाई विस्तार गरेर आज १०० किलोमिटरभन्दा बढ़ी पुर्याइएको छ। यससँगै, दिल्ली–एनसीआर र मुम्बई महानगर क्षेत्रपछि १०० किलोमिटर मेट्रो सञ्जालको कोसेढुङ्गा पार गर्ने बेङ्गलुरु भारतको तेस्रो शहर बनेको छ। प्रधानमन्त्री मोदीले जोड़ दिँदै भने, नम्मा मेट्रोको यो सफलता जीवनयापनमा सहजता र यात्रामा सहजता सम्बन्धी देशको नयाँ सोचको परिणाम हो, साथै यो मध्यमवर्गीय परिवारहरूको जीवनस्तर सुधार्ने देशको प्रतिबद्धताको नतिजा पनि हो।भारतीय रेलले औपनिवेशिक युगको मानसिकता त्यागेर एउटा नयाँ विरासत निर्माण गरिरहेको बताउँदै प्रधानमन्त्रीले मवन्दे भारतफ रेल र मअमृत भारतफ स्टेशनहरूमार्फत भारतीय पहिचान झल्काउने प्रयास भइरहेको उल्लेख गरे। यस अन्तर्गत कर्नाटकका ६० भन्दा बढ़ी स्टेशनहरू (जसमा चामराजनगर, चिक्कमगलुरु, सकलेशपुर र सुब्रह्मण्य रोड समावेश छन्) पर्दछन्। प्रधानमन्त्रीले यी स्टेशनहरूले आधुनिकता र संवेदनशीलताको सन्तुलन मिलाउँदै ज्येष्ठ नागरिक तथा दिव्याङ्गजनका लागि विशेष सुविधाहरू उपलब्ध गराएको कुरामा जोड़ दिए। प्रधानमन्त्री मोदीले भने, पहिले विमानस्थलहरूमा मात्र पाइने सुविधा अहिले रेल स्टेशनहरूमा पनि गरिब तथा मध्यमवर्गीय परिवारहरूका लागि उपलब्ध गराउने प्रयास भइरहेको छ।

पछिल्ला १० देखि १२ वर्षमा भारतको रेल बजेट धेरै गुणा बढेको र कर्नाटकका लागि छुट्याइएको बजेटमा नौ गुणा वृद्धि भएको कुरा औंल्याउँदै प्रधानमन्त्रीले जानकारी दिए अनुसार आज कर्नाटकले चार अमृत स्टेशन र दुईवटा रेलमार्ग दोहोरोकरण तथा विद्युतीकरण परियोजनाहरू प्राप्त गरेको छ। साथै, पहिलो मवन्दे भारत स्लिपरफ रेल पाएको केही दिनमै कर्नाटकलाई गोवा जोड्ने अर्को नयाँ मवन्दे भारतफ रेल पनि प्राप्त भएको छ। श्री मोदीले भने, यस रेलमार्फत मेङ्गलुरु लगायत कर्नाटकको सम्पूर्ण तटीय क्षेत्रका यात्रुहरूले मसेमी–हाई–स्पीडफ (अर्ध–तीव्र गतिको) रेलको नयाँ अनुभव लिन पाउनेछन्।

इरान र खाडी क्षेत्रमा चलिरहेको द्वन्द्वले ऊर्जा सुरक्षाको महत्त्वलाई प्रस्ट पारेको बताउँदै प्रधानमन्त्रीले भने, पछिल्लो एक दशकमा चालिएका कदमहरूका कारण भारतले यो चुनौतीपूर्ण समयलाई सफलतापूर्वक पार गर्न सकेको छ। यी कदमहरूमा पेट्रोल, डिजेल र एलपीजीको उत्पादन विस्तार, कच्चा तेलको भण्डारण क्षमता वृद्धि, सौर्य, जल तथा वायु ऊर्जाको विकास, रेलमार्गको लगभग पूर्ण विद्युतीकरण र मेट्रो सञ्जालको विस्तार सामेल छन्। उनले कर्नाटकका तीन नयाँ परियोजनाहरूबारे पनि विस्तृत जानकारी दिए: ८०,००० मेट्रिक टन भण्डारण क्षमता थप्ने ममेङ्गलुरु एलपीजी परियोजनाफ, पेट्रोल, डिजेल र हवाई इन्धनको आपूर्तिलाई सहज बनाउने मदेवानगोन्थी मार्केटिङ टर्मिनलफ, र दैनिक १३ टन बायोग्यास उत्पादन गर्ने मबेङ्गलुरु सीबीजी प्लान्टफ। प्रधानमन्त्री मोदीले भने, यसले फोहोर व्यवस्थापनमा सुधार ल्याउनेछ र प्राकृतिक ग्यास आयातमा खर्च हुने रकमको पनि बचत हुनेछ। चिप्सदेखि लिएर जहाजसम्म र एआई तथा डेटा सेन्टरदेखि लिएर क्वान्टम कम्प्युटिङसम्मका नयाँ प्रविधिहरूमा विश्वव्यापी नेतृत्व हासिल गर्ने भारतको प्रयासमा भरपर्दो विद्युत उत्पादन अपरिहार्य रहेको कुरामा जोड दिँदै प्रधानमन्त्रीले स्वच्छ ऊर्जाका लक्ष्यहरू प्राप्त गर्न देशले आफ्ना परमाणु ऊर्जा केन्द्रहरूको विस्तार गरिरहेको बताए। आज भारतको नवीकरणीय ऊर्जा क्षमता ३०० गिगावाटभन्दा बढी पुगेको छ, प्रधानमन्त्री मोदीले भने।

केन्द्रीय योजनाहरूले भारतीय नागरिकहरूलाई विद्युत उपभोक्ताबाट विद्युत उत्पादकमा रूपान्तरण गरिरहेको कुरा औंल्याउँदै प्रधानमन्त्रीले जानकारी दिए अनुसारफमीएम सूर्य घर मुफ्त बिजुली योजनाफअन्तर्गत देशभरका ६० लाखभन्दा अधिक परिवारहरूले – जसमा कर्नाटकका ४०,००० भन्दा अधिक परिवारहरू सामेल छन् – आफ्नो घरको छतमा सोलार प्लान्ट जडान गरेका छन्। यसका लागि उनीहरूलाई प्रति परिवार करिब ८०,००० रुपियाँको केन्द्रीय सहयोग उपलब्ध गराइएको छ। साथै, कर्नाटकका किसानहरूका लागि मपीएम कुसुम योजनाफ को माध्यमद्वारा ८ लाखभन्दा अधिक सोलार पम्पहरू जडान गरी सिँचाइको व्यवस्था मिलाइएको छ, जसले विद्युत खर्च घटाउनुका साथै नयाँ आम्दानी र रोजगारीका अवसरहरू सिर्जना गरिरहेको छ। यसको अर्थ, कर्नाटकका मअन्नदाताफ (किसानहरू) अब मऊर्जादाताफ पनि बन्दैछन्, प्रधानमन्त्री मोदीले भने।

सन् २०१४ पछि मसबका साथ, सबका विकासफ को सङ्कल्पका साथ राष्ट्रिय स्तरमा गरिएको उद्देश्यमूलक कार्यान्वयन, जनसहभागिता र करदाताको पैसाको उचित उपयोगले मध्यम वर्गको विस्तार गरेको छ। यसले एउटा यस्तो नयाँ मआकांक्षी वर्गफ जन्माएको छ, जसले घरेलु उपकरणहरू, दुईचक्के सवारी साधन, गुणस्तरीय शिक्षा, पोषण, स्वास्थ्य सेवा र पर्यटनजस्ता सुविधाहरूको खोजी गरिरहेको छ। प्रधानमन्त्रीले औंल्याए अनुसारयी बढ्दो आकांक्षाहरूले अटोमोबाइल, इलेक्ट्रोनिक्स, पर्यटन र सेवा क्षेत्रमा नयाँ औद्योगिक तथा रोजगारी वृद्धिलाई अघि बढाइरहेका छन्, जसले गर्दा यो मनयाँ मध्यम वर्गफ भारतको आर्थिक विकासको एक प्रमुख चालक शक्ति बनेको छ। कर्नाटक र विशेष गरी बेङ्गलुरुमा ठूलो सङ्ख्यामा रहेका यो मनयाँ मध्यम वर्गफ को हितलाई केन्द्र सरकारले आफ्ना प्राथमिकताहरूमा राखेको छ, प्रधानमन्त्री मोदीले स्पष्ट पारे।

केन्द्र सरकारले मध्यम वर्गको बचत बढाउन र उनीहरूको हातमा खर्चयोग्य आम्दानी बढाउन निरन्तर काम गरिरहेको बताउँदै प्रधानमन्त्रीले विभिन्न उपायहरूको चर्चा गरे। यसमा १२ लाख रुपियाँसम्मको वार्षिक आम्दानीलाई आयकरबाट मुक्त गर्नु, ज्येष्ठ नागरिक र घर भाडाबाट आम्दानी गर्नेहरूलाई फाइदा पुग्ने गरी टीडीएस नियमहरूमा संशोधन गर्नु र जीएसटीमा गरिएको सुधारको माध्यमद्वारा दैनिक उपभोग्य वस्तुहरूको लागत घटाउनु जस्ता कदमहरू समावेश छन्। व्यक्तिगत स्वास्थ्य तथा जीवन बीमामा लाग्ने जीएसटी हटाएर हामीले बीमालाई अझ किफायती बनाएका छौं, प्रधानमन्त्री मोदीले उल्लेख गरे।

कर्नाटकमा आज शुरु गरिएका परियोजनाहरूले राष्ट्रको विकास यात्रालाई अझ तीव्र बनाउने कुरा बताउँदै र त्यहाँका जनतालाई शुभकामना दिँदै आफ्नो सम्बोधन टुङ्ग्याउने क्रममा प्रधानमन्त्रीले मध्यमवर्गीय परिवारहरूलाई सशक्त बनाउने सरकारको प्रतिबद्धतामा जोड दिए। हाम्रो प्रयास के छ भने मध्यम वर्गको बचत बढोस्, उनीहरूको क्रयशक्ति बलियो होस् र उनीहरूले आफ्ना परिवारका सपनाहरू पूरा गर्नुका साथै देशको आर्थिक प्रगतिमा पनि साझेदार बन्न सकून्, मोदीले भने।

यसैबीच, बुधवार दिउँसो अभिषेकले आफ्नो सामाजिक सञ्जालमा एउटा भिडियो पोस्ट गर्दै पुलिसमाथि गम्भीर आरोप लगाएका थिए। उनले पुलिसका गाड़ीमार्फत आफ्नो घरबाहिर निगरानी (रेकी) भइरहेको दाबी गरेका थिए। यस सम्पूर्ण कारबाहीलाई लिएर हालसम्म कालीघाट टीएमसी वा अभिषेकको तर्फबाट कुनै आधिकारिक प्रतिक्रिया आएको छैन।

बङ्गालमा सरकारी कर्मचारीहरूको छुट्टी घटाउने तयारीमा शुभेन्दु अधिकारी

कोलकाता, १३ नोभेम्बर (हिस): बात कम, काम अधिकको सिद्धान्तलाई पछ्याउँदै पश्चिम बङ्गालको नयाँ सरकारले राज्यमा कार्य संस्कृतिलाई फिर्ता ल्याउने तयारी गरिरहेको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्यको विकासका लागि कर्मचारीहरूले काममा ध्यान केन्द्रित गर्नुपर्ने कुरा धेरैपटक स्पष्ट पारिसकेका छन्। यस दिशामा एक कदम चाल्दै राज्य सरकारले सरकारी बिदाको सङ्ख्या घटाएर कार्य दिवस बढ़ाउने विचार गरिरहेको छ। यसबीच मुख्यमन्त्रीले कड़ा शब्दमा टिप्पणी गरेका छन्, लगातार हुने छुट्टीहरूको कारणले सम्पूर्ण राज्य शीतनिन्द्रामा गएको छ।

काली पूजा र भाइ दूजको बिदापछि शुक्रवार सरकारी कार्यालयहरू खोलिए। सोही दिन राज्य सचिवालय नवन्नामा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै मुख्यमन्त्रीले बताए, राज्यमा आउँदो वर्षको लागि सरकारी बिदाको क्यालेण्डर तयार गर्ने काम भइरहेको छ तथा चाँड़ै नै सार्वजनिक गरिनेछ। सामान्यतया अर्को वर्षको छुट्टी क्यालेण्डर दिसम्बर महिनामा जारी गरिनेछ। क्यालेण्डर सार्वजनिक हुनअघि नै सरकारी बिदाको बारेमा मुख्यमन्त्रीले गरेका यो टिप्पणीलाई निकै महत्त्वपूर्ण मानिएको छ।

हाल राज्यमा सरकारी बिदाको सङ्ख्या करिब ५० दिन छ भने वर्ष २०२५– मा यो सङ्ख्या ५० भन्दा बढ़ी थियो। प्रत्येक वर्ष वित्त विभागले यी बिदाहरूको सूची तयार गर्छ। सूत्र अनुसार शुरुमा वित्त विभागले ४५ दिनको बिदाको मस्यौदा सूची दिएको थियो, तर अहिले सरकारले यसलाई घटाएर ४० दिनमा झार्ने विचार गरिरहेको छ। पुरानो सूचीबाट कुन बिदाहरूसाई हटाइनेछ, अन्तिम निर्णय हुन सकेको छैन। मुख्य चाड़पर्वहरूको संयोजनमा दिइएका अतिरिक्त बिदाहरू रद्द हुनसक्ने विश्वास गरिएको छ।

राज्य प्रशासनको सूत्रको भनाइ छ, शीर्ष अधिकारीहरूको एउटा वर्गको पनि मान्यता छकि विगत १५ वर्षमा केही यस्ता सरकारी बिदाहरू शुरु गरिएको छ जुन वास्तवमै अनावश्यक छन्। यस विषयमा शुक्रवार पछिल्लो सरकारलाई लक्षित गर्दै मुख्यमन्त्रीले भने, पछिल्लो सरकारको सोच थियो कि महँगी भत्ता नदिने, न त वेतन आयोग लागू गर्नुछ, त्यसैले काम कम गरियोस् ताकि फाइलहरू पनि थोरै मात्र जमा होस्।

स्मरण गराइन्छ, पूर्ववर्ती तृणमूल कङ्ग्रेस सरकारको कार्यकालमा विभिन्न धार्मिक तथा सामाजिक कार्यक्रमहरूसँगसँगै महान व्यक्तित्वहरूको जन्म जयन्तीहरूमा बिदाको सूची निकै लामो बनाइएको थियो। ठाकुर पञ्चानन बर्माको जन्म जयन्ती, शिवरात्रि, शब–ए–बारात, हरिचन्द ठाकुरको जन्मजयन्ती, बिरसा मुण्डाको जन्मजयन्ती तथा करम पूजा जस्ता अवसरहरूमा बिदा दिन थालियो। साथै वाम मोर्चाको समयमा षष्ठीदेखि लक्ष्मी पूजा पछिको दिनसम्म दुर्गा पूजाको बिदा शुरु भयो, तर तृणमूल सरकारको समयमा राज्यका सरकारी कार्यालयहरूमा चतुर्थीदेखि बिदा शुरु भयो। पहिला काली पूजामा केवल एक दिनको बिदा हुन्थ्यो जसलाई लगातार भाइ दूजसम्म बढाइएको थियो। त्यसैगरी पहिले जमाई षष्ठीमा कुनै बिदा थिएन, तर पछि आधा दिनको बिदा शुरु गरियो। छठ पूजा जुन पहिला केवल सम्बन्धित समुदायको लागि मात्र छुट्टी थियो जसलाई सबैका लागि सार्वजनिक बिदा घोषणा गरियो। सरकारी सूत्र अनुसार अब प्रणालीलाई सुधार गर्ने तथा कार्य संस्कृतिलाई फिर्ता ल्याउने उद्देश्यले छुट्टी क्यालेण्डरमा ठूलो फेरबदल गर्ने योजना बनाइरहेको छ।

अमित शाहसँग डा.सञ्जय निषादको भेट, वर्ष २०२७ को चुनाउबारे छलफल



नयाँ दिल्ली, १३ नोभेम्बर (हिस): निषाद पार्टीका राष्ट्रिय अध्यक्ष तथा उत्तर प्रदेश सरकारका मन्त्री डा. सञ्जय निषादले शुक्रवार केन्द्रिय गृहमन्त्री अमित शाहसँग नयाँ दिल्ली स्थित उनको निवासमा शिष्टाचार भेट गरेका छन्। यस क्रममा निषाद समुदायसँग सम्बन्धित विभिन्न मुद्दा, पार्टीका पदाधिकारीसँग सम्बन्धित विषय तथा आगामी उत्तर प्रदेश विधानसभा चुनाउबारे विस्तृत छलफल भएको छ। डा.सञ्जय निषादले समुदायका मागसँग सम्बन्धित पत्र समेत गृहमन्त्रीलाई बुझाएका छन्। भेटका क्रममा साल २०२७ को विधानसभा चुनाउमा निषाद पार्टी र भारतीय जनता पार्टी (भाजपा) बीचको गठबन्धन अन्तर्गत मिलेर चुनाउ लड्ने, चुनाउ जित्ने रणनीति तथा राजनीतिक समीकरणबारे सकारात्मक छलफल भयो। सञ्चारमाध्यमसँग कुरा गर्दै डा. सञ्जय निषादले अमित शाहको आशीर्वाद र मार्गदर्शन निषाद पार्टीका लागि सधैँ महत्वपूर्ण रहेको बताए।

उनले अमित शाहसँगको भेटमा समुदायको हित तथा सङ्गठनसँग सम्बन्धित विषयमा सार्थक छलफल भएको जानकारी दिए। डा.सञ्जय निषादले साल २०२७ मा उत्तर प्रदेशमा एनडीएको सरकार प्रचण्ड बहुमतका साथ गठन हुने विश्वास व्यक्त गरे। उनले दुई नेताबीच भेट हुँदा राजनीतिक विषयमा छलफल हुनु स्वाभाविक भएको बताए। आगामी विधानसभा चुनाउलाई लिएर भएको छलफल पनि यही राजनीतिक प्रक्रियाको हिस्सा रहेको उनको भनाइ थियो।

उनले निषाद समुदायको हितको रक्षा गर्नु तथा समुदायसँग सम्बन्धित मुद्दाहरूको समाधान गर्नु पार्टीको प्राथमिकता रहेको बताए। भाजपासँग समन्वय र सहकार्य गर्दै आगामी चुनाउमा एनडीएको जित सुनिश्चित गर्ने दिशामा सकारात्मक प्रयास भइरहेको उनले जानकारी दिए। यस शिष्टाचार भेटका क्रममा निषाद पार्टीका राष्ट्रिय संयोजक तथा पूर्वसांसद प्रवीण निषाद र विधायक सरवन निषाद पनि उपस्थित थिए।

सिन्हाले दुई जवानको शहादतप्रति शोक व्यक्त गरे

जम्मू, १३ नोभेम्बर (हिस): उपराज्यपाल मनोज सिन्हाले शुक्रवार जम्मू–कश्मीर पुलिसका दुई बहादुर जवान बाबी चन्द र रशपाल कुमारको शहादतप्रति गहिरो दुःख व्यक्त गरे। यी सैनिकहरूले किश्तवाड़मा आफ्नो कर्तव्य निर्वाह गर्दा–गर्दै देशको लागि आफ्नो ज्यान दिए। एक्समा एउटा पोस्ट जारी गर्दै उपराज्यपालले भने, ''जम्मू कश्मीर पुलिसका बहादुर जवानद्वय बाबी चन्द र रशपाल कुमारको शहादतबाट म निकै दुःखी छु।

उनीहरूले किश्तवाड़मा आफ्नो कर्तव्य निर्वाह गर्दा–गर्दै आफ्नो जीवन बलिदान दिए। म यो कायरतापूर्ण आक्रमणको कड़ा निन्दा गर्दछु। उनको साहस, अटुट समर्पण एवं राष्ट्रप्रतिको निःस्वार्थ सेवालाई सधैँ स्मरण गरिने उनले बताए। शोकको यस घड़ीमा म उनीहरूको परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दछु। हामी यो कठिन समयमा उनीहरूसँग दृढ़तापूर्वक उभिएका छौं। दुईजना एसपीओहरू (विशेष पुलिस अधिकारीहरू) बुधवार दिउँसो आफ्नो शिविरबाट धरना–मारवाहमा रहेको भारतीय सेनाको चौकीमा ड्युटीमा जाँदै गर्दा बेपत्ता भएका थिए। उनीहरूका शव बिहीवार बिहान दच्छनको जङ्गलमा फेला परेको थियो।

मुख्यमन्त्री शुभेन्दु अधिकारीको घोषणा

'आवास योजनाका लाभार्थीहरूले पाउनेछन् अतिरिक्त सहयोग र सस्तो बालुवा'



कोलकाता, १३ नोभेम्बर (हिस): पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले शुक्रवार 'पश्चिम बङ्गाल आवास योजना' अन्तर्गत ७ लाख १७१ लाभार्थीहरूको ब्याङ्क खातामा दोस्रो किस्ताको ६०–६० हजार रुपियाँ जारी गरे। दुवै किस्तलाई मिलाएर लाभार्थीहरूले १ लाख २० हजार रुपियाँ पाइरहेका छन्। निर्माण सामग्रीको बढ्दो मूल्यको कारणले हाल यति पैसामा घर निर्माण गर्न निकै गाह्रो पर्छ जसलाई मध्यनजर गर्दै उनले जिल्ला अधिकारीहरूलाई निर्देश दिए, यस योजना तथा प्रधानमन्त्री आवास योजना अन्तर्गत घर बनाउनेहरूका लागि बालुवाको मूल्य १२०० रुपियाँभन्दा बढ़ी हुनु हुँदैन। मुख्यमन्त्रीले भवन निर्माण सामग्री जस्तै बालुवा, रड र सिमेन्टजको महँगोको उल्लेख गर्दै लाभार्थीहरूका लागि केही अन्य राहतहरूको पनि घोषणा गरे। उनले बताए, घर बनाउनेहरूलाई ३० हजार रुपियाँको अतिरिक्त सहायता दिइनेछ। यसको साथै स्वच्छ भारत अभियान अन्तर्गत शौचालय निर्माण गर्नको लागि १२ हजार रुपियाँ छुट्टै दिइने छ। मुख्यमन्त्रीले सहमति जनाउने लाभार्थीहरूलाई पनि 'प्रधानमन्त्री सूर्य घर योजना'सँग जोड्न जिल्ला मेजिस्ट्रेट तथा खण्ड विकास अधिकारीहरूलाई निर्देश दिए। यस सौर्य ऊर्जा योजना अन्तर्गत १०० यूनिटमा ३० हजार रुपियाँ, २०० यूनिटमा ६० हजार रुपियाँ तथा ३०० यूनिटमा ७८ हजार रुपियाँ छुटको प्रावधान छ। यसबाहेक, राज्य सरकारले एससी र एसटी लाभार्थीहरूलाई १५,००० रुपियाँको अतिरिक्त अनुदान पनि प्रदान गर्नेछ। विपक्षीलाई लक्षित गर्दै मुख्यमन्त्री शुभेन्दु अधिकारीले भने, राजनीतिक कारणले गर्दा राज्यमा भाजपा सत्तामा आएमा लाभार्थीहरूले दोस्रो किस्ताको पैसा पाउने छैनन् भन्ने भ्रम जनतामा फैलिएको थियो। आफ्नो सरकारले आज सात लाख लाभार्थीहरूलाई पैसा दिएर यो दाबी गलत साबित गरेको छ। पूर्ण पारदर्शिता कायम राखेर तथा नक्कली लाभार्थीहरूलाई हटाएर अहिलेसम्म १७ लाख २० हजार वास्तविक लाभार्थीहरूलाई दोस्रो किस्ता दिइएको मुख्यमन्त्रीले जानकारी दिए। उल्लेखनीय छ, पछिल्लो तृणमूल कङ्ग्रेस सरकारको कार्यकालमा तत्कालीन मुख्यमन्त्री ममता ब्यानर्जीले केन्द्रलाई रकम नदिएको आरोप लगाउँदै 'बङ्गलार बाड़ी' परियोजना शुरु गरेकी थिइन्। राज्यमा सत्ता परिवर्तन भएपछि भाजपा सरकारले त्यही परियोजनालाई 'पश्चिम बङ्गाल आवास योजना' नाम दिएर अगाडि बढाउने निर्णय गरेको छ।

खाद्यमन्त्री अशोक कीर्तनियाले बिचौलियाहरूलाई दिए कड़ा चेताउनी

कुचबिहार, १३ नोभेम्बर (हिस): राज्य सरकारको प्रत्यक्ष पर्यवेक्षण एवं पहलमा सरकारी स्तरमा धान खरिदको प्रक्रिया आगामी दिसम्बरको पहिलो हप्ताबाट शुरु हुने भएको छ। यस अवधि धान खरिद तथा खरिद प्रक्रियामा बिचौलिया वा दलालको कुनै पनि अवैध हस्तक्षेपलाई सहन गरिने छैन। राज्यका खाद्यमन्त्री अशोक कीर्तनियाले स्पष्ट चेताउनी दिँदै भने, ''सरकारी काममा बाधा पुऱ्याउनेहरूलाई सोझै जेल पठाइनेछ।

शुक्रवार खाद्यमन्त्रीले कुचबिहार जिल्ला कलेक्टरको कार्यालयमा सरकारको धान खरिद कार्यक्रम र सार्वजनिक वितरण प्रणाली (राशन व्यवस्था) लाई लिएर उच्चस्तरीय समीक्षा बैठक गरे। बैठकमा खाद्य विभागका विभिन्न स्तरका अधिकारी तथा जिल्ला प्रशासनका वरिष्ठ अधिकारीहरू उपस्थित थिए।

बैठकपछि खाद्यमन्त्री अशोक कीर्तनियाले बताए, दिसम्बरको पहिलो हप्तादेखि धान खरिद प्रक्रिया पूर्ण रूपमा शुरु हुनेछ। कुनै पनि बिचौलिया वा बिचौलिया बिना किसानहरूले आफ्नो धान सोझै सरकारलाई बेच्न र उनीहरूको बालीको उचित मूल्य समयमै प्राप्त गर्न सक्षम बनाउनु सरकारको लक्ष्य हो। मन्त्रीले बिचौलियाहरूलाई कड़ा चेताउनी दिँदै गैरकानुनी तरिकाले प्रक्रियामा हस्तक्षेप गर्ने प्रयास गर्नेविरुद्ध कड़ा कारबाही गरिने बताए। उनले भने, ''यदि जेलको रोटी खान चाहँदैन भने कुनै पनि प्रकारको गड़बड़ी गर्ने प्रयास नगरियोस्।

बिदुपुर–राघोपुर छः लेन पुलको नाम 'नीतीश सेतु' राखिने

पटना, १३ नोभेम्बर (हिस): बिहारको बिदुपुर–राघोपुर छः लेन गङ्गा पुल अब 'नीतीश सेतु' नामले चिनिने भएको छ। मुख्यमन्त्री सम्राट चौधरीले शुक्रवार सामाजिक सञ्जाल प्लेटफर्म एक्स मार्फत यसको घोषणा गरेका हुन्। उनले राज्य सरकारले पूर्व मुख्यमन्त्री नीतीश कुमारको सम्मानमा कच्ची दरगाह–राघोपुर–बिदुपुर छः लेन पुलको नाम 'नीतीश सेतु' राखेको जानकारी दिए। प्रधानमन्त्री नरेन्द्र मोदीले नोभेम्बर २१ मा बिहार भ्रमणका क्रममा यस पुललाई राष्ट्रलाई समर्पण गर्नेछन्। मुख्यमन्त्रीले आफ्नो पोस्टमा प्रधानमन्त्री नोभेम्बर २१ मा बिहार आउने बताएका छन्। यस अवसरमा उनले 'नीतीश सेतु' को उद्घाटन गर्नेछन्। यसका साथै वैशाली जिल्लाको राजापाकरमा आयोजित कार्यक्रममा विभिन्न जनोपयोगी तथा विकास सम्बन्धी योजनाहरूको शिलान्यास एवं उद्घाटन पनि गर्नेछन्।

कच्ची दरगाह–बिदुपुर छः लेन पुल निर्माणमा ५ हजार करोड़ रुपियाँभन्दा बढ़ी खर्च गरिएको छ। यसका लागि बिहार सरकारले एशियाली विकास ब्याङ्क (एडीबी) बाट लगभग ३ हजार करोड़ रुपियाँ ऋण लिएको थियो भने लगभग २ हजार करोड़ रुपियाँ राज्य सरकारले आफ्नै स्रोतबाट खर्च गरेको छ। यस पुल निर्माणको निर्णय साल २०१५ मा लिइएको थियो र साल २०१६ मा यसको शिलान्यास गरिएको थियो। परियोजना सम्पन्न हुन लगभग एक दशक लागेको छ। यसको चौड़ाइ ३२ मिटर रहेको छ र यसमा सवारीसाधन प्रतिघण्टा १०० किलोमिटरको गतिमा गुड्न सक्ने क्षमता निर्धारण गरिएको छ। यो आधुनिक छः लेनको गङ्गा पुलले पटना जिल्लाको सबलपुरलाई वैशाली जिल्लाको बिदुपुरसँग राष्ट्रिय राजमार्ग–१०३ मार्फत जोड्नेछ।

दिल्ली बन्यो विश्वकै नम्बर एक प्रदूषित शहर

नयाँ दिल्ली, १३ नोभेम्बरः राजधानी नयाँदिल्ली पाकिस्तानको लाहोरलाई उछिन्दै शुक्रबार विश्वकै सबैभन्दा प्रदूषित शहर बनेको छ। वायु प्रदूषणको स्तर खतरनाक अवस्थामा पुगेपछि २ करोड जनसङ्ख्या रहेको दिल्ली बाक्लो धुवाँ र तुवाँलोले ढाकिएको छ। प्रदूषणका कारण शहरका विभिन्न क्षेत्रमा भिजिबिलिटी पनि न्यून स्तरमा पुगेको छ। स्विट्जरल्यान्डस्थित वायु गुणस्तर अनुगमन गर्ने संस्था आइक्यूएयर का अनुसार शुक्रबार दिल्लीको वायु गुणस्तर सूचकाङ्क (एक्यूआई) ३३४ पुगेको थियो। यसलाई स्वास्थ्यका लागि खतरनाक तह मानिन्छ। यो सूचकाङ्कका आधारमा दिल्ली विश्वका प्रमुख शहरमध्ये सबैभन्दा बढी प्रदूषित बनेको हो।

तर, भारतको सरकारी केन्द्रीय प्रदूषण नियन्त्रण बोर्डले दिल्लीको वायु गुणस्तर सूचकाङ्क अझ उच्च अर्थात् ४०३ मापन गरेको छ। बोर्डले यसलाई 'अति गम्भीर' श्रेणीमा राखेको छ। स्विस संस्था र भारतीय सरकारी निकायले मापन गरेको प्रदूषणको स्तरमा भिन्नता देखिनुको कारण उनीहरूले प्रयोग गर्ने वायु गुणस्तर सूचकाङ्कको मापन पद्धति र वर्गीकरण प्रणाली फरक हुनु हो।

सामान्यतया एक्यूआई ५० सम्मलाई राम्रो वायु गुणस्तर मानिन्छ। यस्तो अवस्थामा स्वास्थ्यमा जोखिम न्यून वा नगण्य हुन्छ। तर, दिल्लीको सूचकाङ्क यसभन्दा धेरै माथि पुगेपछि त्यहाँको वायु प्रदूषणले स्वास्थ्यमा गम्भीर असर पार्न सक्ने चिन्ता बढेको छ।

विभिन्न सञ्चारमाध्यममा सार्वजनिक दृश्यमा बाक्लो धुवाँ र तुवाँलोबिच सवारी साधनहरू सडकमा गुडिरहेको देख्न सकिन्छ। मुख्य सडकका बत्तीसमेत प्रदूषणका कारण स्पष्ट नदेखिएका दृश्य पनि देखिन्छन्। प्रदूषण नियन्त्रणका लागि सडकका बिचमा पानीको मसिनो फोहोरा छर्ने प्रणालीसमेत जडान गरिएको छ।

उत्तरी क्षेत्र र छिमेकी पाकिस्तानका विभिन्न शहरमा जाडो याम शरु भएसँगै वायु प्रदूषण गम्भीर समस्या बन्ने गरेको छ। जाडोमा चिसो र भारी हावाले प्रदूषित वायुलाई माथि फैलिन नदिई जमिननजिकै थुन्ने गर्छ। यसका कारण सवारी साधनबाट निस्कने धुवाँ, निर्माण कार्यबाट उत्पन्न धुलो तथा कृषि अवशेष जलाउँदा निस्कने धुवाँ वायुमण्डलमा लामो समयसम्म जम्मा हुन्छन्। यस्ता प्रदूषक तत्त्वको मात्रा बढ्दै जाँदा वायुको गुणस्तर खस्किन्छ र बाक्लो तुवाँलो फैलिन्छ। यसले मानिसको स्वास्थ्यसँगै दैनिक आवागमन र जनजीवनमा समेत असर पार्ने गरेको छ।



सर्वोच्चले उठायो धनीका गाड़ीमाथि प्रश्न

राजधानी दिल्ली र आसपासका क्षेत्रमा वायु प्रदूषण गम्भीर बन्दै गएपछि सर्वोच्च अदालतले चिन्ता व्यक्त गरेको छ। अदालतले प्रदूषणका लागि पराल जलाउने किसानलाई मात्रै जिम्मेवार ठहर गर्न नहुने भन्दै महँगा सवारीसाधनबाट निस्कने धुवाँलाई पनि प्रदूषणको प्रमुख कारणका रूपमा औँल्याएको छ। मुख्य न्यायाधीश सूर्यकान्तको नेतृत्वमा न्यायाधीश जयमाल्य बाग्ची र वी। मोहना सम्मिलित इजलासले शुक्रबार दिल्ली–एनसीआरको वायु प्रदूषणसम्बन्धी स्वतःसंज्ञान मुद्दामा सुनुवाइ गरेको हो।

सुनुवाइका क्रममा अदालतकी सहयोगी वरिष्ठ अधिवक्ता अपराजिता सिंहले दिल्लीको प्रदूषणको अवस्था गम्भीर रहेको बताइन्। प्रदूषणका कारण मानिसको आवाजसमेत प्रभावित भइरहेको उल्लेख गर्दै उनले यस्तो वातावरणमा बस्नु भनेको हरेक दिन ३० वटा चुरोट पिएजस्तै भएको बताइन्। उनका अनुसार नोभेम्बर ५ मा दिल्लीको वायु प्रदूषणमा पराल जलाउने गतिविधिको योगदान १४ प्रतिशत थियो। वर्षाका कारण प्रदूषणको स्तर केही घटे पनि समग्र अवस्था अझै चिन्ताजनक रहेको उनले बताइन्। सिंहले दिल्ली–एनसीआरमा यातायात प्रदूषण प्रमुख समस्यामध्ये एक भएको उल्लेख गर्दै सवारीसाधन, ऊर्जा उत्पादन र फोहोर जलाउने गतिविधिबाट हुने प्रदूषण नियन्त्रण गर्नुपर्नेमा जोड दिइन्।

सुनुवाइका क्रममा मुख्य न्यायाधीश सूर्यकान्तले किसानले नयाँ बाली लगाउने समय भएकाले पराल जलाउने समस्या रोक्नुपर्ने बताए। तर अपराजिता सिंहले किसानलाई पराल व्यवस्थापन गर्ने मेसिन उपलब्ध गराउँदैमा समस्या समाधान नहुने तर्क गरिन्। धेरै किसानसँग मेसिन सञ्चालन गर्न आवश्यक इन्धन किन्ने पैसासमेत नहुने र साना खेतमा ठूला मेसिन प्रयोग गर्न कठिन हुने उनको भनाइ थियो। न्यायाधीश बाग्चीले पराल निश्चित मूल्यमा खरिद गर्ने प्रस्तावसमेत अधिकारीहरूले अघि सारेको उल्लेख गरे।

सुनुवाइको अन्त्यमा मुख्य न्यायाधीश सूर्यकान्तले प्रदूषणको दोष किसानमाथि मात्रै थोपर्न नहुने बताए। उनले सम्पन्न तथा सम्भ्रान्त वर्गले प्रयोग गर्ने सवारीसाधनबाट हुने प्रदूषण नियन्त्रणका लागि के कदम चालिएको छ भन्ने प्रश्नसमेत उठाए।

न्यायालयको टिप्पणीले दिल्ली–एनसीआरको वायु प्रदूषण नियन्त्रणका लागि पराल जलाउने गतिविधि रोक्नुका साथै यातायात र सहरी क्षेत्रभित्रै उत्पन्न हुने प्रदूषणका स्रोतलाई पनि सम्बोधन गर्नुपर्ने आवश्यकता औँल्याएको छ।

निर्माण कार्य र सवारीसाधनमा कड़ा प्रतिबन्ध

राजधानी नयाँदिल्लीमा वायु प्रदूषणको स्तर अत्यधिक बढेपछि सरकारले नियन्त्रणका लागि थप कडा प्रतिबन्ध लागू गरेको छ। वायु प्रदूषण नियन्त्रणसम्बन्धी वर्गीकृत कार्ययोजना (ग्रेडेड रेस्पोन्स एक्सन प्लान–ग्र्याप) को तेस्रो चरण शुक्रबारदेखि तत्काल लागू गरिएको हो। यो व्यवस्था दिल्ली तथा आसपासका राष्ट्रिय राजधानी क्षेत्र (एनसीआर) का जिल्लामा लागू गरिएको छ।

वायु गुणस्तर व्यवस्थापन आयोग (सीएक्यूएम) का अनुसार प्रतिकूल मौसमी अवस्थाका कारण प्रदूषित हावा फैलिन नसक्दा नोभेम्बर ६ मा दिल्लीको वायु गुणस्तर सूचकाङ्क (एक्यूआई) ३८२ पुगेको थियो। यो स्तर 'अत्यन्त खराब' श्रेणीमा पर्छ। नयाँ प्रतिबन्धअनुसार अत्यावश्यकबाहेकका निर्माण तथा भत्काउने काममा पूर्ण रोक लगाइएको छ। यसअन्तर्गत जग खन्ने, माटो भर्ने, ड्रिलिङ, पाइलिङ, इँटाको काम, सडक निर्माण तथा ठूला मर्मतसम्भारका काममसमेत रोकिएका छन्। त्यस्तै, दिल्ली र आसपासका एनसीआर जिल्लामा बीएस–३ मापदण्डका पेट्रोल तथा बीएस–४ मापदण्डका डिजेलबाट चल्ने चारपाङ्ग्रे सवारीसाधन सञ्चालनमा पनि प्रतिबन्ध लगाइएको छ। बीएस अर्थात् भारत स्टेज सवारीसाधनबाट उत्सर्जन हुने प्रदूषण नियन्त्रणका लागि सरकारले निर्धारण गरेको मापदण्ड हो। यसैबीच, स्वास्थ्य विशेषज्ञहरूले सर्वसाधारणलाई बिहान सबैरै र सूर्यास्तपछि बाहिर निस्केर शारीरिक गतिविधि नगर्न सुझाव दिएका छन्।

ओलम्पिक आयोजनाको लक्ष्यमा भारत: २०३६ को खेलकुद महाकुम्भका लागि दाबी

नयाँ दिल्ली, १३ नोभेम्बरः ओलम्पिकमा सीमित सफलता र अन्य दाबेदार राष्ट्रहरूबाट हुने कडा प्रतिस्पर्धाजस्ता चुनौतीहरूका बाबजुद भारतले आफ्नो भूमिमा खेलकुदको यो महाकुम्भ (ओलम्पिक) आयोजना गर्ने अवसर कसरी र किन पाउन सक्छ भन्ने कुरा विश्लेषण गर्नु सान्दर्भिक हुन्छ। सुरुमा भन्नुपर्दा, भारतले आफ्नो खेलकुद प्रदर्शनमा निरन्तर सुधार ल्याएको छ। यसमा खेलकुद पूर्वाधारका लागि बलियो संस्थागत सहयोग, 'टार्गेट ओलम्पिक पोडियम स्किम' (टोप्स) र 'खेलो इन्डिया' जस्ता पहलहरू, तथा एसियाली खेलकुद, कमनवेल्थ खेलकुद लगायतका बहु–खेलकुद र व्यक्तिगत स्पर्धामा हासिल गरिएका महत्त्वपूर्ण उपलब्धिहरूको ठूलो भूमिका छ।

'ग्लोबल साउथ' (विकासोन्मुख राष्ट्रहरूको समूह) ले विश्व मञ्चमा आफ्नो प्रभाव स्थापित गर्न ठूला खेलकुद प्रतियोगिताहरू (एसएमई) र खेलकुदमा उत्कृष्टतालाई एक माध्यमका रूपमा प्रयोग गर्न थालेको छ, जुन एक महत्त्वपूर्ण परिवर्तन हो। अनुसन्धानले पनि 'ग्लोबल साउथ' मा यस्ता ठूला खेलकुद प्रतियोगिताहरू आयोजना गर्नुका फाइदाहरूलाई पुष्टि गर्छन्।

जब 'ग्लोबल साउथ' का उदीयमान अर्थतन्त्रहरूले ठूला खेलकुद प्रतियोगिताहरू आयोजना गर्न दाबी प्रस्तुत गर्छन् र तिनको आयोजना गर्छन्, तब स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सरोकारवालाहरूले यी अवसरहरूलाई दिगो मानव विकास र सामाजिक परिवर्तन प्रवर्द्धन गर्न रणनीतिक रूपमा प्रयोग गर्छन्। यस्ता प्रतियोगिताहरूमा सार्वजनिक संस्थाहरू, नागरिक समाजका सङ्गठनहरू (सीएसओ), अन्तर्राष्ट्रिय खेलकुद निकायहरू र निजी कर्पोरेट प्रायोजकहरू लगायत विभिन्न सरोकारवालाहरूको सहभागिता रहने भएकाले, यसले आयोजक राष्ट्रभित्र र अन्तर्राष्ट्रिय स्तरमा उच्चस्तरीय संवादका लागि विशेष अवसरहरू सिर्जना गर्छ।

दोस्रो कुरा, भारतले आफ्नो जी२० अध्यक्षताका क्रममा खोप कूटनीति, जलवायु न्याय र सहमति निर्माणजस्ता विभिन्न मुद्दाहरूमा विकासोन्मुख राष्ट्रहरूको सामूहिक हितको वकालत गर्दै आफ्नो क्षमता प्रमाणित गरिसकेको छ, जसले उसलाई 'ग्लोबल साउथ' को एक निर्विवाद आवाज बनाएको छ। विश्वव्यापी महत्त्वका यस्ता खेलकुद आयोजना गर्दा, अन्य विकासोन्मुख राष्ट्रहरूले पनि यो बुझ्न सक्छन् कि यति ठूलो स्तरको प्रतियोगिता आयोजना गर्दा पनि 'ग्लोबल साउथ' का मुख्य मुद्दाहरूलाई कसरी प्राथमिकतामा राख्न र अघि बढाउन सकिन्छ।

टोक्यो, सोल र बेइजिङ ओलम्पिकले जसरी सम्बन्धित आयोजक राष्ट्रहरूको विश्वव्यापी आर्थिक परिदृश्यमा भएको उदयलाई उजागर गरेका थिए, त्यसरी नै भारतको सन् २०३६ को दाबीलाई पनि भारतको विश्व मञ्चमा पूर्ण परिपक्वता प्रदर्शन गर्ने क्षणका रूपमा अघि सारिएको छ। यस दाबीलाई उच्च गतिको रेल सञ्जाल, अत्याधुनिक विमानस्थल विस्तार, दिगो सहरी यातायात प्रणाली र विश्व स्तरीय खेलकुद परिसरहरू सहितको विशाल पूर्वाधार विकासको आधार प्राप्त छ।

ओलम्पिक आयोजना गरेर, भारतले विकासोन्मुख राष्ट्रहरू विश्व व्यवस्था निर्माणमा केवल निष्क्रिय प्राप्त कर्ता मात्र नभई सक्रिय सहभागी हुन् भन्ने धारणालाई बदल्न सक्छ। तसर्थ, सन् २०३६ को ओलम्पिक आयोजनाको दाबी केवल ऐतिहासिक र विश्वव्यापी महत्त्वको कार्यक्रम आयोजना गर्ने विषय मात्र होइन; यो त विश्वव्यापी नेतृत्व प्रदर्शन गर्ने तथा कूटनीति, दिगो आर्थिक विकास र ग्लोबल साउथको आवाजलाई एउटै साझा उद्देश्यमा एकीकृत गर्ने अर्को एउटा प्रयास हो।

१२ वर्षको अवधिमा ४९ करोड ६० लाख भारतीय गरिबी रेखामाथि उक्लिएः विश्व ब्याङ्क

नयाँ दिल्ली, १३ नोभेम्बरः कहिलेकाहीँ तथ्याङ्कहरूले राजनीतिक भाषणभन्दा पनि शक्तिशाली कथा भन्छन्। भारतमा गरिबीसम्बन्धी विश्व ब्याङ्ककको पछिल्लो मूल्याङ्कन यस्तै एउटा उदाहरण हो। केवल १२ वर्षको अवधिमा करिब ४९ करोड ६० लाख भारतीयहरू गरिबीको रेखाभन्दा माथि उक्लिएका छन्। जुन आधुनिक इतिहासकै सबैभन्दा महत्त्वपूर्ण सामाजिक–आर्थिक रूपान्तरणमध्ये एक हो। सन् २०११–१२ देखि २०२३–२४ को बीचमा, विश्व ब्याङ्कले तोकेको 'तल्लो–मध्यम आय' समूहको गरिबी रेखा (दैनिक ४.२० डलर आम्दानी) भन्दा तल रहेका भारतीयहरूको अनुपात ५७.७ प्रतिशतबाट घटेर १६.१ प्रतिशतमा झरेको छ। दैनिक ३ डलर आम्दानीलाई आधार मानिने 'चरम गरिबी' को दर त अझ नाटकीय रूपमा २७.१ प्रतिशतबाट घटेर २.६ प्रतिशतमा सीमित भएको छ।

विश्वको कुल जनसङ्ख्याको करिब पाँच भागको एक भाग हिस्सा ओगटेको मुलुकका लागि यो एक असाधारण उपलब्धि हो। यो परिवर्तन ग्रामीण भारतमा अझ बढी प्रस्ट देखिन्छ, जहाँ चरम गरिबी ३१ प्रतिशतबाट घटेर ३.१ प्रतिशतमा झरेको छ। सहरी क्षेत्रमा पनि चरम गरिबी १७.४ प्रतिशतबाट घटेर १.४ प्रतिशतमा पुगेको छ। यी तथ्याङ्कहरूले के देखाउँछन् भने, विकास केवल ठूला सहरहरूमा मात्र सीमित नभई, ऐतिहासिक रूपमा सबैभन्दा बढी आर्थिक कठिनाइ भोग्दै आएका समुदायहरूसम्म पुगेको छ।

यस प्रगतिका पछाडि धेरै कारकहरू छन्। 'प्रधानमन्त्री जनधन योजना' मार्फत ब्याङ्किङ पहुँचको विस्तार, आधार कार्डसँग जोडिएको प्रत्यक्ष लाभ हस्तान्तरण, सहुलियत दरमा खाद्यान्न वितरण, ग्रामीण विद्युतीकरण, सरसफाइ, पूर्वाधार विकास र डिजिटल सम्पर्कले घरपरिवारको सुरक्षा र आर्थिक सहभागितालाई बलियो बनाएका छन्। अत्यन्त कमजोर अवस्थामा रहेका परिवारहरूलाई निःशुल्क खाद्यान्न उपलब्ध गराउने व्यवस्थाले पनि लाखौँ मानिसलाई खाद्य असुरक्षा र आर्थिक झट्काहरूबाट जोगाउन मद्दत गरेको छ।

कल्याणकारी सेवाहरूको विस्तार र डिजिटल सार्वजनिक पूर्वाधारलाई तीव्रता दिएकोमा प्रधानमन्त्री नरेन्द्र मोदीको सरकार प्रशंसाको पात्र छ। यद्यपि, इमानदारीपूर्वक भन्नुपर्दा, गरिबी निवारणमा भएको यो प्रगति दशकौँसम्म चलेका आर्थिक सुधारहरू, कृषि क्षेत्रमा गरिएका सुधारहरू, बजारको विस्तार र विभिन्न समयका सरकारहरूले चालेका कदमहरूको परिणाम हो। त्यसैले, यसको सम्पूर्ण श्रेय कुनै एक कार्यक्रम वा सरकारलाई मात्र दिन मिल्दैन। भारतको आर्थिक वृद्धिले यी उपलब्धिहरूका लागि एउटा महत्त्वपूर्ण आधार प्रदान गरेको छ। निरन्तरको आर्थिक वृद्धिले पूर्वाधार, सार्वजनिक सेवा र सामाजिक सुरक्षाका लागि आवश्यक स्रोतहरू जुटाउन मद्दत गर्छ। देशको अनुभवले देखाउँछ कि जब यसको लाभ ऐतिहासिक रूपमा बहिष्कृत समुदायहरूमा पुग्छ तब विकास अझ अर्थपूर्ण हुन्छ। तैपनि उत्सव सन्तुष्ट हुनु हुँदैन। विश्व ब्याङ्ककको अनुमान छ कि लगभग ३ करोड ५० लाख भारतीयहरू चरम गरिबीमा छन्, जबकि लगभग २३ करोड २० लाख फराकिलो डलर ४.२०–को सीमाभन्दा तल बाँच्छन्।

गरिबीको रेखा पार गर्दा स्वतः वित्तीय सुरक्षाको ग्यारेन्टी हुँदैन। परिवारहरूले स्वास्थ्य सेवा लागत, शिक्षा, असुरक्षित रोजगारी र अपर्याप्त आवास जस्ता चुनौतीहरूको सामना गरिरहन्छन्।

अब पैसा पठाउन ब्याङ्क खाता अनिवार्य छैनः आरबीआई

नयाँ दिल्ली, १३ नोभेम्बरः तपाईंसँग ब्याङ्क खाता छैन, तर ब्याङ्क खाता भएको कुनै व्यक्तिलाई पैसा पठाउनुपर्ने छ भने पनि अब ब्याङ्क शाखामा गएर नगद जम्मा गरी लाभग्राहीको खातामा सिधै ५० हजार रूपियाँसम्म पठाउन सक्नुहुन्छ। यो सुविधा नयाँ भने होइन। भारतीय रिजर्भ ब्याङ्क (आरबीआई) ले औपचारिक ब्याङ्किङ माध्यमबाट सानो रकम हस्तान्तरण गर्न सहज बनाउने उद्देश्यले 'घरेलु धन हस्तान्तरण' (डीएमटी) व्यवस्था शुरु गरेको थियो। यो सुविधा विशेषगरी आप्रवासी मजदुरजस्ता ब्याङ्किङ सेवामा सहज पहुँच नभएका व्यक्तिहरूका लागि उपयोगी छ।

ब्याङ्कले 'भारतीय रिजर्भ ब्याङ्क (घरेलु धन हस्तान्तरण) निर्देशन, २०२६' मार्फत आफ्ना विद्यमान निर्देशनहरूलाई एकीकृत गरी तिनमा एकरूपता ल्याएको छ। यी निर्देशनहरू ११ नोभेम्बरदेखि लागू भएका छन्। नयाँ निर्देशनमा विभिन्न प्रकारका घरेलु रकम हस्तान्तरणका लागि लागू हुने सीमाहरू स्पष्ट पारिएको छ। यसमा ब्याङ्क शाखामा नगद जम्मा गर्ने, एटीएम तथा ब्याङ्कका व्यावसायिक प्रतिनिधिमार्फत पैसा पठाउने र ब्याङ्क खाता नभएका व्यक्तिलाई नगद भुक्तानी गर्ने व्यवस्था समावेश छन्।

निर्देशनअनुसार, ब्याङ्क शाखामा जाने कुनै पनि ग्राहकले नगद जम्मा गरेर राष्ट्रिय विद्युतीय कोष हस्तान्तरण (एनईएफटी) प्रणालीमार्फत लाभग्राहीको ब्याङ्क खातामा सिधै ५० हजार रूपियाँसम्म पठाउन सक्छन्। यसको अर्थ यो सुविधा प्रयोग गर्न तपाईंसँग आफ्नै ब्याङ्क खाता हुनु अनिवार्य छैन। ब्याङ्क शाखामा गएर त्यहाँ उपलब्ध नगद जम्मा गर्ने सुविधामार्फत ब्याङ्क खाता भएको व्यक्तिलाई पैसा पठाउन सकिन्छ। यो सुविधा विशेषगरी अन्य शहर वा राज्यमा बस्ने परिवारका सदस्यलाई पैसा पठाउनुपर्ने तर आफैँसँग परम्परागत ब्याङ्किङ सेवाको पहुँच नभएका व्यक्तिहरूका लागि उपयोगी हुन सक्छ। यदि तपाईं पैसा हस्तान्तरण गर्न एटीएम वा ब्याङ्कका व्यावसायिक प्रतिनिधि (बीसी) को प्रयोग गर्नुहुन्छ भने रकमको सीमा कम हुन्छ। आरबीआईको निर्देशनअनुसार, एकपटकमा अधिकतम ५ हजार रूपियाँसम्म पठाउन सकिन्छ। एक महिनामा पैसा पठाउने व्यक्तिले कुल २५ हजार रूपियाँभन्दा बढी पठाउन पाउने छैन। ब्याङ्कका व्यावसायिक प्रतिनिधि भनेका ब्याङ्कले नगद जम्मा गर्ने र झिक्नेजस्ता आधारभूत ब्याङ्किङ सेवा उपलब्ध गराउन अधिकार दिएका प्रतिनिधि हुन्। उनीहरूले मुख्यतः ब्याङ्क शाखासम्म पुग्न कठिन हुने क्षेत्रमा सेवा प्रदान गर्छन्। त्यसैले, नियमित रूपमा बीसी वा एटीएममार्फत पैसा पठाउनुहुन्छ भने ध्यान दिनुहोस्, ५ हजार रूपियाँको सीमा प्रत्येक कारोबारमा लागू हुन्छ भने २५ हजार रूपियाँको सीमा एक महिनाभरि पैसा पठाउने व्यक्तिले पठाउन पाउने कुल रकम हो।

भारतले लोकतन्त्र सम्मेलनमा सहभागी हुन आउने ११५ विदेशी वक्तालाई रोक्यो

नयाँ दिल्ली, १३ नोभेम्बरः भारतले कङ्ग्रेस पार्टीद्वारा आयोजित लोकतन्त्र सम्मेलनमा सहभागी हुन आउने ११५ जना अन्तर्राष्ट्रिय वक्तालाई प्रवेश अनुमति दिएको छैन। काङ्ग्रेसका एक वरिष्ठ नेताले यसबारे जानकारी दिएका हुन्। प्रवेश अनुमति नपाउनेमा नर्वेकी एक पत्रकार पनि छन्। उनले यसअघि प्रधानमन्त्री नरेन्द्र मोदीलाई प्रेस स्वतन्त्रताका विषयमा प्रश्न गरेकी थिइन्।

काङ्ग्रेसका सांसद तथा संयुक्त राष्ट्रसङ्घका पूर्ववरिष्ठ अधिकारी शशि थरुरका अनुसार भारतको विदेश मन्त्रालयले अनुमति दिएका ३१५ वक्तामध्ये ११५ जनालाई पछि प्रवेश अनुमति दिइएन वा उनीहरूको भिसा रद्द गरियो। यो कदम सम्भवतः गृह मन्त्रालयको निर्देशनमा चालिएको उनले बताए। थरुरले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, सरकारले कुन कानुनी प्रावधानअन्तर्गत यस्तो कठोर कदम चालेको हो भन्ने कुरा स्पष्ट छैन। उनले थप भनेका छन्, आफूलाई आलोचनात्मक लाग्ने आवाज दबाउनुपर्ने अवस्थामा पुगेको एउटा गर्विलो लोकतन्त्रका लागि यो निकै लज्जास्पद कुरा हो।

नर्वेकी पत्रकार हेले लिडले बुधबार भारत प्रस्थान गर्नुअघि आफ्नो भिसा रद्द गरिएको बताएकी छन्। उनलाई सम्मेलनमा सञ्चारमाध्यम र प्रेस स्वतन्त्रताका विषयमा बोल्न आमन्त्रण गरिएको थियो। उनले गत मई महिनामा ओस्लो भ्रमणका क्रममा आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री मोदीलाई प्रश्न गरेकी थिइन्।

यस घटनाको 'एडिटर्स गिल्ड अफ इन्डिया'ले निन्दा गरेको छ। गिल्डले यस कदमलाई 'प्रशासकीय अतिचार' भन्दै सरकारलाई यसको कारण सार्वजनिक गर्न र निर्णय फिर्ता लिन आग्रह गरेको छ। शुक्रवार हैदराबादमा शुरु भएको दुईदिने सम्मेलनमा ७० भन्दा बढी देशका करिब एक हजार प्रतिनिधि सहभागी भएका छन्। सम्मेलनमा लोकतन्त्र, जलवायु परिवर्तन, कृत्रिम बुद्धिमत्ता (एआई) र विश्वव्यापी सहकार्यका विषयमा छलफल हुनेछ।

भारतको प्रमुख तेल आपूर्तिकर्तामध्ये प्रमुख राष्ट्रको रूपमा यूएईको उदय

नयाँ दिल्ली, १३ नोभेम्बरः मई २०१८ मा एमटी इन्स्पिरेसन नामक जहाजले आबुधाबीको २० लाख ब्यारेल कच्चा तेल लोड गर्यो। यसको गन्तव्य भारतको पश्चिमी तटमा रहेको मङ्गलोरस्थित एक भूमिगत भण्डार थियो। त्यहाँ राखिने तेलले भारतलाई आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने भण्डार तयार पार्न सहायता पुर्याउने थियो। यो ढुवानी त्यस सम्झौता अन्तर्गतको पहिलो खेप थियो, जसले आबुधाबी नेसनल आयल कम्पनीलाई आफ्नै खर्चमा भारतभित्र ५८ लाख ६० हजार ब्यारेल तेल भण्डारण गर्ने अवसर प्रदान गरेको थियो।



आठ वर्षपछि, दुवै देशले अब उल्टो दिशामा (अर्थात् युएईमा भारतको तेल भण्डारण गर्ने) यस्तै व्यवस्थाबारे विचार गरिरहेका छन्। मई २०२६ मा प्रधानमन्त्री कार्यालयले जनाए अनुसार, नयाँ दिल्लीले आफ्नो रणनीतिक तेल भण्डारको केही हिस्सा फुजैराहमा राख्न सक्छ। त्यहाँ स्ट्रेट अफ हर्मुज भन्दा बाहिरै ट्याङ्करहरूमा तेल लोड गर्न सकिन्छ। सोही सम्झौताले एड्नोकलाई भारतमा ३ करोड (३० मिलियन) ब्यारेलसम्म तेल भण्डारण गर्ने बाटो खोलिदिएको थियो। यो प्रस्तावले दुई देशबीचको व्यापार कति अगाडि बढेको छ भन्ने देखाउँछ। मङ्गलोर सम्झौता हुनु धेरै अघिदेखि नै भारतले युएईबाट अर्बौँ डलर बराबरको तेल खरिद गर्दै आएको थियो। अहिले भारतीय कम्पनीहरूको आबुधाबीका तेल क्षेत्रहरूमा लगानी (हिस्सा) छ, भने अर्कोतर्फ युएईले यस्तो निर्यात मार्ग तयार पारेको छ जसले गर्दा 'स्ट्रेट अफ हर्मुज' भएर हुने ढुवानीमा अवरोध आउँदा पनि खरिदकर्ताहरूले आबुधाबीको कच्चा तेल प्राप्त गर्न सक्छन्।

सन् १९९० को दशकमा भारतले दैनिक १० लाख ब्यारेलभन्दा कम तेल आयात गर्थ्यो। 'किङ अब्दुल्लाह पेट्रोलियम स्टडीज एन्ड रिसर्च सेन्टर' द्वारा भारतीय पेट्रोलियम मन्त्रालयको तथ्याङ्कमा गरिएको विश्लेषण अनुसार, सन् २०१८ सम्ममा यो परिमाण बढेर दैनिक करिब ४४ लाख ब्यारेल पुग्यो। सन् २०१० को दशकको शुरुसम्ममा युएई एक स्थापित आपूर्तिकर्ता बनिसकेको थियो। 'इन्स्टिच्युट फर डिफेन्स स्टडीज एन्ड एनालाइसिस' द्वारा सङ्कलित भारतीय व्यापार तथ्याङ्क अनुसार, सन् २०११–१२ को आर्थिक वर्षमा भारतले युएईबाट १५.१ अर्ब डलर बराबरको तेल खरिद गरेको थियो, जुन भारतको कुल तेल आयात खर्चको ८.७ प्रतिशत हुन आउँछ।

भारतको आयात आवश्यकता बढ्दै जाँदा, त्यहाँका सरकारी कम्पनीहरूले तेल उत्पादनमा पनि आफ्नो हिस्सा सुनिश्चित गरे। सन् २०१८ मा, ओएनजीसी विदेश, इन्डियन आयल कर्पोरेसन र भारत पेट्रो–रिसोर्सेसले अबु धाबीको लोअर जाकुम' अफसोर कन्सेसन (समुद्री क्षेत्रको उत्खनन अनुमति) मा १० प्रतिशत हिस्सेदारीका लागि ६० करोड डलर भुक्तानी गरे। भारतको पेट्रोलियम मन्त्रालयले संसद्लाई जानकारी दिए अनुसार, खाडी क्षेत्रको तेल उत्पादनमा भारतको यो पहिलो लगानी थियो। मन्त्रालयको अनुमान अनुसार, ४० वर्षे यस सम्झौता अवधिमा उक्त समूहले वार्षिक औसत १७ लाख ५० हजार (१.७५ मिलियन) टन कच्चा तेल प्राप्त गर्नेछ।

सोही वर्ष, म्यांगलोरमा आएको तेलको खेपसँगै संयुक्त अरब इमिरेट्स (युएई) को कच्चा तेल भारतको आपत्कालीन भण्डारण प्रणालीमा समावेश भयो। 'लोअर जाकुम' परियोजनाले भारतीय कम्पनीहरूलाई भविष्यमा हुने उत्पादनमा हिस्सा सुनिश्चित गर्यो। सन् २०२६ सम्ममा, भारतको विदेश मन्त्रालयले युएईलाई कच्चा तेलको चौथो ठूलो स्रोत, तथा तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) र तरलीकृत पेट्रोलियम ग्यास (एलपीजी) दुवैको दोस्रो ठूलो स्रोतका रूपमा सूचीकृत गरेको छ।

गत मई महिनामा भएको सम्झौताले भारतको पश्चिमी तटमा रहेको भण्डारण स्थल (गुफा) बाहेक, पूर्वी क्षेत्रका भण्डारण स्थलहरूमा पनि एडनोकको भूमिका विस्तार गर्न सक्छ। भारतको प्रधानमन्त्री कार्यालयले आन्ध्र प्रदेशको विशाखापटनमलाई यस्तो स्थानका रूपमा पहिचान गरेको छ, जहाँ एडनोकले पहिले नै सञ्चालनमा रहेको पूर्वाधारमा सहभागिता जनाउन सक्छ। साथै, ओडिसाको चन्डीकोललाई पनि दुवै पक्ष मिलेर नयाँ भण्डारण पूर्वाधार विकास गर्न सक्ने स्थानका रूपमा पहिचान गरिएको छ। यस सम्झौता अन्तर्गत, भारतमा एडनोकले कुल ३ करोड (३० मिलियन) ब्यारेल कच्चा तेल भण्डारण गर्न सक्ने सम्भावना छ।

फुजैराहको भूमिका भने अलि फरक हुनेछ। त्यहाँ भण्डारण गरिने तेल भारतको रणनीतिक भण्डारणको हिस्सा त हुनेछ, तर त्यो अरब सागरको युएईतर्फको किनारमै रहनेछ। यस समझदारी पत्रमा भारतभित्र तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) र तरलीकृत पेट्रोलियम ग्यास (एलपीजी) का लागि भण्डारण पूर्वाधार निर्माणमा सहकार्य गर्ने विषय पनि समेटिएको छ।

यो बन्दरगाहले अबु धाबीलाई होर्मुज जलडमरुमध्य भएर जानु नपर्ने गरी तेल ढुवानी गर्ने विकल्प प्रदान गर्छ। एडनोकको ४०६ किलोमिटर लामो पाइपलाइनले जमिनमा रहेका (अनसोर) क्षेत्रहरूबाट कच्चा तेल फुजैराहसम्म पुर्याउँछ, जहाँबाट ट्याङ्करहरूमा तेल लोड गरेर भारत पठाउन सकिन्छ। सन् २०२६ मा खाडी क्षेत्रमा उत्पन्न द्वन्द्वका कारण उक्त जलमार्गबाट हुने ढुवानी अवरुद्ध भएपछि, यो मार्ग अझ महत्त्वपूर्ण बन्न पुग्यो। भारतको अर्थ मन्त्रालयले आफ्नो मे महिनाको आर्थिक प्रतिवेदनमा यस जोखिमबारे विशेष उल्लेख गरेको थियो। एडनोकले बन्दरगाहसम्म पुग्ने दोस्रो मार्ग निर्माण गरिरहेको छ। मे महिनामा, कम्पनीले आफ्नो वेस्ट–इस्ट पाइपलाइन निर्माणको क्रममा रहेको र सन् २०२७ सम्ममा सञ्चालनमा आउने अपेक्षा गरिएको जानकारी दियो। एडनोकले यस परियोजनामार्फत फुजैराह हुँदै हुने आफ्नो निर्यात क्षमता दोब्बर हुने अपेक्षा गरेको छ।

फुजैराह भण्डारको विषय अझै पनि एउटा प्रस्तावको रूपमा मात्र छ। यदि यो अघि बढेमा सन् २०१८ मा संयुक्त अरब इमिरेट्स (युएई) को कच्चा तेल भारतको आपत्कालीन भण्डारण गृहसम्म पुर्याएको मार्गले भारतलाई यस्तो भण्डार उपलब्ध गराउन सक्छ, जसलाई आवश्यकता पर्दा भारतले प्रयोगमा ल्याउन सक्नेछ।

नैतिकता नै वास्तविक शक्ति हो।

❑ लियो टल्स्टय

सम्पादकीय

पुरानो मनमुटाउलाई पुनर्जीवित गर्ने अतीतका पानाहरू

गान्धी–नेहरू परिवारका विभिन्न पक्षबारे भारतमा सधैँ जिज्ञासाको भावना रहँदै आएको छ। सोनिया गान्धीको आत्मकथा –'बिलङ्डिङः अ जर्नी अफ् लभ'–ले यो जिज्ञासालाई बढ़ाएको छ। उनको लेखनका विभिन्न पक्षको व्यापक रूपमा चर्चा भइरहेको छ र आरोप–प्रत्यारोपहरू पनि उठेका छन्। सबैभन्दा प्रमुख चिन्ताहरूमध्ये एक परिवारका दुई बुहारी सोनिया गान्धी र मेनका गान्धीबीचको समीकरण हो।

सोनिया गान्धीको पुस्तकले उनीहरूको सम्बन्धको बारेमा नयाँ बहस शुरु गरेको छ। आफ्नो संस्मरणमा सोनियाले बाल्यकालदेखि परिवारबाट बिदाइ नभएसम्म मेनकासँगको आफ्नो प्रारम्भिक सम्बन्धको बारेमा बताउँछिन्। उनले खुलेआम मेनकाको राजनीतिक महत्त्वाकाङ्क्षा र दुर्व्यवहारको आलोचना गर्छिन्, तर उनले २३ वर्षको उमेरमा आफ्ना पति सञ्जय गान्धी गुमाएपछि महसुस गरेको पीड़ालाई पनि गहिरो रूपमा बुझ्छिन्। सोनियाका अनुसार, शुरुमा मेनकासँग सबै कुरा राम्रोसँग चल्यो। मेनकाले कहिलेकाहीँ रिस उठाए पनि इन्दिरा र सोनियाले उनीहरूलाई कान्छी ठानेर बेवास्ता गरे। तर, केही समयपछि परिवारमा सानातिना कुराहरूमा पनि तनाउ बढ्न थाल्यो। यी घरेलु तनाउहरू चाँड़ै राजनीतिक मतभेदमा परिणत भए, जसले गर्दा परिवारभित्र ठूलो दरार आयो।

सोनियाको संस्मरणमा प्रकट भएको अर्को महत्त्वपूर्ण पक्ष भनेको दुई दाजुभाइ राजीव र सञ्जयबीचको सम्बन्ध मेनकाको कारण तनाउपूर्ण भयो। सोनियाका अनुसार, सञ्जयका राजनीतिक गतिविधिहरूमा मेनकाको बढ़्दो हस्तक्षेपले अप्रत्यक्ष रूपमा दाजुभाइको सम्बन्धलाई असर गऱ्यो। सोनियाले पुस्तक लेख्नुभन्दा पहिले पनि धेरै प्रसिद्ध विश्लेषक र लेखकहरूले समय–समयमा आफ्ना संस्मरणहरूमा सञ्जय र मेनकाको विवाहको केही महिनापछि पारिवारिक सम्बन्ध कसरी तनाउपूर्ण भएको थियो भनेर वर्णन गरेका छन्।

पत्रकार तथा लेखक खुशवन्त सिंहले सोनिया गान्धीमाथि पेन्गुइनद्वारा प्रकाशित पुस्तक 'सोनिया: अ बायोग्राफी'–मा उद्धृत गरेको घटना उल्लेखनीय छ। खुशवन्त सिंहका अनुसार, एकपटक राजीव र सोनिया आफ्ना छोराछोरीहरूमध्ये एकजनाको जन्मदिन मनाइरहेका थिए। दुवै दाजुभाइलाई घरको फरक–फरक कुनामा आफ्ना पत्नीहरूसँग बसिरहेका थिए। मानौँ उनीहरूको एकअर्कासँग कुनै सरोकार छैन। आफ्नो संस्मरण 'नाइस गाइज फिनिश सेकेण्ड'–मा बीके नेहरूले इन्दिरा गान्धीको १२, विलिङ्डन क्रिसेन्ट घर (जहाँ उनी १९७७ मा सत्ताबाट हटाइएपछि लगभग साढ़े दुई वर्षसम्म सम्पूर्ण परिवारसँग बसेकी थिइन्) मा बिग्रँदै गएको सम्बन्धको वर्णन पनि गरे। यी दुईबीच घरको कामको बारेमा बारम्बार समस्याहरू हुन्थे। सोनिया खाना पकाउने जिम्मेवारीमा थिइन् र मेनका सेवा गर्ने जिम्मेवारी पूर्ण रूपमा थियो। इन्दिराका दुई छोरा र उनीहरूका पत्नीबीचको सम्बन्ध अब राम्रो थिएन।

सोनिया गान्धीदेखि खुशवन्त सिंह र बीके नेहरूसम्मका संस्मरणहरूले मेनकाको प्रवेशपछि पारिवारिक माहोल कसरी तितो भयो भन्ने कुरा देखाउँछन्। मेनकाको आफ्नै राजनीतिक महत्त्वाकाङ्क्षाले यसमा भूमिका खेलेको थियो र उनकी आमा अमृतेश्वर आनन्दले पनि महत्त्वपूर्ण भूमिका खेलेकी थिइन्। सोनियाले आफ्नो पुस्तकमा पनि यसको सङ्केत गरेकी छन्। उनका अनुसार, सञ्जयको मृत्युपछि मेनकाकी आमाले उनकी छोरी सिधै राजनीतिमा प्रवेश गरोस् भन्ने चाहन्थिन्, जबकि इन्दिरा गान्धीले त्यसका लागि प्रशस्त समय भएकोमा जोड़ दिइन्। उनले अहिलेको लागि आफ्नो केही महिनाको छोरा वरुणमा ध्यान केन्द्रित गर्नुपर्छ। सायद मेनकाकी आमालाई डर थियो– सञ्जयको मृत्युपछि मेनका पार्टीमा किनारामा पर्नेछिन् र सञ्जयको कार्यकालमा उनले भोगेको राजनीतिक प्रभाव गुमाउनेछिन्। राजीवले सञ्जयको राजनीतिक विरासत पाउनेछन् भन्ने हल्लाले उनको डरलाई अझ बलियो बनायो। यो मेनका गान्धीको लागि ठूलो धक्का थियो, किनकि इन्दिरा गान्धीले उनलाई आफ्नो निजी सचिव बनाउने वाचा गरेकी थिइन्।

त्यस बेलादेखि मेनकाले आफ्नो राजनीतिक स्थान बनाउन स्वतन्त्र कदम चाल्न थालिन्। राजनीतिमा नयाँ भए पनि उनले आफ्नो खेल राम्रोसँग खेलिन् र इन्दिराको परिवारबाट आफ्नो बिदाइको समय पनि तय गरिन्। यसपछि इन्दिराका दुई बुहारीको बाटो सदाको लागि अलग भयो। पछि सोनिया गान्धीले कङ्ग्रेस पार्टीको जिम्मेवारी सम्हाल्दा मेनकाले कङ्ग्रेसको कट्टर विरोध गर्ने पार्टीहरूमा सामेल भएर आफ्नो राजनीतिक महत्त्वाकाङ्क्षा पूरा गर्ने बाटो देखिन्। गान्धी परिवारसँग सम्बन्धित धेरै अन्य पुस्तकहरूले पनि उनीहरूको सम्बन्धबारे प्रकाश पारे। उदाहरणका लागि, क्याथरिन फ्र्याङ्ककको पुस्तक 'इन्दिरा: द लाइफ अफ् इन्दिरा नेहरू गान्धी'–ले दुई बुहारीबीचको कलहको आगोमा इन्धन थप्यो। मेनकाले पुस्तकमा सञ्जयको बारेमा निन्दनीय कथाहरू समावेश गर्नुको पछाड़ि सोनियाको हात रहेको आरोप लगाइन्। सोनिया आफैँ यी आरोपहरूमा मौन रहिन्, तर नटवर सिंहले आफ्नो तर्फबाट मेनकामाथि आक्रमण गर्ने जिम्मेवारी लिए।

समय–समयमा यस्ता खुलासा भए पनि इन्दिरा गान्धीका दुई बुहारीबीच धेरै वर्षदेखि एक प्रकारको युद्धविराम कायम थियो। यद्यपि, सोनिया गान्धीले अब आफ्नो संस्मरणमा मेनकाको बारेमा विगतलाई कसरी पुन: समीक्षा गरेकी छिन् भन्ने कुराले के निर्धारण गर्नेछ भने दुई परिवारबीचको यो शान्ति कति हुनेछ। सोनियाको पुस्तक प्रकाशित भएदेखि मेनकाले कुनै पनि विज्ञप्ति जारी गरेकी छैनन्। के उनी सधैँ जस्तै सही समयको प्रतीक्षामा छिन्? उत्तर सम्भवतः चाँड़ै थाहा लाग्नेछ।

सिर्जनधर्मीहरूसँग अनुरोध

विचार तपाईंको, तपाईंको विचारलाई सम्प्रेषण गर्ने जिम्मा हाम्रो। घटनाहरू अनेकथरी हुनसक्छन् तर घटनामाथि समीक्षात्मक दृष्टि राख्ने जिम्मेवारी तपाईं–हाम्रो। प्रत्येक युगको इतिहासले यही प्रमाणित गरेको छ। समाज बौद्धिक जगत्को मार्गदर्शनमा अघि बढ़्दै प्रगतिको फाँटमा पुगेको छ। यस्तै इतिहासलाई साक्षी राख्दै सिक्किमको बौद्धिक जगत् पनि जागोस् भन्ने हिमाली बेलाको चाहना हो। हिमाली बेलाको चाहनालाई हैंसे तपाईंहरूले पनि दिनुहुनेछ भन्ने आशाका साथ हामी समस्त बौद्धिक जमातबाट विचारपूर्ण, प्रगतिशील एवं समयसापेक्ष रचनाहरूका निम्ति आह्वान गर्दछौं। हिमाली बेलाले के ठानेको भने कारक जहिले पनि बौद्धिक झुण्ड हुन्छ अनि कारकको विचारलाई सम्प्रेषण दिने हामी निमित्त मात्र हौं।

क्यान्सरका औषधिहरूलाई सस्तो बनाउने प्रक्रिया र बिरामीहरूलाई प्राथमिकता



जगत प्रकाश नड्डा

'क्यान्सर' शब्दले क्षणभरमै कुनै पनि परिवारको जीवन परिवर्तन गर्न सक्छ। यस बिमारीको पहिचान भएपछि बिरामी र उनीहरूका परिजनले उपचार, आर्थिक मामिला र भविष्यसँग सम्बन्धित धेरै कठिन निर्णयहरूको सामना गर्नुपर्छ। धेरै परिवारहरूको लागि औषधिको खर्च एक यस्तो समयमा अतिरिक्त बोझ बन्दछ, जब सबै स्रोतहरू बिरामीको स्वास्थ्य लाभको लागि केन्द्रित हुनुपर्छ। एक करुणामयी स्वास्थ्य प्रणालीले रोगलाई मात्र होइन तर यसले निम्त्याउने आर्थिक कठिनाइहरूलाई पनि समाधान गर्नुपर्छ।

यस पक्षलाई ध्यानमा राख्दै भारत सरकारले क्यान्सरको उपचारलाई अझ अधिक किफायती बनाउने दिशामा एक महत्त्वपूर्ण कदम चालेर १३७ चिह्नित गरिएका गैर–अनुसूचित क्यान्सर–रोधी औषधिहरूको 'ट्रेड मार्जिन'–लाई तर्कसङ्गत बनाएको छ। यस उपायअन्तर्गत, राष्ट्रिय औषधि मूल्य निर्धारण प्राधिकरण (एनपीपीए)–ले 'ट्रेड मार्जिन'–लाई अधिकतम खुद्रा मूल्य (एमआरपी)–को अधिकतम ३० प्रतिशतसम्म सीमित गरेको छ र यी संशोधित मूल्यहरू ९ नोभेम्बर, २०२६ देखि लागू भएका छन्। उद्देश्य एकदमै स्पष्ट छ: बिरामीहरूले तिरेको मूल्यमा अत्यधिक 'मार्क–अप'–को सट्टा वितरण सम्बन्धी मार्जिनको उचित तथा तर्कसङ्गत समावेश हुनुपर्छ।

यस कदमको नतिजा दवाई दोकानहरूमा पहिला नै स्पष्ट रूपमा देखिन थालेको छ। कुल ८० भन्दा अधिक औषधि कम्पनीहरूले १३७ मध्ये १२१ औषधिसित जोड़िएका १,३६६ उत्पादहरूको लागि संशोधित एमआरपी सूचना दिएका छन्। यी उत्पादहरू मध्ये प्रत्येक ५ मध्ये ४ भन्दा अधिकको मूल्य कम भएको छ। यी औषधिहरूमध्ये लगभग आधाको मूल्य ५० प्रतिशतभन्दा अधिकको कमी आएको छ अनि केही दवाईहरू त पहिलाको तुलनामा ९६ प्रतिशतसम्म कम मूल्यमा उपलब्ध भइरहेका छन्। केमोथेरापीका धेरै चरणहरूको खर्च उठाइरहेका परिवारहरूको लागि, यो कदमले उनीहरूको मासिक उपचार बिलहरूमा धेरै अन्तर आइरहेको छ। पछिल्लो वर्षको खपतको आधारमा बिरामी र उनीहरूका परिवारहरूले प्रत्येक वर्ष लगभग ३,५०० करोड़ रुपियाँको बचत गर्ने आशा गरिएको छ। यो त्यो रकम हो, जुन अत्यधिक 'ट्रेड मार्जिन'–ले उपभोग गर्नुको सट्टा उनीहरूको घरेलु बजेटमा नै रहिरनेछ।

यो निर्णय पछिल्ला अनुभवहरूको आधारमा लिइएको थियो। वर्ष २०१९ मा एनपीपीएले 'ट्रेड मार्जिनको युक्तिकरण' (टीएमआर)–को अभ्यास अन्तर्गत एक प्रायोगिक कार्यक्रम चलाएको थियो, जसमा क्यान्सरका गैर–अनुसूचित श्रेणीका ४२ औषधिहरू सामेल थिए। यसले ५२६ ब्राण्डहरूको एमआरपीमा ९० प्रतिशतसम्मको कमी ल्याएको थियो। अहिले यो प्रक्रियालाई १३७ औषधिहरूको एक ठूलो सूचीसम्म बढ़ाइएको छ। यी औषधिहरूको पहिचान एक विशेषज्ञ समितिका सिफारिशहरूको आधारमा गरिएको छ। यस विशेषज्ञ समितिमा प्रमुख क्यान्सर विशेषज्ञ (अन्कोलजिस्ट), चिकित्सा विशेषज्ञ, अस्पताल विशेषज्ञ र सरकारी प्रतिनिधिहरू सामेल छन्। यो सूचीलाई समय–समयमा अद्यतन गरिइरहनेछ।

एक न्यायसङ्गत स्वास्थ्य व्यवस्थामा विशेष गरी भारत जस्तो देशमा औषधिहरू किफायत हुनु आवश्यक छ। बजारमा उपलब्ध भए तापनि यदि कुनै औषधिलाई धेरै महँगो भएको कारण खरिद गर्न सम्भव भएन भने त्यो बिमारीको कुनै काममा आउन सक्दैन। एनपीपीएले 'आवश्यक वस्तु अधिनियम, १९५५' अन्तर्गत जारी गरिएको 'औषधि (मूल्य नियन्त्रण) आदेश (डीपीसीओ), २०१३' को माध्यमद्वारा औषधिहरूको मूल्यलाई नियमन गर्दछ। जहाँ यो 'आवश्यक औषधिहरूको राष्ट्रिय सूची'–मा सामेल गर्न जरुरी औषधिहरूको अधिकतम मूल्य (सिलिङ प्राइस) निर्धारित गर्दछ, त्यहीँ गैर–अनुसूचित औषधिहरूको मूल्यमा हरेक वर्ष हुने बढ़ोत्तरीमा नजर पनि राख्दछ।

यद्यपि, बजारका आँकड़ाहरूको विश्लेषणले केही गैर–अनुसूचित औषधिहरूको मामिलामा कारखानाबाट निस्किने मूल्य र ग्राहकहरूले तिरेको मूल्य बीचको अन्तर धेरै अधिक रहेको पत्ता लगायो। यसमा क्यान्सरका त्यस्ता औषधिहरू पनि सामेल थिए, जसको खुराक उपचारको क्रममा प्रायः धेरै चोटि तथा बारम्बार लिन आवश्यक हुन्छ। व्यापार शृङ्खला (ट्रेड च्यानल)–मा धेरै अधिक मार्जिन र उपचारमा हुने भारी खर्चलाई ध्यानमा राख्दै सरकारले यो विसङ्गतिलाई दूर गर्नाका लागि कदम उठाएको छ र मार्जिनलाई एमआरपीको ३० प्रतिशतसम्म सीमित गरेको छ।

सरकारले यो पहललाई प्रभावकारी ढङ्गमा लागू गर्ने दिशामा पनि ध्यान केन्द्रित गरिरहेको छ ताकि बिरामी र उनीहरूका परिजनले टीएमआरको पूरा लाभ लिन सकुन्। निर्माताहरूले संशोधित मूल्यहरू प्रत्येक फार्मेसी र अस्पतालसम्म पुग्ने कुरा सुनिश्चित गर्नुपर्छ। यसका साथै, सबै फार्मेसी र अस्पतालहरूले यी मूल्यहरूलाई पारदर्शी तरिकामा प्रदर्शन गर्नुपर्छ र यसलाई कड़ाइका साथ पालना गर्नुपर्छ। बिरामी र उनीहरूको देखरेख गर्नेहरूले एनपीपीए वेबसाइट र 'फार्मा सही दाम' ऐपमा यी संशोधित मूल्यहरूलाई हेर्न सक्छन्। यदि कुनै फार्मेसी वा अस्पतालले निर्धारित मूल्यभन्दा अधिक पैसा असुल गरेको छ भने तब उनीहरूले यसको शिकायत सरकारसमक्ष गर्न सक्नेछन्।

टीएमआरको प्रक्रिया, प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा पछिल्ला १२ वर्षदेखि चलिरहेको स्वास्थ्य क्षेत्रको व्यापक रूपान्तरणको एक हिस्सा हो। यस सरकारले स्वास्थ्यलाई केही चुनिएका मानिसहरूका लागि विशेषाधिकारको रूपमा मात्र होइन, तर विशेष गरी समाजका सबैभन्दा गरीब वर्गहरूका लागि गरिमा, उत्पादकता र सामाजिक न्यायको जगको रूपमा हेरेको छ। 'आयुष्मान भारत'–ले कमजोर परिवारहरूको लागि अस्पतालका सुविधाहरूलाई सुलभतालाई पहुँचयोग्य बनाएको छ। सरकारले क्यान्सर रोकथाम, प्रारम्भिक पहिचान र समयमै उपचारको लागि एक बहुआयामिक दृष्टिकोण अपनाएको छ। राष्ट्रिय स्वास्थ्य मिशन (एनएचएम) अन्तर्गत 'गैर–सञ्चारी रोगहरूको रोकथाम एवं नियन्त्रणको लागि राष्ट्रिय कार्यक्रम' (एनपी–एनसीडी) अन्तर्गत, ५०० भन्दा अधिक 'डे केयर क्यान्सर सेन्टर' स्थापना गरिएको छ, ताकि केमोथेरापी र अन्य क्यान्सर सम्बन्धित डे केयर सेवाहरूमा समयमै पहुँच प्रदान गर्न सकुन्। 'आयुष्मान आरोग्य मन्दिर' ले ३० वर्षभन्दा अधिक आयुका नागरिकहरूको लागि क्यान्सरका आम रोगहरूको नि:शुल्क जाँचको सुविधा प्रदान गरिरहेको छ, जसले गर्दा क्यान्सरको प्रारम्भिक चरणमै पत्तो लगाउन सम्भव हुन्छ।

तृतीयक स्तरको देखरेख (टर्शियरी केयर)–लाई मजबुत बनाउन हेतु, टाटा मेमोरियल सेन्टरले क्यान्सरको व्यापक हेरचाह प्रदान गराउने उद्देश्यले वाराणसी, विशाखापट्टनम, नयाँ चण्डीगढ़, गुवाहाटी, सङ्गरूर र मुजफ्फरपुरमा ६ वटा अस्पताल स्थापना गरेको छ। यस अतिरिक्त, सबै २२ नयाँ एम्समा पनि जाँच, चिकित्सा र शल्यक्रिया सुविधासहित क्यान्सर उपचार सेवाहरू उपलब्ध भइरहेका छन्।

'प्रधानमन्त्री भारतीय जनौषधि परियोजना'–ले किफायती मूल्यमा राम्रो गुणवत्ता भएका जेनेरिक औषधिहरूको उपलब्धता सुनिश्चित गर्दछ। सरकारले जीवन रक्षक एवं आवश्यक औषधिहरूलाई ५० देखि ९० प्रतिशतसम्म छुटमा उपलब्ध गराउने उद्देश्यले 'अमृत' फार्मेसीहरू पनि स्थापना गरेको छ। उपचारको खर्चलाई अझ कम गर्ने उद्देश्यले क्यान्सर, दुर्लभ रोग र दीर्घकालीन रोगहरूसित जोड़िएका ३६ जीवन रक्षक औषधिहरूलाई मूल सीमा शुल्क (बेसिक कस्टम ड्युटी)–बाट पूर्ण रूपमा छुट दिइएको छ। क्यान्सर–रोधी औषधिहरूको 'ट्रेड मार्जिन'–लाई तर्कसङ्गत बनाउने प्रक्रियाले किफायती औषधिहरू उपलब्ध गराउने यसै व्यापक प्रतिबद्धतालाई अझ बलियो बनाउँछ।

त्यति नै महत्त्वपूर्ण कुरा के छ भने टीएमआरको प्रक्रियाले कुन तथ्यलाई रेखाङ्कित गर्दछ भने औषधिहरू किफायती हुनु र फार्मास्युटिकल उद्योग स्वस्थ रूपमा अघि बढ़नु, दुवै एक साथमा चल्नुपर्छ। भारतको औषधि क्षेत्रले हाम्रो स्वास्थ्य सुरक्षा र औषधिहरूको वैश्विक आपूर्तिकर्ताको रूपमा हाम्रो हैसियतमा बराबरको भूमिका खेल्छ। यो सीमा (क्याप) व्यापार शृङ्खलाको मार्जिनमा लागू हुन्छ, जबकि यसले औषधि उत्पादकहरूको बिक्री मूल्यलाई कुनै असर गर्दैन। यस तरिकाले, औषधि निर्माताहरूको वैध आम्दानी सुरक्षित हुन्छ। यसका साथै अनुसन्धान, विकास र नवाचारको प्रक्रियामा निवेश जारी राख्ने उनीहरूको क्षमता पनि कायम रहन्छ।

माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वमा, हामी एक यस्तो स्वास्थ्य प्रणाली बनाउने दिशामा काम जारी राख्नेछौँ, जसले बिरामीहरूको सुरक्षा गर्छ, नवाचारको सम्मान गर्छ, जिम्मेवार उद्योगलाई समर्थन प्रदान गर्छ र मानवीय गरिमालाई केन्द्रमा राख्दछ। कुनै पनि देशको स्वास्थ्य सेवा प्रणालीको सफलता केवल चिकित्सा प्रविधिमा भएको प्रगतिले आधारमा मात्र मापन गर्न सकिँदैन, तर आवश्यकताको समयमा यसका जनतालाई यी सेवाहरूको उपलब्धतालेमापन गर्न सकिन्छ। स्वास्थ्य सेवाका धेरै पक्षहरू छन्, तर यसको केन्द्रमा हरेक नागरिकको लागि किफायती, गुणवत्तापूर्ण र सुलभ स्वास्थ्य सेवा हुनुपर्छ। यो निर्णयको माध्यमद्वारा सरकारले एउटा सोझो तथा सरल सिद्धान्तलाई पुनः दोहोऱ्याएको छ: जीवन रक्षक औषधिहरूमा अत्यधिक मार्जिन भएको कारण कुनै पनि परिवारले यस्तो आर्थिक कठिनाइको सामना गर्न नपरोस्, जसलाई टाल्न सकिन्छ।

(लेखक केन्द्रिय स्वास्थ्य एवं परिवार कल्याण तथा रसायन एवं उर्वरक मन्त्री हुन्)

***

''अमेरिकाको महान् पुनरागमनको शुरुवात''

डेमोक्र्याटले के गर्न सक्छ र के गर्न सक्दैन?

अमेरिकाको मध्यावधि निर्वाचनमा उल्लेखनीय जित हासिल गरेपछि डेमोक्र्याटिक पार्टीले आगामी जनवरीदेखि संसद्का दुवै सदनमा नियन्त्रण कायम गर्ने भएको छ। यससँगै राष्ट्रपति डोनाल्ड ट्रम्पको बाँकी दुई वर्षको कार्यकालमा उनको प्रशासनमाथि संसदीय निगरानी र राजनीतिक दबाब बढ्ने देखिएको छ। निर्वाचन परिणाम सार्वजनिक भएपछि डेमोक्र्याटिक पार्टीको तर्फबाट प्रतिनिधिसभाका नेता हाकिम जेफ्रिजले यसलाई 'अमेरिकाको महान् पुनरागमनको शुरुवात' भनेका छन्। चुनावी अभियानका क्रममा डेमोक्र्याटहरूले सरकारी भ्रष्टाचारको अनुसन्धान गर्ने, स्वास्थ्य सेवा, खाद्यान्न र पेट्रोलियम पदार्थको मूल्य घटाउने तथा इरानसँगको युद्ध अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। अब उनीहरूलाई ती प्रतिबद्धता कार्यान्वयन गर्ने चुनौती छ। तर संसद्का दुवै सदनमा बहुमत हासिल गर्दैमा डेमोक्र्याटहरूले चाहेका सबै योजना तत्काल कार्यान्वयन गर्न सक्ने अवस्था छैन। ह्वाइट हाउसमा रिपब्लिकन राष्ट्रपति ट्रम्प रहेकाले संसद्मा पारित भएका विधेयकसमेत उनले अस्वीकार गर्न सक्छन्। अमेरिकी सिनेटर क्रिस कुन्सले बीबीसीसँग कुरा गर्दै निर्वाचन परिणामलाई आफ्नो पार्टीका लागि जनताको पूर्ण समर्थन अर्थात् 'म्यान्डेट' का रूपमा बुझ्न नहुने बताएका छन्। उनका अनुसार डेमोक्र्याटिक पार्टी अझै पनि जनतामाझ अलोकप्रिय छ। 'हामीले काम गरेर देखाउनुपर्छ। विशेषगरी न्यून ज्याला र बढ़्दो महँगीका विषयमा जनताका प्रश्न र चिन्ताको समाधान दिन सक्नुपर्छ,' उनले भने।

ट्रम्प प्रशासनमाथि अनुसन्धान गर्न सक्ने

कंग्रेसका दुवै सदनमा बहुमत पाएपछि डेमोक्र्याटहरूले राष्ट्रपति ट्रम्प र उनको प्रशासनमाथि संसदीय निगरानी तथा अनुसन्धानलाई तीव्र बनाउन सक्नेछन्। क्यालिफोर्नियाका सांसद रोबर्ट गार्सियाले प्रतिनिधिसभाको महत्त्वपूर्ण निगरानी समितिको नेतृत्व गर्नेछन्। उक्त समितिसँग सरकारी निकाय, राष्ट्रपति र उनको प्रशासनसँग सम्बन्धित विषयमा अनुसन्धान गर्ने अधिकार हुन्छ। निर्वाचनमा डेमोक्र्याटहरूको जित सुनिश्चित हुँदै गर्दा गार्सियाले सम्भावित अनुसन्धानका विषय सार्वजनिक गरेका थिए। त्यसमा ट्रम्पको परिवार, कर्पोरेट क्षेत्रको भ्रष्टाचार, गृह सुरक्षा मन्त्रालय र अध्यागमन तथा भन्सार कार्यान्वयन निकाय (आइस) माथि लागेका दुरूपयोगका आरोप तथा जेफ्री एप्स्टिनसम्बन्धी सरकारी दस्ताबेजको व्यवस्थापनलगायत विषय छन्। कंग्रेसका समितिहरूले अनुसन्धानका क्रममा सम्बन्धित अधिकारीहरूलाई बोलाएर बयान लिन र आवश्यक दस्ताबेज माग गर्न सक्छन्। यसले ट्रम्प प्रशासनलाई आगामी दुई वर्ष संसदीय प्रश्न र छानबिनको सामना गर्नुपर्ने अवस्था सिर्जना गर्न सक्छ। गार्सियाले सम्भावित अनुसन्धानबारे प्रतिक्रिया दिँदै भनेका छन्, 'वकिल तयार राख्नुहोस्।'

न्यायाधीश र मन्त्री नियुक्तिमा सिनेटको भूमिका

डेमोक्र्याटहरूले सिनेटमा नियन्त्रण पाएपछि राष्ट्रपति ट्रम्पका मन्त्री तथा सङ्घीय न्यायाधीश नियुक्तिसम्बन्धी निर्णयमा पनि प्रभाव पार्न सक्नेछन्। अमेरिकी संविधानअनुसार राष्ट्रपतिले प्रस्ताव गरेका मन्त्रिपरिषद्का सदस्य र सङ्घीय न्यायाधीशहरूको नियुक्ति सिनेटबाट अनुमोदित हुनुपर्छ। त्यसैले ट्रम्पको कार्यकालमा अमेरिकी सर्वोच्च अदालतमा कुनै पद रिक्त भएमा डेमोक्र्याटहरूले उनको प्रस्तावित उम्मेदवार अस्वीकार गर्न सक्छन्। अथवा द्विदलीय समर्थन प्राप्त गर्न सक्ने तुलनात्मक रूपमा मध्यमार्गी उम्मेदवार छनोट गर्न राष्ट्रपतिमाथि दबाब दिन सक्छन्।

ट्रम्पविरुद्ध महाभियोगको सम्भावना

प्रतिनिधिसभासँग राष्ट्रपतिविरुद्ध महाभियोग प्रक्रिया शुरु गर्ने अधिकार पनि छ। डेमोक्र्याटहरूले ट्रम्पको पहिलो कार्यकालमा दुईपटक महाभियोग प्रस्ताव पारित गरेका थिए। तर दुवैपटक सिनेटले उनलाई दोषी ठहर नगरी सफाइ दिएको थियो। महाभियोगबाट राष्ट्रपतिलाई पदमुक्त गर्न सिनेटमा दुईतिहाइ अर्थात् ६७ मत आवश्यक पर्छ। त्यसैले प्रतिनिधिसभामा बहुमत भए पनि डेमोक्र्याटहरूका लागि ट्रम्पलाई पदबाट हटाउने प्रक्रिया सफल बनाउनु कठिन हुनेछ। त्यसबाहेक, ट्रम्पविरुद्ध फेरि महाभियोग प्रक्रिया अघि बढ़ाउने कि नबढ़ाउने भन्ने विषयमा डेमोक्र्याटिक पार्टीभित्रै मतभेद छ। सन् २०१९ मा पहिलो महाभियोग प्रक्रियाले अमेरिकी राजनीतिमा तीव्र ध्रुवीकरण निम्त्याएको थियो। ट्रम्पले आफूलाई राजनीतिक प्रतिशोधको सिकारका रूपमा प्रस्तुत गरेका थिए, जसले उनको दोस्रो पटक राष्ट्रपति बन्ने अभियानमा समर्थन जुटाउन सहयोग गरेको विश्लेषण गरिएको थियो। प्रतिनिधिसभाका नेता जेफ्रिजले महाभियोगबारे आफ्नो धारणा स्पष्ट पारेका छैनन्।

कानुन निर्माणमा ट्रम्पको भिटो अधिकार बाधक

कंग्रेसका दुवै सदनमा सहज बहुमत भए पनि डेमोक्र्याटहरूका लागि आफ्नो चुनावी प्रतिबद्धतालाई कानुनमा परिणत गर्नु सबैभन्दा ठूलो चुनौती हुनेछ। अमेरिकी व्यवस्थाअनुसार कंग्रेसबाट पारित विधेयक कानुन बन्न राष्ट्रपतिको हस्ताक्षर आवश्यक पर्छ। राष्ट्रपतिले विधेयकमा भिटो अर्थात् अस्वीकृति जनाउन सक्छन्। राष्ट्रपतिको भिटो असफल बनाउन प्रतिनिधिसभा र सिनेट दुवैमा दुईतिहाइ बहुमत आवश्यक हुन्छ। डेमोक्र्याटहरूसँग त्यस्तो बहुमत छैन। निर्वाचनमा आफ्नो पार्टीले सिनेटका विभिन्न सिट गुमाउँदै गएपछि राष्ट्रपति ट्रम्पले न्यूयोर्क टाइम्ससँग कुरा गर्दै डेमोक्र्याटहरूसँग सहकार्य गर्ने बताएका थिए।

''हामी डेमोक्र्याटहरूसँग काम गर्नेछौँ। उनीहरूसँग सहकार्य गर्न चाहन्छौँ। सम्भवतः कुनै समाधान निकाल्नेछौँ,'' उनले भनेका थिए। तर त्यसको केही मिनेटपछि नै उनले आफ्नो सामाजिक सञ्जाल ट्रुथ सोसलमा 'भिटो' लेखिएको रातो चुनावी टोपीको तस्बिर सार्वजनिक गरे। यसले डेमोक्र्याटहरूको नियन्त्रणमा रहने कंग्रेससँग उनको प्रशासनको सम्बन्ध कस्तो हुनेछ भन्ने प्रश्न उठाएको छ।

स्वास्थ्य सेवामा कटौती उल्टाउने प्रयास

डेमोक्र्याटहरूले आफ्नो प्राथमिकतामा स्वास्थ्य सेवासम्बन्धी रिपब्लिकन प्रशासनका निर्णय उल्ट्याउने विषय राखेका छन्। विशेषगरी न्यून आय भएका नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउने मेडिकेड कार्यक्रम र ओबामाकेयर बजारसँग सम्बन्धित कर छुटमा गरिएको कटौती पुनःस्थापित गर्ने उनीहरूको योजना छ। जेफ्रिजले सेप्टेम्बरमा स्वास्थ्यकर्मीहरूसँगको एक कार्यक्रममा प्रतिनिधिसभाका डेमोक्र्याटहरूको प्रमुख प्राथमिकता मेडिकेडमा गरिएको कटौती उल्ट्याउनु र अफोर्डेबल केयर एक्टअन्तर्गतका कर छुट विस्तार गर्नु रहेको बताएका थिए। तर ट्रम्पको भिटो अधिकारका कारण यी योजनासमेत कार्यान्वयन गर्न रिपब्लिकन प्रशासनसँग सहमति जुटाउनुपर्ने हुन सक्छ।

इजरायल र इरान नीतिमा पार्टीभित्रै मतभेद

डेमोक्र्याटहरूका लागि अर्को चुनौती आफ्नै पार्टीभित्रको मतभेद व्यवस्थापन गर्नु हुनेछ। इजरायललाई अमेरिकी सैन्य सहायता निरन्तर उपलब्ध गराउने विषयमा मध्यावधि निर्वाचनकै क्रममा डेमोक्र्याटिक पार्टीभित्र मतभेद देखिएको थियो। मिचिगनका नवनिर्वाचित सिनेटर अब्दुल एल–सयदसहित केही सांसदले इजरायललाई दिइँदै आएको अमेरिकी सहायता सीमित गर्ने विधेयकको पक्षमा मतदान गर्ने प्रतिबद्धता जनाएका थिए। तर पार्टी नेतृत्वको धारणा फरक भएमा उनीहरूलाई आफ्नै पार्टीभित्रबाट अवरोध आउन सक्छ। त्यस्तै, एआई उद्योगको नियमन, सर्वसाधारणको जीवनयापन खर्च घटाउने नीति र इरानसँगको युद्धमा अमेरिकी संलग्नता सीमित गर्ने विषयमा पनि दुवै पार्टीबीच सहमति जुटाउन कठिन हुन सक्छ। सन् २०२८ को राष्ट्रपति निर्वाचनलाई ध्यानमा राखेर रिपब्लिकनहरूले डेमोक्र्याटहरूलाई राजनीतिक सफलता हासिल गर्न सहयोग नगर्न सक्ने सम्भावना पनि छ।

इरान युद्ध रोक्न कंग्रेसको अधिकार कति प्रभावकारी?

राष्ट्रपति ट्रम्पको विदेश नीतिमाथि नियन्त्रण कायम गर्नु पनि डेमोक्र्याटहरूका लागि चुनौतीपूर्ण हुनेछ। मध्यावधि निर्वाचनअघि नै ■■■ रहल पृष्ठ ७ मा

स्वास्थ्य

ओस्टिओपोरोसिसः जसले हड्डी भित्रैबाट कमजोर बनाउँछ

ओस्टिओपोरोसिस एक प्रकारको हड्डीसम्बन्धी रोग हो, जसमा हड्डीहरूको घनत्व घटेर पातलो भई खोक्रो अवस्थामा हुन्छन्। सरल भाषामा भन्नुपर्दा हड्डीहरू भित्रभित्रै खोक्रो र कमजोर हुन्छन्, जसले गर्दा सामान्य क्रियाकलापमा पनि हड्डी भाँचिने खतरा बढ्छ।



मधुमेह र उच्च रक्तचापको समस्या। प्रायः सबैले यो समस्याबारे सुनेका छन्। उही मात्रामा सताउने ओस्टिओपोरोसिस भन्ने रोग अझै धेरैका लागि अपरिचित छ। यी दुवै समस्या जस्तो नसर्ने तर जनस्वास्थ्यमा गम्भीर प्रभाव पार्ने रोग हो, ओस्टिओपोरोसिस जसले हड्डीलाई भित्रैदेखि कमजोर बनाउँछ। सबैभन्दा बढ़ी बुढ्यौलीको जीवनस्तरमा ठूलो असर पार्छ।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ)-का अनुसार विश्वभरि करोड़ौं मानिस यस रोगबाट प्रभावित छन्। विकासशील देशहरूमा यो समस्या बढ्दो क्रममा छ। यो रोगलाई समयमै पहिचान गरेर नियन्त्रण गर्न सकिन्छ।

के हो ओस्टिओपोरोसिस?

ओस्टिओपोरोसिस एक प्रकारको हड्डीसम्बन्धी रोग हो, जसमा हड्डीहरूको घनत्व घटेर पातलो भई खोक्रो अवस्थामा हुन्छन्। सरल भाषामा भन्नुपर्दा हड्डीहरू भित्रभित्रै खोक्रो र कमजोर हुन्छन्, जसले गर्दा सामान्य क्रियाकलापमा पनि हड्डी भाँचिने खतरा बढ्छ।

हाम्रो शरीरमा हड्डीहरू निरन्तर निर्माण र टुक्रिने प्रक्रिया चलिरहन्छ। युवावस्थामा हड्डी निर्माण बढ़ी हुन्छ, तर उमेर बढ्दै जाँदा यो प्रक्रिया सुस्त हुन्छ। ओस्टिओपोरोसिसमा हड्डी टुक्रिने बढ़ी र निर्माण कम हुन्छ, जसले हड्डीलाई खोक्रो बनाउँछ। चिकित्सा क्षेत्रमा यो रोगलाई 'साइलेन्ट किलर' पनि भनिन्छ।

किनकि, यसका लक्षणहरू प्रारम्भिक चरणमा देखिँदैनन्। जब हड्डी भाँचिन्छ, तब मात्र थाहा हुन्छ। यो रोग विशेषगरी महिलाहरूमा बढ़ी देखिन्छ, तर पुरुषहरूलाई पनि हुनसक्छ।

यो रोगले मुख्य रूपमा कुहिनो, मेरुदण्ड, नाडी र अन्य हड्डीहरूलाई प्रभावित गर्छ। यदि समयमै उपचार नगरे, यसले दिव्याङ्ग हुनसक्छ।

कारण

मुख्य रूपमा यो उमेरसँग सम्बन्धित छ। तर, अन्य कारकहरूले पनि नहोला भन्न सकिन्न। पहिलो कारण हो, हर्मोनल परिवर्तन। महिलाहरूमा रजोनिवृत्ति (मेनोपोज) पछि एस्ट्रोजन हर्मोनको कमीले हड्डीको घनत्व घटाउँछ। पुरुषहरूमा टेस्टोस्टेरोन हर्मोनको कमीले पनि यस्तो हुन्छ।

दोस्रो, पोषणको कमी। क्याल्सियम र भिटामिन डी हड्डीको मुख्य निर्माण सामग्री हुन्। यी तत्त्वहरूको कमीले हड्डी कमजोर हुन्छ। सूर्यको प्रकाशबाट भिटामिन डी प्राप्त हुने भए तापनि, घरभित्र बस्ने बानी र असन्तुलित खानाले यो कमी हुन्छ।

तेस्रो, जीवनशैली। धूम्रपान, अत्यधिक मदिरा सेवन र शारीरिक निष्क्रियताले हड्डीको स्वास्थ्य बिगार्छ। चौथो, आनुवंशिकता। यदि परिवारमा यो रोगको इतिहास छ भने जोखिम बढ्छ। पाँचौं, केही रोग र औषधिजस्तै थाइरोइड समस्या, रूमाटोइड अर्थराइटिस, सेलियाक डिजिजजस्ता रोगहरूले हड्डीलाई प्रभावित गर्छ।

स्टेरोइडजस्ता औषधिहरूको लामो प्रयोगले पनि यो रोग निम्त्याउँछ।

कसलाई बढी जोखिम हुन्छ ?



सोडियमयुक्त खानाले क्याल्सियमको अवशोषण घटाउँछ।

लक्षण

यो रोगको डरलाग्दो पक्ष भनेको प्रारम्भिक लक्षणहरू नदेखिनु हो। धेरैजसो अवस्थामा हड्डी भाँचिएपछि मात्र थाहा हुन्छ।

ढाड दुखाइः मेरुदण्डको हड्डी कमजोर हुँदा ढाडमा दुखाइ हुन्छ, जसलाई सामान्य दुखाइ ठानेर बेवास्ता गरिन्छ।

उँचाइ घट्नुः हड्डीहरू सङ्कुचित हुँदा उँचाइ १-२ इञ्च घट्छ।

सजिलै हड्डी भाँचिनुः सामान्य गिरावटमा पनि कुहिनो, नाडी वा मेरुदण्ड भाँचिन्छ।

दुखाइ र हड्डी सुनिन्नुः भाँचिएको ठाउँमा दुखाइ हुनु।

थकान र कमजोरीः हड्डी कमजोर हुँदा समग्र शारीरिक कमजोरी महसुस हुन्छ।

उपचार

यदि समयमै डेक्सा स्क्यान गरी यो रोग पत्ता लगाउन सकिन्छ। ओस्टिओपोरोसिसको उपचारमा सामान्य अवस्थामा औषधि, क्याल्सियम-भिटामिन डी सप्लिमेन्ट, व्यायाम र स्वस्थ जीवनशैलीले नियन्त्रण गर्न सकिन्छ। बिस्फोस्फोनेट्स, डेनोसुम्याबजस्ता औषधिले हड्डीको घनत्व बढ़ाउँछ, तर जटिल अवस्थामा, विशेषगरी हड्डी भाँचिएमा (जस्तै, कूल्हा वा मेरुदण्ड), शल्यक्रिया (जस्तै, हिप रिप्लेसमेन्ट वा भर्टिब्रोप्लास्टी) आवश्यक पर्छ।

ओस्टिओपोरोसिसबाट कसरी बच्ने?

➢ हड्डी र मांसपेशी बलियो बनाउन हप्तामा कम्तीमा चार-पाँच दिन हल्का वा मध्यम व्यायाम गर्नुपर्छ।

➢ वयस्कलाई दैनिक सातदेखि १२०० मिलिग्राम क्याल्सियम र ७००-८०० युनिट भिटामिन डी आवश्यक हुन्छ। स्रोतहरूमा दूध, दही, चिज, गेडागुडी, च्याउ, सोयाबिन, बन्दाकोपी, ब्रोकाउली, मटरकोसा, सुन्तला, अण्डा, माछा र कलेजो पर्छन्।

➢ शरीरलाई चाहिने भिटामिन डी को ८० प्रतिशतभन्दा बढ़ी घामबाट नै बन्ने भएकाले हप्तामा ३-४ दिन बिहान १० देखि दिउँसो २ बजीसम्म १५-२० मिनटजति घाममा बस्नुपर्छ। कालो छालाका वा ७० वर्षभन्दा माथिका व्यक्तिले अलि बढ़ी समय घाममा बस्नुपर्छ।

➢ खाना र घामबाट पर्याप्त क्याल्सियम/भिटामिन डी नपाएमा मात्रै चिकित्सकको सल्लाह अनुसार पूरक औषधि लिनुपर्छ। तर, लामो समयसम्म अनियन्त्रित रूपमा सेवन गर्दा पाचन समस्या, मुटुको रोग वा मिर्गौलाको पत्थरीको जोखिम बढ़न सक्छ।

➢ रक्सी, सुर्तीजन्य पदार्थ र धुम्रपानले ओस्टिओपोरोसिसको जोखिम बढ़ाउँछ।

➢ मधुमेह भएका व्यक्तिमा हड्डी कमजोर हुने सम्भावना बढ़ी हुन्छ। तसर्थ, उनीहरूले विशेष ध्यान दिनुपर्छ।

➢ गर्भवती महिलाले क्याल्सियमयुक्त खाना र चिकित्सकको सल्लाहअनुसार पूरक चक्की नियमित सेवन गर्नुपर्छ।

➢ दीर्घकालसम्म प्रयोग हुने केही औषधिजस्तै प्रेड्निसोलोन, क्यान्सर औषधि, ग्यास्ट्रिकको औषधि, लिथियम वा हेपारिनले हड्डी कमजोर बनाउन सक्छ।

➢ ओस्टिओपोरोसिस भएका व्यक्तिमा सानो लड़ाइँले पनि कम्मर वा मेरुदण्ड भाँचिन सक्छ। लट्ठी प्रयोग गर्ने, रेलिङ समात्ने र चिप्लो बाटोबाट जोगिने बानी अपनाउनुपर्छ।

➢ ओस्टिओपोरोसिसका बिरामीमा अर्कोपटक हड्डी भाँचिने सम्भावना लगभग ८० प्रतिशत हुन्छ। त्यसैले चिकित्सकको सल्लाहअनुसार नियमित औषधि र फलोअप गर्नुपर्छ।

जीवन र मृत्युको क्रूर असमानता

धनी देशमा निको हुने क्यान्सरले गरीब देशमा किन लिन्छ ज्यान?

द लासेन्ट जर्नलमा प्रकाशित एक नयाँ अध्ययनले कम र मध्यम आय भएका देशहरूमा महिलाहरूलाई हुने स्तन क्यान्सर र सर्वाइकल क्यान्सर अर्थात् गर्भाशयको मुखमा हुने क्यान्सरको अवस्थाबारे गम्भीर तथ्यहरू उजागर गरेको हो।

रिपोर्टका अनुसार, क्यान्सर पहिचानमा ठूलो असमानता रहेको देखिएको छ। गरीब तथा



विकासोन्मुख देशहरू स्तन र गर्भाशयको मुखमा हुने क्यान्सरबाट पीड़ित २० प्रतिशतभन्दा कम महिलामा मात्र रोगको पहिचान शुरुआती चरणमा हुने गरेको छ।

विकसित/उच्च आय भएका देशहरू यसको तुलनामा, प्रत्येक पाँचमध्ये दुई महिला (अर्थात् ४० प्रतिशत वा सोभन्दा बढ़ी)-को क्यान्सर प्रारम्भिक अवस्थामै पत्ता लाग्छ।

अध्ययनअनुसार, कम आय भएका देशहरूमा अधिकांश क्यान्सरका घटनाहरू रोग निकै बढ़िसकेपछि मात्र पत्ता लाग्छ। यसले गर्दा यी देशका महिलाहरूको जीवित रहने सम्भावना विकसित देशका महिलाहरूको तुलनामा धेरै कम हुन्छ।

विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार स्तन क्यान्सरजस्ता आक्रामक ट्युमरहरूको निदान ६० दिनभित्र हुनुपर्छ र उपचार ९० दिनभित्र शुरु हुनुपर्छ। तर, न्यून तथा मध्य आय भएका देशमा समयसीमाको गम्भीर उल्लङ्घन भएको पाइएको छ।

विकसित देशमा धेरैजसो प्रारम्भिक चरणको क्यान्सरको व्यवस्थापन एक महिनाभित्रै शुरु हुन्छ। तर, गरीब/विकासोन्मुख देशमा पाठेघरको मुख र डिम्बाशयको क्यान्सरको निदान तथा उपचार शुरु गर्न चार महिनासम्म ढिलाइ हुने गरेको छ।

त्यस्तै, स्तन क्यान्सरको निदान तथा उपचार शुरु गर्न एक वर्षसम्म पनि लाग्न सक्छ, जसले गर्दा बिरामीको रोग धेरै बढ़िसकेको हुन्छ।

अनुसन्धानले उपचारको प्रोटोकलमा पनि ठूलो अन्दर रहेको देखाएको छ। प्रारम्भिक स्तन क्यानरको हकमा फ्रान्समा शल्यक्रिया र रेडियोथेरापी ८२ प्रतिशत महिलाले गर्दा जर्जियामा यो सङ्ख्या १३ प्रतिशत मात्र रहेको छ।

क्यानडाका ९० प्रतिशत महिलाले पाठेघरको मुखको क्यान्सरमा केमोथेरापीबाट उपचार गर्दा मङ्गोलियामा यो सङ्ख्या १८ प्रतिशत मात्र रहेको अनुसन्धानबाट खुलासा भएको हो।

त्यस्तै, मेटास्टेटिक डिम्बाशयको क्यान्सरमा अमेरिकाका ५३ प्रतिशत महिलाले शल्यक्रिया र केमोथेरापीबाट उपचार गर्दा क्युबामा यो सङ्ख्या नौ प्रतिशत मात्र रहेको छ।

गरीब देशमा उपचारबीचमै छोड्ने समस्याले पनि मृत्युदर बढ़ाएको देखिएको छ।

लण्डन स्कूल अफ् हाइजीन एण्ड ट्रोपिकल मेडिसिनको 'वीनसक्यान्सर' परियोजनाअन्तर्गत गरिएका यस अनुसन्धानले ढिलो पहिचानका लागि जिम्मेवार केही प्रमुख कारक पहिचान गरेको छ।

जसअनुसार, प्राथमिक स्वास्थ्य संरचनाको कमीका कारण नागरिकहरू आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित हुन पुग्छन्।

स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सरजस्ता जाँच गर्ने सुविधाहरूको कमीका कारण पनि रोग ढिलो पत्ता लाग्ने गरेको छ।

स्वास्थ्य सेवामा पहुँच, चेतनाको कमी र महिलाहरूलाई क्यान्सर जाँच गराउनबाट रोक्ने अन्य सामाजिक-सांस्कृतिक चुनौतीहरूले पनि यो दर बढ़ाइरहेको अनुसन्धानमा प्रतिवेदनमा उल्लेख छ।

शोधकर्ताहरूले ३९ देशका दुई लाख ७५ हजारभन्दा बढ़ी महिलाहरूको तथ्याङ्कको विश्लेषण गरेर यो निष्कर्ष निकालेका हुन्। यसमा निदान, उपचार र अन्तरराष्ट्रिय दिशानिर्देशहरूको पालनासँग जोड़िएका प्रवृत्तिहरूको मूल्याङ्कन गरिएको थियो।

मोटोपनको कुरामा किन महिलाहरू बढ़ी चिन्तित हुन्छन्?

मोटोपनले महिलामा पुरुषको तुलनामा बढ़ी मानसिक तनाउ र सामाजिक भेदभाव निम्त्याउँछ, जसले आत्मसम्मान र मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्छ।

मोटोपन एक स्वास्थ्य समस्या मात्र होइन, यो सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक दृष्टिकोणबाट पनि गहन प्रभाव पार्ने मुद्दा हो। विशेष गरी मोटोपनले पुरुषहरूको तुलनामा महिलाहरूमा बढ़ी तनाउ निम्त्याउँछ। यसको कारण महिलाको शारीरिक सुन्दरताको मापदण्डलाई पातलो र आकर्षक शरीरसँग जोड्ने सामाजिक अपेक्षा हो।

मोटोपनले महिलाहरूलाई बढ़ी तनाउ दिनुका पछाड़ि सामाजिक अपेक्षा, मानसिक स्वास्थ्य प्रभाव, लैङ्गिक भेदभाव, स्वास्थ्य जोखिम, शारीरिक असुविधा र हर्मोनल असन्तुलनजस्ता बहुआयामिक कारणहरू छन्।

सामाजिक र सांस्कृतिक दबाउ

समाज र संस्कृतिमा महिलाको शारीरिक सुन्दरताको मापदण्ड प्रायः पातलो र आकर्षक शरीरसँग जोड़िएको हुन्छ। मिडिया, विज्ञापन र सामाजिक सञ्जालले यस्ता सौन्दर्य मापदण्डलाई प्रोत्साहन गर्छन्, जसले मोटोपन भएका महिलालाई आफ्नो शरीरप्रति असन्तुष्टि हुने र तनाउ उत्पन्न गराउँछ।

पुरुषको तुलनामा महिलाहरूलाई यो दबाउ बढ़ी सहनुपर्छ। एक मेटा-एनालिसिसले पनि यो देखाएको छ- मोटोपन भएका व्यक्तिहरू आफ्नो शरीरप्रति बढ़ी असन्तुष्ट हुन्छन् र यो असन्तुष्टि महिलामा बढ़ी प्रचलित हुन्छ किनभने सामाजिक अपेक्षाहरूले महिलालाई शारीरिक रूपमा 'सुन्दर' हुनुपर्ने दबाउ दिन्छ।

यसबाहेक, मिडियाले प्रचारित अवास्तविक छविले महिलाहरूमा शरीरको छविसँग सम्बन्धित तनाउ बढ़ाउँछ, जसले मानसिक स्वास्थ्यलाई प्रभावित गर्छ।

सामाजिक सञ्जालमा देखाइने आदर्श शरीरका छविहरूले महिलाहरूलाई निरन्तर तुलना गर्न बाध्य बनाउँछन्। विशेष गरी सुत्केरीपछि छिट्टै तौल घटाउने ट्रेन्डले थप दबाउ सिर्जना गर्छ। यसले महिलाहरूलाई आफूलाई अपर्याप्त ठान्न बाध्य बनाउने मनोविद् गृष्मा पनेरू बताउँछिन्।

आत्मसम्मान र मानसिक स्वास्थ्य

मोटोपन भएका महिलाहरू प्रायः आफ्नो शारीरिक बनावटप्रति हीनताबोध गर्छन्, जसले आत्मविश्वास कम गर्ने पनेरू बताउँछिन्। ''यो अवस्थाले अवसाद, चिन्ता र तनाउजस्ता मानसिक स्वास्थ्य समस्याहरूलाई बढ़ावा दिन्छ' पनेरू भन्छिन्, ''सामाजिक भेदभाव वा आलोचनाले यो तनाउलाई झन् बढ़ाउँछ।''

तनाउलाई सामना गर्न महिलाहरूले उच्च क्यालोरीयुक्त खाना खाने वा व्यायाम नगर्ने गर्दा यसले मोटोपन र तनाउको चक्रलाई थप बढ़ाउने अनुसन्धानहरूले देखाएको उनको भनाइ छ।

यसबाहेक, महिलाहरूमा मोटोपनले मानसिक स्वास्थ्य समस्याजस्तै अवसादको जोखिम बढ़ाउँछ, जसमा लिङ्गमा आधारित तनाउ प्रतिक्रिया प्रमुख हुन्छ र यो पुरुषहरूमा कम देखिन्छ।''

मोटोपनले महिलामाथि पर्ने मानसिक दबाउ शरीरको कारणले मात्र होइन, समाजले महिलाको शरीरलाई हेर्ने दृष्टिकोण, टिप्पणी र अपेक्षाहरूका कारण भएको उनले बताइन्।

पनेरूका अनुसार महिलामा मोटोपनको समस्या देखिने र शारीरिक बनावटमा परिवर्तन हुने मुख्य तीनवटा कारण हुन्छन्। पहिलो महिनावारीको समयमा शरीरमा परिवर्तन हुन्छ। त्यसपछि दोस्रो गर्भ अवस्थामा र तेस्रो रजनोवितृको समयमा। यी तीनवटा अवस्थामा महिलाको शरीरमा परिवर्तन हुन्छ। विशेषगरी गर्भावस्था र सुत्केरीपछि छः महिना पछाड़ि तौल कम गर्नुपर्छ भन्ने खालको मानसिकताको विकास भएको छ।

''यदि कसैको नानी जन्मिसक्यो त्यस पछाड़ि छः महिना एक वर्षसम्म पनि तौल नियन्त्रण भएन भने तौल घटाउन पर्छ भन्ने दबाउ दिन थालिन्छ''-पनेरू भन्छिन्, ''नानी जन्मेको धेरै समय भइसक्यो तैपनि मोटी नै छौ त भन्ने प्रश्न गरिन्छ।''

लैङ्गिक असमानता र भेदभाव

मोटोपन भएका महिलाहरूलाई कार्यस्थल, सामाजिक समारोह वा व्यक्तिगत सम्बन्धमा भेदभावको सामना गर्नुपर्ने सम्भावना बढ़ी हुन्छ। यो भेदभावले आत्मविश्वासमा कमी ल्याउँछ र तनाउको स्तर बढ़ाउँछ। मोटोपन भएका महिलाहरूले पुरुषहरूको तुलनामा बढ़ी तनाउपूर्ण घटनाहरू अनुभव गर्छन्, जसमा सामाजिक भेदभाव र कार्यस्थलमा असमानता प्रमुख छन्।

यसको उदाहरण दिँदै मनेविद् पनेरु भन्छिन्, ''मध्यम मोटोपन भएका महिलाहरूले सामान्य तौल भएका महिलाहरूको तुलनामा बढ़ी असमानताहरू सामना गर्छन्, जबकि पुरुषहरूमा यो प्रभाव कम हुन्छ।''

यसले लैङ्गिक असमानताको कारणले महिलाहरूमा तनाउको स्तरलाई थप बढ़ाउँछ। समाजमा महिलाहरूलाई सुन्दरताको आधारमा मूल्याङ्कन गर्ने प्रवृत्तिले यो भेदभावलाई बढ़ावा दिन्छ, जसले महिलाहरूलाई निरन्तर तनाउमा राख्छ।

स्वास्थ्यसम्बन्धी चिन्ता

मोटोपनले मधुमेह, उच्च रक्तचाप, हृदय रोग र प्रजनन स्वास्थ्य समस्याजस्तै पीसीओएस जस्ता रोगहरूको जोखिम बढ़ाउँछ। महिलाहरूमा यी स्वास्थ्य समस्याहरूले विशेषगरी गर्भावस्था र प्रजनन क्षमतामा प्रभाव पार्न सक्छ, जसले थप मानसिक तनाउ निम्त्याउँछ।

महिलाहरूमा तनाउ बढ़ी हुँदा कोर्टिसोल हर्मोनको उत्पादन बढ़ाउँछ, जसले चिन्तासँग सम्बन्धित तौल वृद्धि र मोटोपना सम्बन्धित मेटाबोलिक विकारहरू निम्त्याउने मधुमेह, हर्मोन तथा थाइराइड रोग विशेषज्ञ डा. विनय भट्टराई बताउँछन्।

उनका अनुसार यसबाहेक, महिलाहरूमा मोटोपनले प्रजनन स्वास्थ्यमा बढ़ी प्रभाव पार्छ, जसमा गर्भावस्थाका जटिलता र हृदय रोगको जोखिम बढ़ी हुन्छ र यो तनाउको प्रमुख स्रोत बन्छ।

शारीरिक असुविधा र जीवनशैली

मोटोपनले शारीरिक गतिविधिमा कठिनाइ, थकान, जोर्नी दुखाइ र अन्य शारीरिक असुविधाहरू निम्त्याउँछ, जसले दैनिक जीवनलाई प्रभावित गर्छ। घरायसी काम, बच्चाको हेरचाह वा अन्य जिम्मेवारीमा यस्ता समस्याहरूले महिलालाई थप तनाउ दिने मनोविद् पनेरू बताउँछिन्।

महिलाहरूमा शरीरको फ्याट प्रतिशत पुरुषहरूको तुलनामा बढ़ी हुन्छ र यो फ्याट मुख्य रूपमा कम्मर र फिलामा जम्मा हुन्छ, जसले शारीरिक असुविधा र जीवनशैलीमा प्रभाव बढ़ाउँछ। यसबाहेक, तनाउबाट उत्पन्न हुने मस्तिष्कका प्रतिक्रियाहरूले थकान र तनाउसमेत बढ़ाउँछ।

यी असुविधाहरूले महिलाहरूलाई सक्रिय जीवनशैली अपनाउन कठिन बनाउँछ, जसले तौल नियन्त्रणलाई झन् चुनौतीपूर्ण बनाउँछ र तनाउको चक्रलाई जारी राख्ने पनेरूले बताइन्।

हर्मोनल प्रभाव

मोटोपनले महिलाहरूमा हर्मोन असन्तुलनजस्तै इस्ट्रोजनको स्तरमा परिवर्तन निम्त्याउँन सक्छ, जसले मुड स्विङ, चिडचिडापन र तनाउलाई बढ़ाउँछ । यो पुरुषहरूमा कम देखिन्छ।

मोटोपन भएका व्यक्तिहरूमा इन्सुलिनस्तर बढ़ी हुन्छ र तनाउले यो स्तरलाई थप बढ़ाउँछ, जसले महिलाहरूमा हर्मोनल परिवर्तनहरू बढ़ी प्रभावकारी बनाउने डा.भट्टराईले बताए। डा.भट्टराईअनुसार महिलाहरूमा मोटोपनका कारणहरू पुरुषहरूभन्दा फरक हुन्छन्, जसमा हर्मोनल र तनाउ-सम्बन्धित कारकहरू प्रमुख छन्।

अफगानिस्तानमा तालिबानको अघोषित प्रतिबन्ध

पुरुष चिकित्सकले महिलाको उपचार गर्न नपाउने



काबुल, १३ नोभेम्बरः अफगानिस्तानमा तालिबानले महिलामाथि लगाएका प्रतिबन्ध थप कड़ा बनाउँदै पुरुष चिकित्सक र दन्त चिकित्सकलाई महिला बिरामीको उपचार गर्न अनौपचारिक रूपमा रोक लगाएको छ। आकस्मिक अवस्थामा समेत महिलासँग पुरुष अभिभावक (महरम) अनिवार्य हुनुपर्ने नियम लागू गरिएको छ। यसले महिलाका लागि आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्नसमेत कठिन बनाएको छ। द गार्जियन र जान टाइम्सको संयुक्त प्रतिवेदनअनुसार, पुरुष चिकित्सकले महिलाको उपचार गर्न नपाउने अघोषित प्रतिबन्धका कारण धेरै महिला उपचारबाट वञ्चित भएका छन्। तालिबानले औपचारिक घोषणा नगरे पनि अस्पताल र निजी क्लिनिकहरूमा यस्तो नियम कार्यान्वयन भइरहेको छ।

यसको प्रत्यक्ष मारमा हेरात सहरकी ३७ वर्षीया फरीदा (परिवर्तित नाम) परेकी छन्। यसै वर्ष इरानबाट फर्किएकी उनको परिवार आर्थिक समस्यासँग जुधिरहेको छ। दाँतमा असह्य पीड़ा भएपछि उनी जुलाईको शुरुवातमा एक दन्त क्लिनिक पुगेकी थिइन्। चिकित्सकले नक्कली दाँत प्रत्यारोपण गर्न सुझाव दिएपछि उनले उपचारको सम्पूर्ण रकम अग्रिम भुक्तानी गरिन्। तर तेस्रो चरणको उपचारमा प्रत्यारोपण गर्ने समयमा उनलाई उपचार गर्न नसकिने भन्दै घर फर्काइयो। दुई दिनपछि क्लिनिकले पुरुष दन्त चिकित्सकले अब महिलाको उपचार गर्न नपाउने जानकारी दियो। त्यसयता तीन महिना बितिसक्दा पनि उनको उपचार पूरा हुन सकेको छैन।

महिलामाथिका प्रतिबन्ध स्वास्थ्य सेवामा मात्र सीमित छैनन्। उत्तरी बल्ख प्रान्तका अधिकारीहरूले गत मई महिनामा सरकारी तथा निजी अस्पताललाई महिला बिरामीलाई उनीहरूको वास्तविक नामबाट नबोलाउन निर्देशन दिएका थिए। चिकित्सकले दिने औषधिको पुर्जामा समेत महिलाको नामको सट्टा 'श्रीमती' लेख्न भनिएको छ। कुनार प्रान्तकी रहीमा (परिवर्तित नाम)ले पनि आफ्नी वृद्ध आफन्तलाई उपचार गराउन निकै कठिनाइ भएको बताएकी छन्।

छापा र जेलको त्रास

तालिबानका सुरक्षा बलले स्वास्थ्य क्लिनिकहरूमा छापा मार्न थालेका छन्। क्लिनिकमा महिला बिरामी भेटिए पुरुष चिकित्सकलाई जेल हाल्ने चेतावनी दिइएको छ। एक शल्यचिकित्सकका अनुसार, पुरुष अभिभावक अर्थात् महरमबिना महिला बिरामीको उपचार नगर्न आफूहरूलाई निर्देशन दिइएको छ। गत फरवरीमा तालिबानका सञ्चारमन्त्री हमदुल्लाह नोमानीले उपचार गर्ने क्रममा पुरुष चिकित्सकलाई नै महिलाको महरम मानिने दाबी गरेका थिए। तर व्यवहारमा भने त्यसको ठिक विपरीत नियम लागू भइरहेको छ। पूर्वी शहर जलालाबादस्थित एक दन्त क्लिनिकमा सहायकका रूपमा काम गर्ने नरगिस (परिवर्तित नाम) का अनुसार, केही चिकित्सकले महिला बिरामीको उपचार गर्दा क्लिनिकबाहिर एक व्यक्तिलाई निगरानीका लागि राख्ने गरेका छन्। उनका चिकित्सकले त तालिबान अधिकारी छापा मार्न आए बुर्का लगाएर उम्किन सकियोस् भन्दै कार्यालयमा एउटा अफगानी बुर्का (चादरी) राख्नुपर्ने ठट्टासमेत गर्ने गरेका छन्।

महिला चिकित्सकको अभावले थप समस्या

महिला स्वास्थ्यकर्मीको अभावले पनि अफगान महिलाको स्वास्थ्य सेवा पहुँच थप कमजोर बनेको छ। सन् २०२४ दिसम्बरदेखि महिलालाई चिकित्सा शिक्षासम्बन्धी संस्थामा अध्ययन गर्न र अस्पतालमा महिला कर्मचारीका रूपमा भर्ना हुन रोक लगाइएपछि महिला चिकित्सकको सङ्ख्या घटेको छ। हाल कार्यरत सीमित महिला चिकित्सकले समेत पुरुष अभिभावक साथमा राख्नुपर्ने बाध्यता छ। एक महिला बिरामीले आफ्ना बुबासँगै क्लिनिक पुग्दासमेत पुरुष चिकित्सकले महिला बिरामीलाई छुन नपाउने नियमका कारण घण्टौं कुर्नुपरेको बताएकी छन्।

उपचारबाट वञ्चित हुने जोखिम

तालिबानका प्रतिबन्धका कारण अफगान महिलासँग अहिले उपचारका सीमित विकल्प मात्र बाँकी छन्। उनीहरूले आफ्नो र चिकित्सकको जोखिम मोलेर लुकीछिपी उपचार गराउनुपर्ने, पर्याप्त तालिम नलिएका महिला स्वास्थ्यकर्मीबाट उपचार लिनुपर्ने वा रोग पालेर बस्नुपर्ने अवस्था सिर्जना भएको छ। यसरी महिला चिकित्सकको उत्पादन र नियुक्तिमा रोक लगाउनुका साथै पुरुष चिकित्सकबाट उपचार लिनसमेत अवरोध सिर्जना हुँदा अफगानिस्तानमा महिलाको आधारभूत स्वास्थ्य अधिकार नै गम्भीर सङ्कटमा परेको छ।

आवासीय विवादमा चिकित्सकद्वारा ह्वाइट हाउस नजिकै अन्धाधुन्ध गोली प्रहार

वाशिङटन, १३ नोभेम्बरः अमेरिकाको राजधानी वाशिङटन डिसीको मध्यभागमा रहेको एक व्यस्त क्षेत्रमा बिहीवार बिहान एक बन्दुकधारीले पाँच जनामाथि गोली प्रहार गर्दा एक जनाको मृत्यु भएको छ भने आक्रमणकारीसमेत मृत फेला परेका छन्।

अमेरिकामा सामूहिक गोलीकाण्डका घटना असामान्य नभए पनि राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनको पालामा राजधानीको शान्तिसुरक्षा राष्ट्रिय बहसको विषय बनिरहेका बेला भएको यस घटनाले स्थानीय पुलिस र सङ्घीय सुरक्षा फौजको तत्काल तथा व्यापक परिचालन निम्त्याएको थियो। पुलिसका अनुसार स्थानीय समयअनुसार बिहान करिब ८ बजे कार्यालय जाने व्यस्त समयमा ह्वाइट हाउसबाट करिब १.६ किलोमिटर उत्तरमा रहेको लोगन सर्कलस्थित एक जिममा बन्दुकधारी प्रवेश गरेका थिए। विदेशी दूतावास र आधुनिक रेस्टुरेन्टहरू रहेको उक्त क्षेत्र निकै चहलपहलपूर्ण मानिन्छ।

प्रत्यक्षदर्शी जेम्स स्पेलम्यानका अनुसार घटनाका बेला जिमभित्र करिब ५० जना थिए। उनले भने, 'केही सेकेन्डमै एक व्यक्ति भुइँमा ढले र रगतको आहाल जम्यो। जिमका एक सदस्य उनलाई मद्दत गर्न दौडिए। घाँटीमा गोली लागेका उनको तत्कालै मृत्यु भइसकेको थियो।' स्पेलम्यानले आफू र अन्य सदस्यहरू जिमबाट बाहिर भागेको तथा १५औँ स्ट्रिट क्षेत्रमा थप गोली चलेको आवाज सुनेको बताए। जिमभित्र करिब दुई राउन्ड र बाहिर पाँच-छ राउन्ड गोली चलेको उनको भनाइ छ। घटनाको केही मिनेटमै मेट्रोपोलिटन पुलिस विभागका साथै सङ्घीय अनुसन्धान ब्युरो (एफबीआई) र सिक्रेट सर्भिसका भारी हतियारधारी सुरक्षाकर्मी घटनास्थलमा पुगेर क्षेत्रलाई घेरा हालेका थिए। 'सक्रिय आक्रमणकारी' रहेको चेतावनी जारी गर्दै अधिकारीहरूले आसपासका विद्यालयहरू बन्द गराएका थिए। पुलिसले सर्वसाधारणलाई 'नजिकको भवनभित्र पस्न, झ्यालबाट टाढा रहन र अर्को सूचना नभएसम्म भित्रै बस्न' निर्देशन दिएको थियो।

वाशिङटन डिसीका अन्तरिम पुलिस प्रमुख जेफरी क्यारोलका अनुसार खैरो रङको सर्ट लगाएका ती श्वेत पुरुषले जिमभित्र गोली चलाएपछि बाहिर निस्केर सँगैको अर्को भवनको सातौँ तलाको कोठामा आफूलाई थुनेका थिए। नजिकैका छतहरूबाट स्नाइपरहरूले निगरानी गरिरहँदा विशेष वार्ताकार टोलीले उनीसँग फोनमा संवाद शुरु गरेको थियो। सोही क्रममा उनले थुनिएको ढोकाबाट पुलिसतर्फसमेत गोली प्रहार गरेका थिए।

संवाद शुरु भएको करिब एक घण्टापछि फोनमा गोली चलेको आवाज सुनिएपछि पुलिसले दैलो भत्काएर भित्र पस्दा उनलाई आफैँले गोली हानेको अवस्थामा फेला परेको थियो। उनको घटनास्थलमै मृत्यु भएको घोषणा गरिएको छ।

एलिस हुआङ चिनियाँ जासुस हुन् कि होइनन् भन्ने विषयमा अमेरिकी न्याय विभाग अझै निष्कर्षमा पुग्न सकेन

वाशिङटन, १३ नोभेम्बरः अमेरिकी प्रविधि कम्पनी एनभिडियासँग जोड़िएर चर्चामा आएकी सिङ्गापुरस्थित व्यवसायी एलिस हुआङ चिनियाँ जासुस हुन् वा होइनन् भन्ने विषयमा अमेरिकी न्याय विभाग अझै निष्कर्षमा पुगेको छैन। अमेरिकी महान्यायाधिवक्ता टोड ब्लान्चले बिहीवार यसबारे स्पष्ट पार्दै एलिस चिनियाँ गुप्तचर निकायका लागि काम गरिरहेको पुष्टि नभएको बताएका छन्। पत्रकार सम्मेलनमा एलिसमाथि लागेको चिनियाँ जासुस भएको आरोपबारे सोधिएको प्रश्नको जवाफ दिँदै ब्लान्चले आफूले त्यस्तो कुनै दाबी नगरेको बताए। उनका अनुसार न्याय विभाग, उनी स्वयं वा एफबीआई निर्देशक काश पटेल कसैले पनि एलिसको भूमिकाबारे अन्तिम निष्कर्ष निकालेका छैनन्। एलिस चिनियाँ सरकारको निर्देशनमा काम गरिरहेकी थिइन् वा चिनियाँ गुप्तचर निकायसँग उनको सम्बन्ध थियो भन्ने विषय अझै अनुसन्धानकै क्रममा रहेको उनले स्पष्ट पारे।



एनभिडियाका चिप चीन पठाएको आशङ्कामा अनुसन्धान

अमेरिकी न्याय विभागले सिङ्गापुरस्थित डेटा कम्पनी मेगास्पिडको गतिविधिमाथि अनुसन्धान गरिरहेको पनि ब्लान्चले जानकारी दिएका छन्। अमेरिकी वाणिज्य विभागसँगको सहकार्यमा भइरहेको अनुसन्धानमा मेगास्पिडले एनभिडियाका अत्याधुनिक चिप खरिद गरेर चीन पठाएको हुन सक्ने आशङ्का गरिएको छ। अमेरिकाले राष्ट्रिय सुरक्षा संवेदनशीलताका कारण चीनमा उन्नत एआई प्रविधिमा प्रयोग हुने चिपको निर्यातमा कड़ा नियन्त्रण लगाउँदै आएको छ। यस्तो अवस्थामा अमेरिकी प्रविधि कम्पनीका चिप तेस्रो मुलुकमार्फत चीन पुऱ्याइएको हुन सक्ने आशङ्कालाई गम्भीरतापूर्वक हेरिएको छ। ब्लान्चले यस प्रकरणमा अमेरिकी वाणिज्य विभागको अनुसन्धान क्षमतामाथि आफूलाई कुनै शङ्का नरहेको बताए। सिङ्गापुरमा रहेर व्यवसाय गर्दै आएकी एलिस हुआङ मेगास्पिडसँग आबद्ध छिन्। यसअघि सार्वजनिक भएका केही रिपोर्टमा चिनियाँ गुप्तचर निकायसँग सम्भावित सम्बन्ध रहेको आशङ्कामा अमेरिकी गुप्तचर निकायले उनीमाथि निगरानी गरिरहेको दाबी गरिएको थियो। तर अमेरिकी महान्यायाधिवक्ताको पछिल्लो भनाइले ती आरोप अहिलेसम्म प्रमाणित नभएको देखाएको छ।

जेनसन हुआङसँगको सम्बन्धले बढ़ायो विवाद

यो प्रकरण एनभिडियाका पूर्वसीईओ जेनसन हुआङसँग एलिसको व्यक्तिगत सम्बन्ध सार्वजनिक भएपछि थप चर्चामा आएको हो। विभिन्न रिपोर्टमा एलिसका अतिरिक्त एनभिडियाकी हेल्थकेयर उपाध्यक्ष किम्बर्ली पावेलसँग पनि जेनसनको कथित सम्बन्ध रहेको दाबी गरिएको थियो। यी व्यक्तिगत सम्बन्धका समाचारसँगै कम्पनीको व्यावसायिक गतिविधि, संवेदनशील प्रविधिमा पहुँच र चीनसँगको सम्भावित सम्बन्धबारे प्रश्न उठ्न थालेका छन्। विशेषगरी चिनियाँ गुप्तचर निकायले एनभिडियाको संवेदनशील प्रविधि तथा सूचनामा पहुँच प्राप्त गरेको थियो कि थिएन भन्ने विषय अमेरिकी सुरक्षा निकायहरूको चासोको विषय बनेको छ।

अमेरिकी संसदले जेनसनसँग सोधपुछ गर्ने तयारी

यसैबीच, अमेरिकी संसदका विभिन्न समितिले एनभिडियाका पूर्वसीईओ जेनसन हुआङसँग सोधपुछ गर्ने तयारी गरेका छन्। सीएनएनका अनुसार रिपब्लिकन सांसदहरूले उनीसँग बन्द कोठामा बयान लिन चाहेका छन्। समितिहरूले चिनियाँ गुप्तचर निकायले एनभिडियाको संवेदनशील सूचनामा पहुँच पाएको थियो कि थिएन र कम्पनीका गतिविधिले अमेरिकी राष्ट्रिय सुरक्षामा कुनै जोखिम सिर्जना गरेको थियो कि थिएन भन्ने विषयमा जानकारी लिन खोजिरहेका छन्।

एनभिडियामा ३३ वर्ष काम गरेका जेनसनले हालै सीईओ पद छाड़ेका छन्। उनको बहिर्गमनपछि कम्पनीकी वित्त प्रमुख कोलेट क्रेसलाई अन्तरिम सीईओको जिम्मेवारी दिइएको छ। कम्पनीले स्थायी उत्तराधिकारीको खोजी गरिरहेको बताइएको छ। यद्यपि, एलिस हुआङमाथि लागेको जासुसीको आरोप, मेगास्पिडको चिप कारोबार र जेनसनसँग जोड़िएका व्यक्तिगत सम्बन्धसम्बन्धी विवादबीच प्रत्यक्ष सम्बन्ध स्थापित भइसकेको छैन। अमेरिकी न्याय विभागले पनि यी विषयमा अनुसन्धानबाट कुनै अन्तिम निष्कर्ष सार्वजनिक गरेको छैन।

युक्रेन शान्ति वार्तामा युरोपलाई पनि सहभागी गराउन पुटिन सहमत, जेलेन्स्कीले गरे स्वागत

मस्को, १३ नोभेम्बरः रूसी राष्ट्रपति भ्लादिमिर पुटिन युक्रेनसँगको आगामी शान्ति वार्तामा युरोपेली प्रतिनिधिहरूलाई पनि सहभागी गराउन सहमत भएका छन्। अमेरिकी विशेष दूत स्टिभ विटकफले बिहीवार क्रेमलिनमा पुटिनसँगको भेटपछि यस्तो जानकारी दिएका हुन्। युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पनि वार्तामा युरोपको सहभागिताको सम्भावनालाई स्वागत गरेका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले रूस र युक्रेनबिच युद्ध अन्त्यका लागि कूटनीतिक प्रयास तीव्र बनाइरहेका बेला पुटिनको यो सहमतिलाई महत्त्वपूर्ण घटनाका रूपमा हेरिएको छ। यद्यपि, युद्ध अन्त्य गर्ने सर्त र क्षेत्रीय विवादका विषयमा रूस तथा युरोपेली मुलुकबिच गहिरो मतभेद रहेकाले वार्ताले कस्तो परिणाम दिन्छ भन्ने स्पष्ट भइसकेको छैन।

पुटिनसँगको भेटपछि अमेरिकी विशेष दूत विटकफले रूसी सरकारी टेलिभिजनसँग भने, ''आगामी बैठकमा युरोपेलीहरू सहभागी हुनेछन्। उनीहरू हाम्रा साझेदार भएकाले वार्तामा उनीहरूको सहभागिता हाम्रो लागि महत्त्वपूर्ण छ।'' विटकफसँगै अमेरिकी राष्ट्रपति ट्रम्पका ज्वाइँ तथा विशेष दूत जारेड कुसनरले पनि पुटिनसँग भेट गरेका थिए। त्यसपछि उनीहरू आयरल्याण्ड पुगेका थिए। डब्लिनमा रहेका जेलेन्स्कीसँग अमेरिकी प्रतिनिधिमण्डलले भेटवार्ता गरेको थियो। जेलेन्स्कीले आगामी चरणको वार्ता र त्यसमा युरोपेली मुलुकको सहभागिताको सम्भावनाप्रति खुशी व्यक्त गरेका छन्। उनले वार्ताको एजेन्डामा युद्धविराम र द्वन्द्व न्यूनीकरणका उपाय समावेश हुने आशा पनि व्यक्त गरेका छन्। ''सबै अवरोध हट्नु महत्त्वपूर्ण छ,'' अमेरिकी प्रतिनिधिहरूसँगको भेटपछि उनले भने। उनले युद्धविराम र तनाव कम गर्ने विषयमा केन्द्रित एजेन्डा तयार पार्न आफूहरू सहमत भएको बताए।

युरोपसँगको सम्बन्धबारे पुटिनको टिप्पणी

क्रेमलिनमा भएको भेटका क्रममा अमेरिकी विशेष दूत कुसनरले युरोपेली पक्षको दृष्टिकोणमा ठूलो परिवर्तन आएको आफूहरूले महसुस गरेको बताएका थिए। वार्तामा युरोपेली मुलुकलाई सहभागी गराउँदा शान्ति प्रक्रियामा अवरोध नआउनेमा पनि उनले विश्वास व्यक्त गरे। पुटिनले भने रूस युरोपेली सङ्घसँग युक्रेन युद्धबारे संवाद गर्न सधैँ तयार रहेको दाबी गरे। तर युरोपले नै रूससँगको संवाद तोड़ेको उनको आरोप थियो। उनले भने, ''हामी युरोपसँग संवाद गर्न कहिल्यै नमानेका थिएनौँ र रूससँगको संवाद हामीले कहिल्यै तोड़ेका पनि छैनौँ।

यूएईमा २३ सवारीसाधन ठोक्किँदा १४ जनाको मृत्यु, ३० घाइते



फुजैराह, १३ नोभेम्बरः संयुक्त अरब इमिरेट्स (यूएई) को फुजैराह इमिरेटमा १८ वटा कार र पाँचवटा ट्रक आपसमा ठोक्किँदा कम्तीमा १४ जनाको मृत्यु भएको छ भने अन्य ३० जना घाइते भएका छन्। यूएईको गृह मन्त्रालयले बिहीवार विज्ञप्ति जारी गर्दै उक्त भीषण सवारी दुर्घटनाबारे जानकारी दिएको हो। मन्त्रालयका अनुसार दुर्घटना बुधवार मध्यरात हुनुभन्दा केही समयअघि फुजैराहको प्रवेशद्वारमा भएको थियो। एक ट्रक चालकले सवारीसाधनको नियन्त्रण गुमाएपछि अर्को ट्रकसँग ठोक्किएको थियो। त्यसपछि दुवै ट्रक सड़कबाट अनियन्त्रित भई सुस्त गतिको ट्राफिकका कारण रोकिएका अन्य सवारीसाधनहरूमा गएर जोतिएका थिए। ठक्करलगत्तै ट्रकमा आगलागी भएको र आगोको लप्काले अन्य थुप्रै सवारीसाधनलाई चपेटामा लिएको मन्त्रालयले जनाएको छ।

सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै मन्त्रालयले आपत्कालीन र विशेष टोलीहरूले दुर्घटनापछिको उद्धार तथा व्यवस्थापन कार्य जारी राखेको उल्लेख गरेको छ। घाइतेमध्ये १५ जना उपचारपछि अस्पतालबाट डिस्चार्ज भइसकेका छन् भने बाँकी १५ जनाको अस्पतालमा उपचार भइरहेको छ। पुलिसका अनुसार मृत्यु पुष्टि भएका १४ जनामा यूएईका नागरिकका साथै केही विदेशी नागरिकसमेत रहेका छन्। मृतकहरूको पहिचानका लागि डीएनए परीक्षण भइरहेको पुलिसले जनाएको छ। मन्त्रालयले घाइते हुनेहरूमा यूएई, ओमान, भारत, ब्राजिल, पाकिस्तान, जोर्डन र इजिप्टका नागरिकहरू रहेको जानकारी दिएको छ।

अमेरिकामा भ्यान होलेनले दिए शुमरलाई चुनौती

वाशिङटन, १३ नोभेम्बरः अमेरिकी सिनेटमा डेमोक्र्याटिक दलको नेतृत्व परिवर्तनको माग चर्किरहेका बेला सिनेटर क्रिस भ्यान होलेनले बहुमत नेताको पदका लागि वर्तमान नेता चक शुमरलाई चुनौती दिने घोषणा गरेका छन्। राष्ट्रपति डोनाल्ड ट्रम्पको रिपब्लिकन पार्टीलाई पराजित गर्दै डेमोक्रेटहरूले कङ्ग्रेसका दुवै सदनको नियन्त्रण पुनः प्राप्त गरेको केही दिनमै भ्यान होलेनको घोषणाले पार्टीभित्र नेतृत्वको प्रतिस्पर्धा थप चर्काएको छ। ६७ वर्षीय भ्यान होलेनले बिहीवार सामाजिक सञ्जाल एक्समा श्रमिकविरुद्ध धाँधली गरिएको र राजनीतिक भ्रष्टाचारले अर्थतन्त्र प्रभावित भएको भन्दै अमेरिकी जनताले त्यसमा हस्तक्षेप गर्न आफूहरूलाई जनादेश दिएको उल्लेख गरेका छन्। त्यसका लागि नयाँ नेतृत्व आवश्यक रहेको भन्दै उनले सिनेट बहुमत नेताको पदमा उम्मेदवारी दिने बताएका हुन्।





७५ वर्षीय शुमरले ३ नोभेम्बरको निर्वाचनपछि सिनेटमा आफ्नो दलको नियन्त्रण पुनः स्थापित भए पनि नेतृत्वबाट हट्नुपर्ने दबाब सामना गर्दै आएका छन्। तर, उनलाई औपचारिक रूपमा चुनौती दिने भ्यान होलेन पहिलो सिनेटर रहेका छन्। भ्यान होलेनलाई डेमोक्र्याटिक दलका केही प्रगतिशील नेताहरूको समर्थन छ। डेमोक्र्याटसँग सहकार्य गर्ने वामपन्थी स्वतन्त्र सिनेटर बर्नी स्यान्डर्सले यसै साता शुमरलाई नेतृत्वमा निरन्तरता दिन आफूले समर्थन नगर्ने बताएका थिए। मिशिगनका नवनिर्वाचित सिनेटर अब्दुल एल-सायेदले पनि एक्समार्फत भ्यान होलेनलाई समर्थन गरेका छन्। शुमरले भने पार्टीको भविष्यबारे छलफललाई स्वागत गर्नुभएको छ। यद्यपि, डेमोक्र्याटिक नेताका रूपमा निरन्तरता पाउन आफूलाई आवश्यक मत रहेको उनको दाबी छ। नयाँ डेमोक्र्याटिक बहुमतको नेतृत्व गर्दै अमेरिकी जनताका लागि काम गर्न आफू तत्पर रहेको उहाँले एक्समा उल्लेख गरेका छन्।

नक्कली भिडियो कलमार्फत उत्तर कोरियाली ह्याकरले लुटे ४० करोड़ डलर बराबरको क्रिप्टोकरेन्सी

पेङ्ग्योङ, १३ नोभेम्बरः उत्तर कोरियाली राज्य-समर्थित ह्याकरहरूले नक्कली भिडियो कल प्रयोग गरी सर्वसाधारणको पहिचान चोरी गर्दै ४० करोड़ अमेरिकी डलरभन्दा बढ़ीको क्रिप्टोकरेन्सी लुटेका छन्। अमेरिकी सङ्घीय जाँच ब्युरो (एफबीआई) का अनुसार पछिल्लो १८ महिनामा ९०० भन्दा बढ़ी व्यक्तिहरू यस ठगीको शिकार बनेका छन्। एफबीआईले यस साइबर आक्रमणको तरिकालाई 'फेसस्टिलर' नाम दिएको छ। एफबीआईका साइबर निर्देशक ब्रेट लेदरम्यानले उत्तर कोरियाली शासनले आफ्नो अवैध हतियार कार्यक्रम सञ्चालन गर्न यस्ता ठूला क्रिप्टोकरेन्सी चोरीबाट प्राप्त रकममा निर्भर रहने गरेको बताएका छन्। विश्वको सबैभन्दा ठूलो क्रिप्टो एक्सचेन्ज 'बाइनान्स' बाट नक्कली जागिरको अन्तर्वार्तामार्फत ६.३ अरब डलर चोरी भएको खुलासा भएको एक हप्तापछि यो नयाँ तथ्य बाहिर आएको हो। अमेरिकी कानुन कार्यान्वयन निकायहरूले बाइनान्स ह्याकमा पनि उत्तर कोरियाली समूहकै संलग्नता रहेको ठहर गरेका छन्, यद्यपि प्योङयाङले उक्त आरोप अस्वीकार गर्दै आएको छ।

कसरी गरिन्छ ठगी?

अमेरिकी न्याय विभाग र एफबीआईका अनुसार 'फेसस्टिलर' ह्याकरहरूले विशेषगरी क्रिप्टोकरेन्सी, वेब-थ्री र ओपन-सोर्स सफ्टवेयर विकासको क्षेत्रमा काम गर्ने व्यक्तिहरूलाई लक्षित गर्छन्। ठगीका लागि ह्याकरहरूले पहिले नक्कली वा ह्याक गरिएका सामाजिक सञ्जाल खातामार्फत पीड़ितलाई जुम, माइक्रोसफ्ट टिम्स वा गुगल मिट जस्तै देखिने नक्कली प्लेटफर्ममा भिडियो कलका लागि निम्तो दिन्छन्। कल शुरु भएपछि ह्याकरहरूले पीड़ितले चिनेका पुराना पीड़ितहरूको पहिले नै रेकर्ड गरिएको भिडियो चलाउँछन्, जसले गर्दा कल वास्तविक जस्तै देखिन्छ। तर, कलको क्रममा अडियो (आवाज) नआएको जस्तो प्राविधिक समस्या देखाइन्छ। लगत्तै स्क्रिनमा अडियो 'फिक्स' (मर्मत) गर्न एउटा लिङ्कमा क्लिक गर्न सन्देश आउँछ। उक्त लिङ्कमा क्लिक गर्नेबित्तिकै पीड़ितको डिभाइसमा मालवेयर (भाइरस) डाउनलोड हुन्छ। यसैमार्फत ह्याकरहरूले पीड़ितको कन्ट्याक्ट लिस्ट, एप्स र डिजिटल वालेटमा पहुँच बनाउँछन्। ह्याकरहरूले यस्ता भिडियो कलहरू गोप्य रूपमा रेकर्ड गरी पछि अरू नयाँ व्यक्तिहरूलाई झुक्याउन प्रयोग गर्ने गरेको अधिकारीहरूले बताएका छन्। एफबीआईको लस एन्जलस कार्यालयका सहायक निर्देशक प्याट्रिक ग्रान्डीले यो प्रविधि अत्यन्तै प्रभावकारी रहेको र अनुभवी तथा सुरक्षाप्रति सचेत प्रविधि प्रयोगकर्तासमेत यसको जालमा पर्न सक्ने चेतावनी दिएका छन्। 'यसले परिचित भिडियो कन्फरेन्स प्लेटफर्म र व्यक्तिगत सम्बन्धप्रतिको विश्वासको दुरुपयोग गर्छ,' उनले भनेका छन्।

गिनीमा सुन खानी विवादमा १० जनाको मृत्यु

गिनी, १३ नोभेम्बरः अवैध सुन खानीमा प्रतिबन्ध लगाउने सरकारी निर्णयपछि उत्तरपूर्वी गिनीमा सुरक्षा बल र खानी मजदुरबीच भएको झड़पमा पाँच विदेशी नागरिकसहित कम्तीमा १० जनाको मृत्यु भएको छ। घटनामा सुरक्षाकर्मीसहित १३ जना घाइते भएका छन्। सरकारका अनुसार खनिज सम्पदाले धनी सिगुइरी जिल्लामा बुधवार झड़प भएको हो। नोभेम्बर २ देखि प्रतिबन्ध लागू गर्न गस्तीमा खटिएका सुरक्षाकर्मीलाई प्रदर्शनकारीले अवरोध गरेपछि झड़प भएको सरकारी विज्ञप्तिमा उल्लेख छ। घटनाबारे अनुसन्धान गर्न सरकारले सार्वजनिक अभियोजकलाई जिम्मेवारी दिएको छ। प्रतिबन्धपछि सुरक्षा बलले सुन खानीमा काम गर्न आएका दर्शौँ हजार विदेशी नागरिकलाई क्षेत्रबाट निष्कासन गरेको छ।

दिल्लीमा वायु प्रदूषण गम्भीर, बिहानै विभिन्न स्थानमा वायु गुणस्तर सूचकाङ्क ४०० पार

नयाँ दिल्ली, १३ नोभेम्बर (हिस): भारतको राष्ट्रिय राजधानी दिल्लीमा वायु प्रदूषणको समस्या थप गम्भीर बनेको छ। शुक्रवार बिहानै विभिन्न स्थानमा हावाको गुणस्तर अत्यन्तै खराब अवस्थामा पुगेपछि सर्वसाधारणलाई श्वासप्रश्वासमा समेत कठिनाइ भएको छ। बिहान आनन्द विहारमा वायु गुणस्तर सूचकाङ्क (एक्यूआई) ४१४, अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) आसपास ४१७ तथा नेहरू स्टेडियम आसपास ३७४ मापन गरिएको छ।

प्रदूषणको यही अवस्था निरन्तर रहे दिल्लीको पर्यावरण ग्यास च्याम्बरमा परिणत हुन सक्ने चिन्ता व्यक्त गरिएको छ। सरकारले वायु प्रदूषण नियन्त्रणका लागि विभिन्न प्रयास गरिरहेको दाबी गरे पनि दीपावलीपछि दिल्ली-राष्ट्रिय राजधानी क्षेत्र (एनसीआर) मा बढ्दो प्रदूषण गम्भीर चिन्ताको विषय बनेको छ।

उल्लेखनीय छ, दीपावलीको भोलिपल्ट नोभेम्बर ९ मा दिल्लीको बिहान बाक्लो तुवाँलो र प्रदूषणको चादरले ढाकिएको थियो। त्यस दिन बिहान १० बजी राजधानीको एक्यूआई ३७२ मापन गरिएको थियो, जुन 'अति खराब' श्रेणीमा पर्दछ। साँझ ७ बजीसम्म यो घटेर करिब ३३३ पुगे पनि हावाको गुणस्तर निकै खराब नै रहेको थियो। दिल्लीमा बढ्दो वायु प्रदूषणलाई लिएर राजनीतिक विवाद पनि चर्किएको छ। दिल्ली सरकारका मन्त्री कपिल मिश्राले पञ्जाबमा दीपावलीकै दिन पराल जलाउने घटनामा अचानक वृद्धि भएको भन्दै प्रश्न उठाएका छन्। उनका अनुसार पञ्जाबका केही किसानले दीपावली मनाउन परिवारसँग व्यस्त रहेका बेला आफ्ना खेतमा जानाजानी आगो लगाइएको भन्दै गुनासो गरेका छन्। यता, आम आदमी पार्टीका नेता सौरभ भारङ्जले भने यी आरोपहरू अस्वीकार गरेका छन्। उनले पञ्जाबबाट दिल्लीसम्म धुवाँ आइपुग्न दुईदेखि तीन दिन लाग्न सक्ने बताउँदै दीपावलीको राति पञ्जाबमा जलाइएको परालको धुवाँ केही मिनेटमै दिल्ली पुग्न नसक्ने दाबी गरेका छन्।

जापान मास्टर्सको सेमिफाइनलमा पुगे लक्ष्य सेन

कुमामोतो, १३ नोभेम्बर (हिस): भारतका स्टार ब्याडमिन्टन खेलाड़ी लक्ष्य सेनले जापान मास्टर्स २०२६ को पुरुष एकलतर्फ सेमिफाइनलमा स्थान सुरक्षित गरेका छन्। आठौँ वरीयताका लक्ष्यले शुक्रवार क्वार्टरफाइनलमा जापानका युशी तनाकालाई सोझो सेटमा २१-१६, २१-१५ ले पराजित गरे। खेल ४० मिनेटसम्म चलेको थियो। पहिलो सेटमा लक्ष्यले मध्यान्तरसम्म ११-८ को अग्रता बनाएका थिए। यद्यपि तनाकाले पुनरागमन गर्दै खेललाई प्रतिस्पर्धात्मक बनाउने प्रयास गरे। तर भारतीय खेलाड़ीले सही समयमा आफ्नो खेलको गति बढाउँदै पहिलो सेट २१-१६ ले आफ्नो पक्षमा पारे। दोस्रो सेटको शुरुआतमा दुवै खेलाड़ीबीच कड़ा प्रतिस्पर्धा देखियो। एक समय खेल ४-४ को बराबरीमा थियो। त्यसपछि लक्ष्यले अग्रता बनाउँदै मध्यान्तरसम्म ११-९ को स्थिति बनाए। भारतीय खेलाड़ीले त्यसपछि पनि आफ्नो अग्रता कायम राख्दै दोस्रो सेट २१-१५ ले जिते। यससँगै उनले खेल आफ्नो पक्षमा पार्दै सेमिफाइनलको यात्रा तय गरे। लक्ष्य प्रतियोगिताभर उत्कृष्ट लयमा देखिएका छन्। उनले पहिलो चरणमा चाइनिज ताइपेईका ची यू जेनलाई २१-१९, २१-१८ ले पराजित गर्दै प्रतियोगिताको शुरुआत गरेका थिए। त्यसपछि दोस्रो चरणमा चीनका डोङ तियान याओलाई केवल ३५ मिनेटमा २१-८, २१-१४ ले हराएका थिए। अब सेमिफाइनलमा लक्ष्यको सामना इन्डोनेसियाका एल्वी फरहानसँग हुनेछ। यसअघि शुक्रवार भारतका किदाम्बी श्रीकान्त पुरुष एकलको क्वार्टरफाइनलमा पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएका थिए।

बालासनलाई इन्टर हिल क्रिकेट प्रतियोगिताको उपाधि



सोनादा, १३ नोभेम्बर (हि.स.): इग्नाइट युथ क्लब, अपर सिडर्सको आयोजनमा सम्पन्न इन्टर हिल क्रिकेट प्रतियोगिताको फाइनल खेलमा बालासनले डीजे शोरुमलाई पराजित गर्दै उपाधि जितेको छ। रोमाञ्चक फाइनल खेलमा दुवै टोलीले उत्कृष्ट प्रदर्शन गरे पनि अन्ततः बालासनले जित हासिल गर्दै ट्रफी आफ्नो नाममा गरेको हो। फाइनल खेल हेर्न स्थानीय दर्शकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। फाइनल खेलको अवसरमा समाजसेवी राजु छेत्री, आईजीजेएफका नेता एनबी खवासलगायत विशिष्ट व्यक्तिहरू अतिथिका रूपमा उपस्थित थिए। प्रतियोगिताका लागि आवश्यक ट्रफी सोनादाको डाँडागाउँ निवासी समाजसेवी राजु छेत्रीले प्रदान गरेका थिए।

प्रतियोगितामा बालासनका राज तामाङ फाइनल खेलको उत्कृष्ट खेलाड़ी (म्यान अफ् द म्याच) घोषित भए भने मिरिकका मिलेश राई प्रतियोगिताकै उत्कृष्ट खेलाड़ी (म्यान अफ् द सिरिज) बने। त्यसैगरी, मिरिकका रोहन गुरुङ उत्कृष्ट बलर तथा पचेडका रोहित उत्कृष्ट ब्याटर घोषित भए। विजेता र उत्कृष्ट खेलाड़ीहरूलाई अतिथिका बाहुलीबाट ट्रफी र प्रमाणपत्र प्रदान गरियो। २०२६ मा स्थापना भएको इग्नाइट युथ क्लबको मुख्य उद्देश्य युवाहरूलाई अगाड़ि बढ़ाउनुका साथै उनीहरूलाई खेलकुद तथा सामाजिक कार्यमा सक्रिय बनाउनु रहेको क्लबका पदाधिकारीहरूले बताएका छन्। क्लबले आगामी दिनमा पनि यस्तै खेलकुद तथा सामाजिक गतिविधि सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

पश्चिम बङ्गाल आवास योजना
दार्जीलिङ जिल्लाका पाँच हजार मानिसको खातामा पैसा पस्ने



सिलगढ़ी, १३ नोभेम्बर (हि.स.): पश्चिम बङ्गाल आवास योजना अन्तर्गत राज्यका सात लाख लाभार्थीलाई आर्थिक सहायता प्रदान गर्नाका लागि शुक्रवार नवन्ना सभागारमा विशेष कार्यक्रम आयोजन गरियो। नवन्ना सभागारबाट राज्यका सबै जिल्लामा कार्यक्रमको भर्चुअली प्रसारण गरियो। यसै क्रममा दार्जीलिङ जिल्लाको कार्यक्रम नक्सलबारी सामुदायिक हलमा आयोजन गरियो। कार्यक्रममा राज्यका वित्त तथा यातायात राज्यमन्त्री आनन्दमोय बर्मन उपस्थित थिए। उनीसँग दार्जीलिङका जिल्ला मेजिस्ट्रेट र एसडीओ सहित अन्य अधिकारीहरू पनि उपस्थित थिए।

प्रशासन अनुसार पश्चिम बङ्गाल आवास योजनाको रकम दार्जीलिङ जिल्लाका करिब पाँच हजार लाभार्थीको ब्याङ्क खातामा सोझै ट्रान्सफर गरिनेछ। मन्त्रीले केही लाभार्थीलाई प्रतीकात्मक चेक पनि हस्तान्तरण गरे।

मन्त्री आनन्दमोय बर्मनले योजनाको दोस्रो किस्ता अन्तर्गत प्राप्त रकमबाट लाभार्थीहरूले आफ्नो घर निर्माण पूर्ण गर्न सक्ने बताए। उनले भविष्यमा यस योजनाका थप योग्य लाभार्थीहरूको पहिचान गर्न पनि अधिकारीहरूलाई निर्देशन दिए। यता दोस्रो किस्ता पाएपछि लाभार्थीमा खुशी देखियो।

फुटबल म्याच भइरहँदा दर्शकदीर्घाको अस्थायी संरचना भत्किएर सात जना घाइते

खडगपुर, १३ नोभेम्बर (हिस): पश्चिम मेदिनीपुर जिल्लाको पिङ्गलास्थित उत्पाताई क्षेत्रमा गए बिहीवार अबेर राति भएको मिनी फुटबल प्रतियोगितामा दर्शकहरू बस्नका लागि बनाइएको अस्थायी संरचना अचानक भत्कियो। यस घटनामा सात जना मानिसहरू गम्भीर रूपमा घाइते भएका छन्। प्राप्त जानकारी अनुसार स्थानीय स्तरमा आयोजित फुटबल प्रतियोगितामा दर्शकहरू बस्ने अस्थायी व्यवस्था आयोजकले गरेको थियो। मध्यरातमा मैदानमा खेल भइरहेको बेला उक्त सम्पूर्ण संरचना अचानक भत्किएर झर्‍यो। यसले गर्दा त्यहाँ उपस्थित मानिसहरूमा आतङ्क फैलियो। घटनापछि सबै घाइतेहरूलाई स्थानीयको सहयोगमा तुरुन्तै डेबरा सुपर स्पेशियालिटी अस्पतालमा लगियो जहाँ उनीहरूको उपचार भइरहेको छ। घटनाको जानकारी पाएपछि भाजपाका घाटल सङ्गठनात्मक जिल्ला अध्यक्ष तन्मय दास अस्पतालमा पुगे अनि घाइतेहरूको स्वास्थ्यको बारेमा सोधपुछ गरे। सबै घाइतेहरूको अस्पतालमा उपचार भइरहेको छ।

बङ्गालको खाड़ीमा चक्रवाती आँधीको चेतावनी
उत्तर-पश्चिम भारतमा वर्षाको सम्भावना



नयाँ दिल्ली, १३ नोभेम्बर (हिस): देशभर मौसममा भइरहेको परिवर्तनका कारण विभिन्न क्षेत्रमा तीव्र हावासहित हल्कादेखि मध्यम वर्षा हुने सम्भावना रहेको छ। अर्कोतर्फ दिल्ली-एनसीआरमा दिनप्रतिदिन धुवाँ र कुहिरो बढ्ने अनुमान गरिएको छ। यसका साथै मध्य बङ्गालको खाड़ीमाथि बनेको न्यून चापीय क्षेत्र 'चक्रवाती आँधी' मा परिणत भई अझ् तीव्र हुने प्रबल सम्भावना रहेको छ।

भारत मौसम विज्ञान विभाग (आईएमडी) अनुसार दिल्ली-एनसीआरमा शनिवार आंशिक बादल रहने सम्भावना छ। बिहान अधिकांश स्थानमा हल्का कुहिरो लाग्ने अनुमान गरिएको छ। यहाँको अधिकतम तापक्रम २७ देखि २९ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १६ देखि १८ डिग्री सेल्सियसबीच रहने सम्भावना छ। आइतवार पनि बादल लाग्ने अनुमान गरिएको छ। बिहान धुम्म वातावरण रहनेछ भने दिउँसोअघि केही स्थानमा अत्यन्त हल्का वर्षा हुनसक्ने सम्भावना छ। यस दिन अधिकतम तापक्रम २६ देखि २८ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १५ देखि १७ डिग्री सेल्सियससम्म रहने अनुमान गरिएको छ। सोमवार भने आकाश मुख्य रूपमा सफा रहने र बिहान हल्का कुहिरो लाग्ने सम्भावना छ।आईएमडी अनुसार, दक्षिण-पूर्वी बङ्गालको खाड़ीमाथि बनेको न्यून चापीय क्षेत्र नोभेम्बर १४ मा स्पष्ट न्यून चापीय क्षेत्रमा परिणत हुनसक्छ। त्यसपछि यो उत्तर-उत्तरपश्चिम दिशातर्फ अघि बढ़्दै नोभेम्बर १६ को साँझतिर मध्य बङ्गालको खाड़ीमाथि 'चक्रवाती आँधी'का रूपमा अझ् तीव्र हुने प्रबल सम्भावना रहेको छ। आइतवारदेखि उत्तर-पश्चिम भारतमा नयाँ पश्चिमी विक्षोभको प्रभाव शुरु हुने अनुमान गरिएको छ।

उत्तर-पश्चिम भारतका हिमाचल प्रदेश, उत्तराखण्ड तथा जम्मू-कश्मीर क्षेत्रमा आगामी दुई दिनसम्म हल्का वर्षा हुने सम्भावना छ। नोभेम्बर १४ मा हरियाणा, चण्डीगढ़, दिल्ली र पञ्जाबमा, नोभेम्बर १४ र १५ मा पश्चिमी राजस्थान तथा पश्चिमी उत्तर प्रदेशमा र नोभेम्बर १५ मा पूर्वी राजस्थानका केही स्थानमा हल्का वर्षा हुनसक्ने सम्भावना छ। नोभेम्बर १४ मा जम्मू-कश्मीर क्षेत्रमा तथा नोभेम्बर १४ र १५ मा पश्चिमी राजस्थानमा प्रतिघण्टा ४० देखि ६० किलोमिटरको गतिमा तीव्र हावा चल्न सक्छ। नोभेम्बर १४ देखि १९ सम्म अण्डमान तथा निकोबार द्वीप समूहमा व्यापक वर्षा हुने तथा नोभेम्बर १४ देखि १६ सम्म भारी वर्षाको चेतावनी जारी गरिएको छ। नोभेम्बर १८ र १९ मा गङ्गा नदीको मैदानी क्षेत्रमा पर्ने पश्चिम बंगाल तथा ओडिशाका केही स्थानमा वर्षा र ओडिशामा भारी वर्षा हुने सम्भावना छ। नोभेम्बर १४ देखि १७ सम्म अण्डमान तथा निकोबार द्वीप समूहमा मेघगर्जन सहित प्रतिघण्टा ४० देखि ६० किलोमिटरको गतिमा तीव्र हावा चल्नसक्ने सम्भावना छ। दक्षिणी प्रायद्वीपीय भारतका लक्षद्वीप, केरल, माहे, तमिलनाडु, पुडुचेरी, कराइकल तथा तटीय आन्ध्र प्रदेशका धेरै क्षेत्रमा नोभेम्बर १४ देखि १९ सम्म वर्षा हुने गतिविधि देखिनेछ। तमिलनाडु, पुडुचेरी र कराइकलमा आइतवार तथा नोभेम्बर १६ देखि १९ सम्म केरल र माहेमा व्यापक रूपमा भारी वर्षा हुने सम्भावना छ। यस बाहेक तटीय आन्ध्र प्रदेश र यानमका केही स्थानमा नोभेम्बर १८ र १९ मा भारी वर्षा हुन सक्ने अनुमान गरिएको छ।

ओदलाबाड़ी ग्राम पञ्चायत भाजपाको कब्जामा



मालबजार, १३ नोभेम्बर (हि.स.): जलपाइगढ़ी जिल्लाको माल ब्लक अन्तर्गत ओदलाबाड़ी ग्राम पञ्चायतमा भाजपाले कब्जा गरेको छ। भाजपाले तृणमूल कङ्ग्रेसलाई हटाएर पञ्चायत बोर्ड गठन गरेको छ।

जानकारी अनुसार, वर्ष २०२३ को पञ्चायत चुनाउमा ३० वटा सीट भएको ओदलाबाड़ी ग्राम पञ्चायतमा तृणमूल कङ्ग्रेसले १५ वटा र भाजपाले १२ वटा सीट जितेका थिए। बाँकी सीट स्वतन्त्र र कङ्ग्रेस उम्मेदवारहरूले जितेका थिए। शुरुमा स्वतन्त्र सदस्यहरूको समर्थनमा तृणमूलले पञ्चायत बोर्ड गठन गरेको थियो। तथापि पछि राजनीतिक दलबदलको कारणले पञ्चायतको समीकरण परिवर्तन भयो। अन्ततः शुक्रवार बहुमतको आधारमा भाजपाले पञ्चायतको बागडोर आफ्नो हातमा लियो।

बोर्ड गठनको लागि भएको मतदान प्रक्रियामा भाजपाका १२ सहित २० जना सदस्य उपस्थित थिए। उनीहरूको समर्थनमा मेरी उराउँलाई पञ्चायतको नयाँ प्रधान र दीपङ्कर सरकारलाई उपप्रधान चयन गरियो।

प्रधानमा निर्वाचित भएपछि मेरी उराउँले भनिन्, ''पार्टी तथा राजनीतिभन्दा माथि उक्लेर ग्रामीण क्षेत्रको समग्र विकास गर्नु अनि नागरिक सेवाहरूलाई सुचारु बनाउनु उनको प्राथमिकता हुनेछ।'' स्थानीय विधायक शुक्रा मुण्डाले नयाँ प्रधान र उपप्रधानलाई सम्मान गर्दै नयाँ जिम्मेवारी पाएपछि यस क्षेत्रमा लामो समयदेखि रोकिएका विकास कार्यहरू छिटो हुने आशा व्यक्त गरे। भाजपाका जलपाइगढ़ी जिल्ला सचिव राकेश नन्दीले पनि विकासलाई प्राथमिकता दिएको बताए।

उल्लेखनीय छ, ओदलाबाड़ी ग्राम पञ्चायतमा लामो समयदेखि प्रधान र उपप्रधानको पद खाली भएकोले सड़क मरम्मती, फोहोर प्रबन्धन, खानेपानी आपूर्ति तथा आवासीय प्रमाणपत्र जारी गर्ने जस्ता नागरिक सेवाहरू प्रभावित भइरहेका छन्। अब नयाँ बोर्ड गठन भएपछि स्थानीयहरूले यी सेवा फेरि सामान्य हुने अपेक्षा गरेका छन्। बोर्ड गठनको क्रममा कुनै पनि गड़बड़ी हुन नदिन मालबजार पुलिस चौकी र केन्द्रिय फौजले कड़ा सुरक्षा व्यवस्था गरेका थिए।

जापान मास्टर्सको क्वार्टरफाइनलमा किदाम्बी श्रीकान्त पराजित

कुमामोतो, १३ नोभेम्बर (हिस): भारतका अनुभवी ब्याडमिन्टन खेलाड़ी किदाम्बी श्रीकान्तको जापान मास्टर्समा यात्रा शुक्रवार क्वार्टरफाइनलमै समाप्त भएको छ। उनलाई जापानका कोकी वतनबेले २२-२४, १५-२१ को सोझो सेटमा पराजित गरे। खेल ४१ मिनेटसम्म चलेको थियो। पहिलो सेट निकै रोमाञ्चक रह्यो। दुवै खेलाड़ीबीच २० अङ्कपछि पनि कड़ा प्रतिस्पर्धा जारी रह्यो। घरेलु दर्शकको समर्थनमा खेलिरहेका वतनबेले दबाउपूर्ण क्षणमा उत्कृष्ट प्रदर्शन गर्दै पहिलो सेट २४-२२ ले आफ्नो पक्षमा पारे। दोस्रो सेटमा श्रीकान्तले उत्कृष्ट शुरुआत गर्दै मध्यान्तरसम्म ११-५ को अग्रता बनाएका थिए। त्यसपछि पनि उनी १४-९ ले अघाड़ि थिए। तर वतनबेले उत्कृष्ट पुनरागमन गर्दै लगातार प्रभावशाली खेल प्रदर्शन गरे। १४-९ ले पछाड़ि रहेका उनले त्यसपछिका १३ मध्ये १२ अङ्क जित्दै दोस्रो सेट २१-१५ ले आफ्नो नाममा गरे। यससँगै उनले सोझो सेटमा जित हासिल गर्दै सेमिफाइनलमा स्थान सुरक्षित गरे। पराजयका बाबवजुद श्रीकान्तका लागि प्रतियोगिता समग्रमा राम्रो रह्यो। यसअघि उनले पाँचौँ वरीयताका तथा घरेलु दर्शकका प्रिय खेलाड़ी कोडाई नाराओकालाई पाँचौँ पटकको प्रतिस्पर्धामा पहिलोपटक पराजित गरेका थिए। श्रीकान्तले नाराओकालाई २१-१५, ११-२१, २१-१८ ले हराएका थिए। दोस्रो सेटमा ठूलो अन्तरले पराजित भए पनि उनले निर्णायक सेटमा पुनरागमन गर्दै जित हासिल गरेका थिए।

राज्यपालले दिए बाल दिवसको...

शिक्षा, खेलकुद, कला, संस्कृति र पर्यावरण संरक्षणसहित विभिन्न क्षेत्रमा राम्रो प्रदर्शन गर्दै तथा आफ्नो प्रतिभा र उपलब्धिले प्रदेशको गौरव बढ़ाउँदै छन्, जुन अत्यन्त प्रसन्नताको विषय हो''-उनले आफ्नो सन्देशमा भने, ''यस अवसरमा म हाम्रा सबै नानीले सदैव स्वस्थ, प्रसन्न, सुरक्षित र ऊर्जावान रहुन् भनी प्रार्थना गर्दछु। उनीहरूले आफ्नो सपना एवं लक्ष्य साकार गर्दै सिक्किम तथा राष्ट्रका प्रगति र विकासमा आफ्नो अमूल्य योगदान दिउन् भनी कामना गर्दछु।''

मुख्यमन्त्रीले ब्याडमिन्टन एसोसिएशन...

बढ़्दो खेलकुद क्षमतालाई राष्ट्रियस्तरमा प्रस्तुत गर्ने, युवा ब्याडमिन्टन खेलाड़ीहरूलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर प्रदान गर्ने तथा खेलकुद प्रवर्द्धन र उदीयमान खेलाड़ीहरूको विकासप्रतिको प्रतिबद्धतालाई थप सुदृढ़ बनाउने उनले उल्लेख गरेका छन्।

मुख्यमन्त्री गोलेले प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न तयारीमा जुटेका ब्याडमिन्टन एसोसिएशन अफ् सिक्किमका पदाधिकारी तथा सम्पूर्ण सम्बन्धित व्यक्तिहरूलाई शुभकामना व्यक्त गर्दै प्रतियोगिता स्मरणीय र भव्य सफलताको रूपमा सम्पन्न हुने विश्वास व्यक्त गरेका छन्।

मेरो रूख मेरो सन्तति योजनाअन्तर्गत...

कुल १५२२ जनाले पञ्जीकरण गरेका छन्, जसमध्ये ८६७ जनाले बिरुवा रोप्न गरेका छन् र ६५५ जनाले बिरुवा रोप्न बाँकी छ। सोरेङ जिल्लामा १४४४ जनाले पञ्जीकरण गरेका छन्, तीमध्ये १२९४ जनाले बिरुवा रोप्न गरेका छन् भने १५० जनाले बिरुवा रोपन बाँकी छ। गेजिङ जिल्लामा १३९८ जनाले पञ्जीकरण गरेका छन्। तीमध्ये १०५८ जनाले बिरुवा रोपेका छन् भने ३४० जनाले बिरुवा रोपन गर्न बाँकी छ। गेजिङ जिल्लामा १३९८ जनाले पञ्जीकरण गरेका छन्। तीमध्ये १०५८ जनाले बिरुवा रोपेका छन् भने ३४० जनाले बिरुवा रोपन बाँकी छ। मङ्गन जिल्लामा ६७२ जनाले पञ्जीकरण गरेका छन्। तीमध्ये ५७१ जनाले बिरुवा रोपन गरेका छन् र १०१ जनाले बिरुवा रोपन बाँकी छ।

जीटीए र दार्जीलिङ नगरपालिकामा...

हाम्रा अपेक्षा पूरा भएनन् भने हामी आफ्नो अडानबारे पुनर्विचार गर्नेछौँ''-रोकाले भनिन्।

भ्रष्टाचारका आरोप अतिरिक्त मोर्चाको प्रतिनिधिमण्डलले विशेष गहन पुनरीक्षण प्रक्रियामा मतदाताहरूको नाम हटाइएको विषय र पहाड़ी नगरपालिकाहरूको निर्वाचनको मुद्दा पनि उठायो।

''पहाड़ी क्षेत्रका लाखौँ योग्य मतदाताहरूको नाम हटाइएको छ। हामीले खरसाङ, कालेबुङ र मिरिकका नगर निकायहरूको निर्वाचन, हटाइएका मतदाताहरूको नाम पुनः समावेश गरिएपछि मात्र गरिनुपर्ने माग राखेका छौँ''-रोकाले भनिन्। मोर्चाले आगामी १७ नोभेम्बरमा जीटीएका मुख्य सचिवलाई भेटेर छानबिनको मागसहितको ज्ञापनपत्र बुझाउने निर्णय पनि गरेको छ।

डेमोक्र्याटले के गर्न सक्छ र...

इरानसँगको युद्धमा अमेरिकी संलग्नता सीमित गर्न रिपब्लिकन र डेमोक्र्याट सांसदहरूले केही द्विदलीय प्रयास गरेका थिए। केही प्रस्ताव प्रतिनिधिसभा वा सिनेटबाट पारित भए पनि तिनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कंग्रेस सफल भएको थिएन। विशेषगरी जुन महिनामा प्रतिनिधिसभा र सिनेट दुवैले इरानसँगको सैन्य द्वन्द्व रोक्नेसम्बन्धी प्रस्ताव पारित गरेका थिए। उक्त प्रस्तावलाई राष्ट्रपतिले भिटो गर्न नसक्ने भए पनि ट्रम्प प्रशासनले त्यसलाई व्यवहारमा बेवास्ता गरेको थियो। ह्वाइट हाउसले इरानसँगको युद्ध जारी राख्ने विषयमा राष्ट्रपतिसँग व्यापक अधिकार रहेको दाबी गर्दै आएको छ। तर कंग्रेसले राष्ट्रपतिलाई युद्ध रोक्न बाध्य पार्न सक्छ कि सक्दैन भन्ने विषय अझै कानुनी बहसकै क्रममा रहेको छ। कंग्रेसले यस विषयलाई अदालतसम्म पुऱ्याएर राष्ट्रपतिको अधिकारको सीमा स्पष्ट पार्न दबाब दिन सक्छ।

ट्रम्पविरोधी मत मात्रै पर्याप्त नहुने चेतावनी

डेमोक्र्याटहरूको जितमा ट्रम्पप्रतिको असन्तुष्टिले महत्त्वपूर्ण भूमिका खेलेको नेताहरूले स्वीकार गरेका छन्। तर ट्रम्पविरोधी मतलाई मात्रै आफ्नो राजनीतिक सफलताको आधार बनाउन नसकिने उनीहरूको भनाइ छ। सिनेटर कुन्सले बीबीसीसँग भने, ''यो निर्वाचन मुख्य रूपमा डोनाल्ड ट्रम्प, उनको एजेन्डा र नीतिहरूको अस्वीकृति हो।'' उनले पार्टीभित्र अत्यधिक विवाद र आन्तरिक सङ्घर्ष बढ़ेमा प्राप्त अवसर गुम्न सक्ने चेतावनी पनि दिएका छन्।

निर्वाचनअघि सार्वजनिक ग्यालप सर्वेक्षणअनुसार अक्टोबरमा अमेरिकी मतदाता मध्ये केवल १४ प्रतिशतले कंग्रेसका सांसदहरूको कामप्रति सन्तुष्टि व्यक्त गरेका थिए। त्यसैले आगामी जनवरीदेखि कंग्रेसको नेतृत्व सम्हाल्ने डेमोक्र्याटहरूका लागि जनताको अपेक्षा पूरा गर्नु र राजनीतिक ध्रुवीकरणबीच सहमति कायम गर्नु मुख्य चुनौती हुनेछ। समग्रमा, कंग्रेसका दुवै सदनमा बहुमत हासिल गरेसँगै डेमोक्र्याटहरूले ट्रम्प प्रशासनमाथि अनुसन्धान, निगरानी र नियुक्ति प्रक्रियामा अवरोध गर्ने महत्त्वपूर्ण अधिकार प्राप्त गरेका छन्। तर राष्ट्रपतिको भिटो अधिकार, रिपब्लिकनहरूको सम्भावित असहयोग र आफ्नै पार्टीभित्रका मतभेदका कारण उनीहरूले चुनावी प्रतिबद्धताअनुसार कानुन निर्माण र नीति कार्यान्वयन गर्न भने कठिन सङ्घर्ष गर्नुपर्नेछ।

हिमपातका कारण फसेका ९०० भन्दा अधिक स्थानीयवासी तथा पर्यटकहरूको उद्धार

गान्तोक, १३ नोभेम्बर (हिस): पूर्व सिक्किमका उच्च उँचाइ क्षेत्रहरूमा भएको भारी हिमपात र अत्यधिक चिसोका कारण फसेका ९०० भन्दा अधिक स्थानीयवासी तथा पर्यटकहरूलाई भारतीय सेनाको त्रिशक्ति कोरका जवानहरूले सुरक्षित उद्धार गरेका छन्। उक्त जानकारी त्रिशक्ति कोरले आज सामाजिक सञ्जाल एक्स पोस्टमा साझा गरेको छ। जानकारी अनुसार, भारी हिमपात र अत्यधिक चिसोका कारण फसेका पर्यटकहरूका २५० वटासहित ३०० भन्दा अधिक सवारीसाधनलाई सुरक्षित रूपमा आवतजावत गराइएको छ। उद्धार गरिएका व्यक्तिहरूलाई भारतीय सेनाका शिविरहरूमा चिकित्सकीय सहायता, न्यानो आश्रयस्थल तथा भोजनको व्यवस्था गरिएको थियो।

भारतीय सेनाका अनुसार, यस उद्धार अभियानले सेना र आम नागरिकबीचको आत्मीय सम्बन्ध तथा नागरिकहरूको सुरक्षाप्रति सेनाको अटल प्रतिबिम्बित गरेको छ।

जिल्ला चुनाउ अधिकारीद्वारा पाकिममा मतदाता नामावलीको विशेष सारांश पुनरीक्षणको तयारीको समीक्षा

पाकिम, १३ नोभेम्बर (हिस): पाकिमकी जिल्ला निर्वाचन अधिकारी एवं जिल्लापाल परी बिस्नोईले शुक्रवार जिल्ला प्रशासनिक केन्द्रको सभाकक्षमा मान्यताप्राप्त राष्ट्रिय तथा राज्यस्तरीय राजनीतिक दलका प्रतिनिधिहरूसँग बैठक आयोजन गरी २०२७ को मतदाता नामावली विशेष सारांश पुनरीक्षण (एसएसआर) सम्बन्धमा चर्चा गरिन्। उक्त पुनरीक्षणका लागि १ जनवरी, २०२७ लाई आधार मिति निर्धारण गरिएको छ।



बैठकमा जिल्ला चुनाउले एसएसआरका उद्देश्य तथा प्रमुख प्रावधानहरूबारे सहभागीहरूलाई जानकारी गराइन्। यसअन्तर्गत मतदान केन्द्रहरूको पुनर्संयोजन, मतदाताहरूको प्रमाणीकरण तथा निर्वाचनसम्बन्धी अभिलेख अद्यावधिक गर्ने विषय समावेश रहेको उनले बताइन्। विद्यमान मतदान केन्द्रको व्यवस्थामा कुनै परिवर्तन वा संशोधन आवश्यक भए सम्बन्धित राजनीतिक दलहरूले आ-आफ्नो निर्वाचन क्षेत्रका निर्वाचन नामावली पञ्जीकरण अधिकारी (ईआरओ) समक्ष प्रस्ताव पेश गर्न सक्ने उनले जानकारी गराइन्।

उनले प्रारम्भिक मतदाता नामावली ३० नोभेम्बर, २०२६ मा प्रकाशित गरिने जानकारी दिँदै दाबी तथा आपत्ति पेस गर्ने समयतालिका, तिनको निरूपण र अन्तिम मतदाता नामावली प्रकाशनसम्बन्धी कार्यक्रमबारे पनि सहभागीहरूलाई अवगत गराइन्।

यसैगरी, पुनरीक्षण प्रक्रियालाई सहज र प्रभावकारी बनाउन सबै निर्वाचन नामावली पञ्जीकरण अधिकारी (ईआरओ), सहायक निर्वाचन नामावली पञ्जीकरण अधिकारी (एईआरओ) तथा मतदान केन्द्रस्तरीय अधिकारी (बीएलओ)-हरूलाई आवश्यक पूर्वतयारीका कार्यहरू अघि बढ़ाउन उनले निर्देशन दिइन्।यसअन्तर्गत मतदान केन्द्रहरूको स्थलगत प्रमाणीकरण तथा पुनर्संयोजन, मतदाता तथ्याङ्कको विश्लेषण, मृतक मतदाताहरूको प्रमाणीकरण, सहायता कक्ष स्थापना तथा ईसीआईनेट ड्यासबोर्डको नियमित अनुगमनलगायतका कार्यहरू समेल छन्। एसएसआरको समयतालिका, प्रक्रिया तथा दिशानिर्देशबारे जानकारी गराउन सबै मान्यताप्राप्त राजनीतिक दलका प्रतिनिधिहरूसँग नियमित बैठक आयोजना गर्नुपर्ने आवश्यकतामा पनि उनले जोड़ दिइन्। मतदाता नामाङ्कनको महत्त्वमाथि प्रकाश पार्दै बिस्नोईले नयाँ मतदाताहरूको पञ्जीकरण प्रक्रियालाई सहज बनाउन सम्बन्धित अधिकारी तथा राजनीतिक दलका प्रतिनिधिहरूलाई आग्रह गरिन्। आवश्यकताअनुसार मतदाता पञ्जीकरण तथा मतदाता नामावलीमा रहेका विवरणसम्बन्धी समस्या समाधान गर्न विशेष शिविर आयोजन गरिने पनि उनले जानकारी गराइन्। उनले मतदाताका रूपमा नाम दर्ता गराउन चाहने नागरिकहरूले निर्धारित नागरिकता मापदण्ड पूरा गर्नुपर्ने तथा प्रचलित दिशानिर्देशअनुसार तोकिएको प्रक्रियामार्फत आवश्यक प्रमाणीकरण पूरा गर्नुपर्ने स्पष्ट पारिन्। सबै योग्य नागरिकको नाम मतदाता नामावलीमा समावेश सुनिश्चित गर्न आग्रह गर्दै जिल्ला निर्वाचन अधिकारी एवं जिल्ला शासकले एसएसआर २०२७ को प्रक्रिया सहज रूपमा सम्पन्न गर्न सबै सरोकारवालालाई समन्वय र सहकार्यका साथ अघि बढ्न आह्वान गरिन्।

नाम्ची कलेज, गेजिङ कलेज र देन्ताम भोकेशनल कलेजको एसआरसी चुनाउ सम्पन्न

नाम्ची/सोरेङ, १३ नोभेम्बर: नाम्चीस्थित सिक्किम सरकारी महाविद्यालयले शुक्रवार आफ्नो विद्यार्थी प्रतिनिधि परिषद् (एसआरसी) चुनाउ २०२६ सफलतापूर्वक सम्पन्न गरेको छ। कुल १,८९८ विद्यार्थी मतदातामध्ये ४१.८ प्रतिशतले यस चुनाउमा मतदान गरेका थिए।



राजनीतिशास्त्र विभागका निखिल छेत्री ४६० मत प्राप्त गरी एसआरसी अध्यक्षमा निर्वाचित भए। इतिहास विभागका प्रतीक मगर महासचिव पदमा विजयी भए भने अङ्ग्रेजी विभागकी इस्नेहा राई कोषाध्यक्षमा निर्वाचित भइन्। यसका साथै विभिन्न सेमेस्टरका कक्षा प्रतिनिधिहरू पनि चयन गरिएका छन्।

मुख्य निर्वाचन समितिको रेखदेखमा १० वटा मतदान केन्द्रमा चुनाउ सम्पन्न भएको थियो, जसमा रोयल राई र डा. कमल पौड्यालले क्रमशः चुनाउ आयुक्त १ र २ को भूमिका निर्वाह गरेका थिए।

मतदान प्रक्रियाको अनुगमन बाह्य पर्यवेक्षकहरूद्वारा गरिएको थियो, जसमा नाम्चीका एसडीएम निम पिन्त्रो भोटिया, शिक्षा विभागका सहायक निर्देशक तिलक छेत्री र नाम्ची पुलिस चौकीका सब-इन्स्पेक्टर सिद्धार्थ सुब्बा सामेल थिए। सुरक्षा व्यवस्था कायम राख्न र निर्वाचनलाई सुव्यवस्थित रूपमा सम्पन्न गर्न करिब २५ जना पुलिसकर्मी खटाइएको थियो।

नवनिर्वाचित अध्यक्ष निखिल छेत्रीलाई शपथ ग्रहण गराएसँगै चुनाउ प्रक्रिया सम्पन्न भयो, जसले नयाँ एसआरसीको कार्यकाल औपचारिक रूपमा शुरु भएको छ।

यसैगरी गेजिङको आरिगाउँस्थित सञ्चामन लिम्बू सरकारी महाविद्यालयले विद्यार्थी प्रतिनिधि परिषद्को चुनाउ सम्पन्न गर्यो। कलेज चुनाउ आयोगमा अध्यक्ष, महासचिव, कोषाध्यक्ष र कक्षा प्रतिनिधिलगायत विभिन्न पदका लागि १८ जना उम्मेदवारहरूले मनोनयन दर्ता गराएका थिए।

मतदान प्रक्रिया शुक्रवार बिहान ८:०० बजी शुरु भई दिउँसो १:०० बजी सम्पन्न भयो। सोही दिन अपराह्न २:०० बजीदेखि ४:०० बजीसम्म मतगणना कार्य सञ्चालन गरियो। निर्वाचन प्रक्रियाको निरीक्षण गर्न गेजिङ पुलिस चौकीका एसआई टीबी शङ्कर र शिक्षा विभागका सहायक निर्देशक दीपेन्द्र शर्मा कलेजमा उपस्थित थिए। मुख्य चुनाउ आयुक्त डा. विकास कार्की र उनको टोलीको नेतृत्वमा चुनाउ सुव्यवस्थित रूपमा सम्पन्न भयो।

अन्तिम नतिजा घोषणासँगै शपथ ग्रहण समारोह पनि सम्पन्न भयो। २०२६ का लागि निर्वाचित विद्यार्थी परिषद्का प्रतिनिधिहरूमा बङ्गामिन लिम्बू- अध्यक्ष, नुनम लिम्बू- उपाध्यक्ष, निकित पौडेल- महासचिव, दिनेश शर्मा- कोषाध्यक्ष, अर्बिना सुब्बा- सांस्कृतिक सचिव, विजय विश्वकर्मा- खेलकुद सचिव, दिप्सन छेत्री- साहित्यिक सचिव, भानु छेत्री- कक्षा प्रतिनिधि (बीए तेस्रो सेमेस्टर) - निर्विरोध र रोहित राई- कक्षा प्रतिनिधि (बीकम तेस्रो सेमेस्टर) - निर्विरोध रहेका छन्।

अर्कोतिर, पश्चिम सिक्किमको देन्तामस्थित सिक्किम सरकारी भोकेशनल कलेजमा शुक्रवार विद्यार्थी प्रतिनिधि परिषद् (एसआरसी) चुनाउ सफलतापूर्वक सम्पन्न भएको छ। यो प्रक्रिया सिक्किम सरकारको शिक्षा विभाग (उच्च शिक्षा)-द्वारा निर्धारित निर्देशिकाअनुसार सुव्यवस्थित रूपमा सञ्चालन गरिएको थियो।

सबै प्रतिनिधि श्रेणीहरूका लागि बिहान ८:०० बजी मतदान शुरु भयो। मतदान प्रक्रिया सुचारु रूपमा अघि बढ्यो र दिउँसो १:०० बजी सम्पन्न भयो। अपराह्न २:०० बजी मतगणना शुरु भएर अपराह्न ३:०० बजी आधिकारिक रूपमा अन्तिम परिणाम घोषणा गरियो।

शैक्षिक सत्र २०२६ का लागि कुल १२७ जना विद्यार्थी मतदाताहरू सूचीकृत थिए, जसमध्ये करिब ७४.७ प्रतिशत मतदाताहरू निर्वाचनमा सहभागी भए। सहभागी मतदाताहरूमध्ये ४४.८८ प्रतिशत पुरुष र ५५.२१ प्रतिशत महिला थिए।

निर्वाचनसम्बन्धी शिकायतहरूको सम्बोधन गर्न शिकायत निवारण कक्ष गठन गरिएको छ, जसमा विद्यार्थी मामिला डीन र उपप्राचार्य समावेश छन्। एसआरसी चुनाउ २०२६ का सन्दर्भमा कुनै पनि गुनासा वा उजुरी प्राप्त भएको छैन।

सिक्किम सरकारी भोकेशनल कलेज, देन्तामको विद्यार्थी प्रतिनिधि परिषद् चुनाउ २०२६ मा जकाई राई अध्यक्ष, अर्जुन छेत्री, महासचिव, गोपाल सार्की, कोषाध्यक्ष, रञ्जना छेत्री, उपाध्यक्ष, आराधना मगर, सांस्कृतिक सचिव, मनीष सुब्बा, खेलकुद सचिव, एलिना दर्जी, साहित्यिक सचिव, मनीषा सुब्बा, कक्षा प्रतिनिधि - पर्यटन (पाँचौँ सेमेस्टर), ग्याल्छेन लेप्चा, कक्षा प्रतिनिधि - पर्यटन (तेस्रो सेमेस्टर), आयेश्रा शेर्पा, कक्षा प्रतिनिधि - खुद्रा व्यवस्थापन, रजिना गुरुङ, कक्षा प्रतिनिधि - सफ्टवेयर विकास (तेस्रो सेमेस्टर), इन्दु दर्जी, कक्षा प्रतिनिधि - खुद्रा व्यवस्थापन (पहिलो सेमेस्टर) निर्वाचित भएका छन्।


मङ्सारीमा पुनर्निर्मित घरको विधायक आदित्य गोलेद्वारा उद्घाटन



सोरेङ, १३ नोभेम्बर: २१ जनवरी, २०२६ मा मङ्सारीमा ग्यास सिलिण्डर विस्फोटका कारण क्षतिग्रस्त भएको शीला छेत्रीको घर पुनर्निर्माण कार्य सम्पन्न भएपछि शुक्रवार सोरेङ-च्याखुङ क्षेत्रका विधायक आदित्य गोलेका बाहुलीबाट नवनिर्मित घरको औपचारिक उद्घाटन गरिएको छ। उक्त दुर्घटनाबाट प्रभावित शीला छेत्रीको परिवारलाई पुनः सुरक्षित आवास उपलब्ध गराउन विधायक आदित्य गोलेले व्यक्तिगत रूपमा आर्थिक सहयोग प्रदान गरेका थिए। उनको सहयोग तथा पहलमा घर पुनर्निर्माण कार्य सम्पन्न भएको हो। पुनर्निर्माण कार्यमा मङ्सारी-मगरजोङ ग्राम पञ्चायत एकाइबाट पनि सहयोग प्राप्त भएको थियो। यसका साथै विभिन्न सामाजिक सङ्घसंस्था तथा स्थानीय समाजका सदस्यहरूले आफ्नो क्षमताअनुसार आर्थिक सहयोग प्रदान गरेका थिए।

समाजसेवी वीरु छेत्रीले पनि पीड़ित परिवारलाई सहयोग गरेका थिए। घर उद्घाटन कार्यक्रममा समष्टि अध्यक्ष भानु सुब्बा, मुख्यमन्त्रीका सीए आशमान सुब्बा, विधायकका निजी सहायक दिनाक पाण्डे, महासचिव छोजाङ भोटिया, दावा तामाङ तथा मङ्सारी मगरजोङ ग्राम पञ्चायत एकाइका पञ्चायत सभापति र पञ्चायत सदस्य, पार्टीका विभिन्न ओहोदामा कार्यरत कार्यकर्तागणको उपस्थिति रहेको थियो। यसैबीच विधायक आदित्य गोलेले आफ्नो निजी निवासमा सर्वसाधारणसँग भेटघाट गरे। यसैगरी उनले देवनीटार पुगेर शोकाकुल परिवारसँग भेटेर दिवङ्गत आत्माप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनप्रति समवेदना व्यक्त गरेका छन्।

पहिलो हरिप्रसाद 'गोर्खा' राई युवा साहित्य सम्मान २०२६ मिरिकका अजित वियोगीलाई प्रदान गरिने



मिरिक, १३ नोभेम्बर (हिस): पहिलो हरिप्रसाद 'गोर्खा' राई युवा साहित्य सम्मान २०२६ मिरिकका युवा साहित्यकार अजित विश्व 'वियोगी'-लाई प्रदान गरिने भएको छ। चौतारी सामाजिक संस्था, असमले यस वर्षदेखि हरिप्रसाद 'गोर्खा' राई साहित्यिक सम्मान प्रदान गर्ने घोषणा गरेको छ। संस्थाले जारी गरेको प्रेस विज्ञप्तिअनुसार विभिन्न विधामा प्रदान गरिने सम्मानमध्ये पहिलो युवा साहित्य सम्मानका लागि मिरिकका अजित विश्व 'वियोगी' चयन भएका छन्।

पश्चिम बङ्गालको दार्जीलिङ जिल्लाअन्तर्गत मिरिक महकुमाको मिलिकथुङ चियाबारी निवासी वियोगीको पहिलो कविता सङ्ग्रह 'यथार्थभित्र गाउँ' (२०१७)-लाई आधार मानेर उक्त सम्मानका लागि चयन गरिएको हो। नेपाली साहित्य तथा कविताको क्षेत्रमा उनको सिर्जनशीलता र योगदानको कदरस्वरूप यो सम्मान प्रदान गर्न लागिएको संस्थाले जनाएको छ।



सिङ्ताममा हकर लाइसेन्सधारकहरूलाई नयाँ शपिङ कम्प्लेक्समा पसल आवन्टनका लागि प्रस्तावपत्र वितरण

गान्तोक, १३ नोभेम्बर: सिङ्ताम नगर पञ्चायतको आयोजनमा सिङ्तामस्थित नयाँ शपिङ कम्प्लेक्समा पसल आवन्टनका लागि हकर लाइसेन्सधारकहरूलाई प्रस्तावपत्र वितरण गर्ने कार्यक्रम शुक्रवार सम्पन्न भएको छ। कार्यक्रममा क्षेत्र विधायक तथा मन्त्री नरबहादुर दाहाल र शहरी विकास तथा आवास विभाग मन्त्री भोजराज राईको उपस्थिति रहेको थियो।

त्यसैगरी, सिङ्ताम नगर पञ्चायतका अध्यक्ष मुकेश कुमार अग्रवाल, नगर पञ्चायत पदाधिकारी तथा कर्मचारी, विभिन्न विभागका अधिकारी एवं अन्य विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

नयाँ शपिङ कम्प्लेक्समा पसल आवन्टनका लागि प्रस्तावपत्र वितरण गरिनु सिङ्तामको व्यापारिक गतिविधिलाई व्यवस्थित, मर्यादित र व्यवस्थित बजार प्रणालीतर्फ अघि बढ़ाउने दिशामा एउटा महत्त्वपूर्ण उपलब्धि मानिएको छ। यस पहलले लामो समयदेखि आफ्नो जीविकोपार्जनका लागि व्यापारमा संलग्न हकर लाइसेन्सधारकहरूलाई व्यवस्थित व्यापारिक स्थल उपलब्ध गराउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

रिनाक खण्ड प्रशासनिक केन्द्रमा खेत बचाओ अभियान आयोजित



पाकिम, १३ नोभेम्बर: जारी खेत बचाओ अभियान अन्तर्गत, शुक्रवार पाकिम जिल्लाको रिनाकस्थित खण्ड प्रशासनिक केन्द्र (बीएसी)-मा एक सचेतना तथा पहुँच विस्तार कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो। दिगो कृषि अभ्यासलाई प्रवर्द्धन गर्ने र किसान-केन्द्रित विभिन्न सरकारी पहलबारे जागरूकता फैलाउने उद्देश्यले कृषि विभाग र बागवानी विभागको सहकार्यमा यो कार्यक्रम आयोजन गरिएको थियो। कार्यक्रममा जिल्ला पञ्चायत सदस्य बबिता गदाइली, तारपिन पञ्चायत उपाध्यक्ष पीके छेत्री, ग्रामीण विकास विभाग (आरडीडी)-का सहायक निर्देशक, रिनाकका कृषि विकास अधिकारी (एडीओ), रिनाकका बागवानी विकास अधिकारी (एचडीओ), कृषि निरीक्षक, फिल्ड कर्मचारी र सहभागी किसानहरूको उपस्थिति रहेको थियो।

कार्यक्रमको क्रममा विशेषज्ञहरूले माटोको स्वास्थ्य तथा उर्वरता प्रबन्धन, एकीकृत पोषक तत्त्व प्रबन्धन (आईएनएम) र किसान क्रेडिट कार्ड (केसीसी) योजनाजस्ता महत्त्वपूर्ण विषयहरूमा किसानहरूलाई जानकारी गराए। सत्रहरूमा माटोको स्वास्थ्य कायम राख्ने, पोषक तत्त्वहरूको सन्तुलित र विवेकपूर्ण प्रयोग गर्ने, माटोको उर्वरता बढ़ाउने तथा कृषि गतिविधिहरूलाई सहयोग पुऱ्याउन संस्थागत ऋण सुविधा प्राप्त गर्ने महत्त्वबारे प्रकाश पारियो।

यस कार्यक्रमको उद्देश्य वैज्ञानिक कृषि अभ्यासहरूबारे किसानहरूको बुझाइलाई सुदृढ़ पार्नु, दिगो स्रोत व्यवस्थापनलाई प्रोत्साहन गर्नु र विभिन्न सरकारी योजना तथा सुविधामा किसानहरूको पहुँच सहज बनाउनु थियो। निर्वाचित प्रतिनिधि, विभागीय अधिकारी, फिल्ड कर्मचारी र किसानहरूको सक्रिय सहभागिताले कृषि क्षेत्रलाई मजबुत बनाउन विभिन्न विभागहरूबीचको समन्वय र सामूहिक प्रयासको महत्त्वलाई झल्काउँछ।

यस पहलमार्फत, कृषि र बागवानी विभागले दिगो कृषिलाई प्रवर्द्धन गर्न, खेतबारीको संरक्षण गर्न र पाकिम जिल्लाका कृषक समुदायलाई सशक्त बनाउने आफ्नो प्रतिबद्धतालाई पुष्टि गरेका छन्।

प्रतिबिम्ब इसाई चलचित्रको आधिकारिक पोस्टर सार्वजनिक



गान्तोक, ३ नोभेम्बर: प्रतिबिम्ब इसाई चलचित्रको आधिकारिक पोस्टर शुक्रवार विधिवत् रूपमा सार्वजनिक गरिएको छ। मुख्यमन्त्रीका राजनीतिक सचिव जेकब खालिङका बहुलीबाट चलचित्रको पोस्टर औपचारिक रूपमा सार्वजनिक गरिएको हो।

आयोजकका अनुसार आगामी २९ नोभेम्बरको दिन चलचित्रको विशेष प्रिमियर शो आयोजन गर्ने तयारी भइरहेको छ। यस विषयमा आवश्यक चर्चा भएको जानकारी दिइएको छ।

सम्पूर्ण इसाई समुदायको कथा, जीवनशैली, सङ्घर्ष र अनुभवलाई समेट्दै सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यले यस चलचित्र निर्माण गरिएको बताइएको छ। चलचित्रले इसाई समुदायको सामाजिक तथा सांस्कृतिक पक्षलाई उजागर गर्दै समाजमा सकारात्मक भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ। यसै उद्देश्यका साथ आज चलचित्रको आधिकारिक पोस्टर सार्वजनिक गरिएको हो।

सिङ्ताम वरिष्ठ माध्यमिक विद्यालयमा रक्तअल्पता परीक्षण शिविर सम्पन्न

गान्तोक, १३ नोभेम्बर (हि.स.): महिला, बाल, ज्येष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभागको पोषण प्रभागद्वारा सिङ्ताम वरिष्ठ माध्यमिक विद्यालयमा आयोजित जिल्लास्तरीय रक्तअल्पता परीक्षण शिविर शुक्रवार सम्पन्न भएको छ।

विद्यार्थीहरूमा हेमोग्लोबिनको कमी पहिचान गरी समयमै आवश्यक उपचार तथा हस्तक्षेप सुनिश्चित गर्ने उद्देश्यले राज्यका विभिन्न जिल्लामा यो अभियान सञ्चालन गरिएको थियो।

१५० विद्यार्थीको परीक्षण, १० जनामा रक्तअल्पता पुष्टि

आज सम्पन्न शिविरको नेतृत्व सहायक निर्देशक सुनीता थापाले गरेकी थिइन्।

शिविरमा विभागका पोषण शिक्षाविद्, सिङ्ताम जिल्ला अस्पतालका स्वास्थ्यकर्मी तथा नजिकैका आँगनवाड़ी केन्द्रका कार्यकर्ताहरू सहभागी थिए। शिविरमा कुल १५० जना विद्यार्थीको हेमोग्लोबिन परीक्षण गरिएको थियो। परीक्षणका क्रममा १० जना विद्यार्थीमा रक्तअल्पता देखिएको छ।

जिल्लास्तरमा विभिन्न विद्यालयका करिब १,५०० जना विद्यार्थीको परीक्षण गर्दा १०० जनामा हेमोग्लोबिनको मात्रा कम रहेको पाइएको विभागले जनाएको छ।

यस अभियानअन्तर्गत विद्यार्थीहरूलाई पौष्टिक खाद्य सामग्रीका उपहार प्याकेटसमेत वितरण गरिएको थियो। हेमोग्लोबिनको मात्रा कम देखिएका विद्यार्थीहरूलाई उचित हेरचाह तथा आवश्यक उपचार उपलब्ध गराउन थप अनुगमन र आवश्यक पहल गरिने विभागले जनाएको छ।

टिस्टा फेस्ट: खरसाङमा राइजिङ स्टार गायन प्रतियोगिताको अडिशन

खरसाङ, १३ नोभेम्बर (हि.स.): दार्जीलिङ पुलिसको आयोजनमा सञ्चालन भइरहेको टिस्टा फेस्टअन्तर्गत शुक्रवार खरसाङमा राइजिङ स्टार गायन प्रतियोगिताको अडिशन सम्पन्न भएको छ।खरसाङको नयाँ बजारस्थित टाउन सार्वजनिक भवनमा आयोजित अडिशनमा खरसाङ पुलिस थाना क्षेत्रअन्तर्गत पर्ने विभिन्न स्थानका युवा कलाकारहरूले सहभागिता जनाएका थिए। अडिशनमा सङ्गीतकार विकाससिंह लोहार, महेश्वर लामा र रूपेश रसाइली निर्णायकका रूपमा उपस्थित थिए। खरसाङमा १३ र १४ नोभेम्बर गरी दुई दिन अडिशन आयोजन गरिनेछ। खरसाङबाट छनोट भएका दुईजना प्रतियोगीलाई मात्र दार्जीलिङ पठाइने जानकारी प्राप्त भएको छ। यसैगरी, टिस्टा फेस्टअन्तर्गत खरसाङको नयाँ बजारस्थित डब्ल्यूबीएनभीएफ खेल मैदानमा फुटबल खेल पनि सञ्चालन भइरहेका छन्। खरसाङमा आयोजित राइजिङ स्टार अडिशनबारे पत्रकारहरूसँग कुराकानी गर्दै खरसाङका महकुमा पुलिस अधिकारी (एसडीपीओ) हरदीपले दार्जीलिङ पुलिस तथा प्रशासनको आयोजनमा टिस्टा फेस्ट सञ्चालन भइरहेको जानकारी दिए। उनका अनुसार, पहाड़का युवाहरूलाई आफ्नो प्रतिभाअनुसार मञ्च प्रदान गर्नुका साथै पुलिस र जनताबीचको सम्बन्धलाई अझ प्रगाढ़ बनाउनु यस महोत्सवको मुख्य उद्देश्य रहेको छ। उनले यसैअन्तर्गत १३ र १४ नोभेम्बरमा राइजिङ स्टार गायन प्रतियोगिताको अडिशन सञ्चालन भइरहेको बताए।

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँड़ागाउँ, तादोङ, गान्तोक-737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक-737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादक: राजेन्द्र प्रधान, सम्पादक: श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्स: 231265। ईमेल: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386